
# जलउपयोग गुरुयोजना २०८१



## मष्टा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## भातेखोला, बझाङ।

## प्राक्कथन

नेपालको संविधान २०७२ मा भाग-३, मौलिक हकः धारा ३५ को स्वास्थ्य सम्बन्धी हक र धारा ५१ को राज्यका नीतिहरुमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक र जनसभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलश्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलश्रोत विकास र वातावरण तथा पर्यावरणको दीगो विकास गर्न एकीकृत जलश्रोत व्यवस्थापनको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ।

यहि क्षेत्राधिकारको प्रयोग गरि मष्टा गाउँपालिकाले पनि आफ्नो भौगोलिक सिमानाभित्र रहेको जलश्रोतको एकीकृत विकास गर्दै जल, जंगल र जमिनको एकीकृत विकासका लागि जलउपयोग गुरुयोजना निर्माण गरेको छ । जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) र अध्ययन अनुसन्धानका आधुनिक विधि र प्रक्रियाको पालना गरि समावेशी र सहभागितामूलक तरिकाले यो जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवाधरणा भनेको जलश्रोतको को न्यायोचित, किफायती तथा दिगो उपयोग मार्फत समृद्ध गाउँपालिका बनाउन योगदान पुर्याउनु हो। सहभागितात्मक एवं समावेशी बिधि अपनाउदै जलश्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुर्‍याउनु पनि यसको अर्को महत्वपूर्ण उद्देश्य हो।

जलउपयोग गुरुयोजनाले खाश कुनै आयोजना वा जलश्रोत क्षेत्र (खानेपानी र सिंचाइ) मात्र नहेरी स्थानीय रुपमा उपलब्ध समग्र जलश्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीको माग र यसको समुचित प्रयोग र सम्भाव्य उपयोगलाई शुक्ष्म विश्लेषण गर्ने हुनाले गुरुयोजना निर्माणको आवश्यकता सबै स्थानीय निकायका लागि भएको हो । मष्टा गाउँपालिका भौगोलिक रुपमा पहाड/पहाडी भू-भाग भएको कारणले यहाँ खोला तथा नदीको पानी बाहेक अन्य सबै मूल, मुहान/खोला मात्रै भएको हुँदा यहाँका नागरिकहरु खानेपानीका लागि मूल/मुहान तथा खोलामै निर्भर रहेको देखिन्छ । यसका अलावा जलउपयोग गुरुयोजनाले जलवायु परिवर्तन, वातावरण पर्यावरणका सवालहरुलाई पनि समेटेको छ ।

जलउपयोग गुरुयोजना स्थानीय सरकारकै नेतृत्व तथा समुदायको प्रत्यक्ष सहभागितामा तयार हुने हुँदा यसको सफल र प्रभावकारी कार्यान्वयनको मुख्य जिम्मेवारी पनि स्थानीय सरकार र समुदायकै रहन्छ । त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरुको कार्यान्वयन गरि नेपाल सरकारको दिगोविकास लक्ष्य हासिल गर्न योगदान पुर्‍याउने तथा जलश्रोतको न्यायोचित र बहुउपयोग मार्फत समृद्ध गाउँपालिका बनाउन समेत स्थानीय सरकार र समुदायकै महत्वपूर्ण भूमिका रहन्छ ।

मष्टा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भातेखोला, बझाङ्ग

## धन्यवाद ज्ञापन



नेपालको संविधान २०७२ एवं स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार तथा प्रचलितकानूनको परिधि भित्र रही स्थानिय स्रोत साधन एवं संम्पदाहरुको उचीत व्यवस्थापन गर्नेकार्य अन्तरगत आफ्ना क्षेत्रगत योजना निर्माण तथाकार्यान्वियन गर्ने अधिकार भए अनुसार यस मष्टागाउँपालिकाको खानेपानी सरसफाइ र स्वच्छता (WASH) तथ्याङ्क सहितको जलउपयोग गुरुयोजना निर्माणमा विभिन्नचरणहरु सहभागितात्मक र समावेशी योजना तर्जुमाकोमाध्यमबाट सम्पन्न गर्दैगाउँपालिकाको जलउपयोग गुरुयोजना दस्तावेज तयार पार्न सफल भएका छौ। यस गाउँपालिका भित्रका प्रत्येक वडाहरुमा प्राविधिक तथा सामाजिक विश्लेषणको आधारमा तयार पारीएको यस गुरुयोजनाले खानेपानी तथा सरसफाइ, जल उर्जा, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धी योजनाहरुलाई समावेश गरेको छ। पालिकामा रहेका सवै जलश्रोतहरुको पहिचान तथा प्राविधिकमापन समेत गरी त्यसका आधारमा खानेपानी सरसफाइ तथा स्वच्छता, सिंचाइ, जल, उर्जा र वातावरण तथा पर्यावरण जस्ता विविध क्षेत्रका योजनाहरुको तर्जुमा गरी सोको प्रभावकारीकार्यान्यनको लागी सर्वसम्मत प्राथमीकिकरण समेत गरिएको छ । तसर्थ, आगामी दिनहरुमा यो गुरुयोजना गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता, जल, जंगल, जमीन, वातावरण तथा पर्यावरणका क्षेत्रमा योजना निर्माण गर्न र जसका लागी आवश्यक पर्ने श्रोत जुटाउन एउटामार्गदर्शक दस्तावेज बन्नेछ भन्ने हामी आशावादी छौ । यस जलउपयोग गुरुयोजनाको प्रभावकारी कार्यान्वियनका लागी मष्टा गाउँपालिका सधै प्रतिवद्ध रहनेछ । आगामी बिनहरुमा जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा परेका विभिन्न योजनाहरुको सफल कार्यान्वयन गर्न पालिकाको आन्तरीक श्रोत परिचालन संगै, संघीय सरकार, कर्णाली प्रदेश सरकार साथै विभिन्न सम्बन्धित विकास साझेदार संस्थाहरुसंग समन्वय र सहकार्यका लागी म सबैमा अनुरोध गर्दछु।

अन्तमा, यस जलउपयोग गुरुयोजना निर्माण गर्न बस्ती, टोल तथा वडास्तर देखि पालिकास्तर सम्म योजना तर्जुमा, प्राथामिकीकरण देखि लिएर तथ्याङ्क उपलब्ध गराई यस पालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता सहितको जलउपयोग गुरुयोजना जस्तो महत्वपूर्ण दस्तावेज तयार गर्न महत्वपूर्ण भूमीका निर्वाह गर्नुहुने उपभोक्ता समिति, सामाजिक अगुवा निर्वाचित जनप्रतिनिधि ज्यूहरु, विभिन्न राजनितिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु तथा अन्य सम्बन्धित सरोकारवालाहरु लाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु । त्यसै गरियो जलउपयोग गुरुयोजना निर्माण गर्न खटिनु हुने

कर्मचारी, बुद्धिजीवी, समाजसेवि तथा समुदायलाई विशेष धन्यवाद दिन चाहन्छु। यस पालिकाले भविष्यमा संचालन गर्ने खानेपानी सरसफाइ तथा स्वच्छता, जलउर्जा, वातावरण तथा पर्यावरणसंग सम्वन्धीत योजनाहरु यसै गुरुयोजनाको प्राथमिकता क्रमलाई मुख्य आधार मानेर योजना तर्जुमा गर्ने गराउने प्रतिवद्धता समेत व्यक्त गर्दछु । यो जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागी सहयोग पुर्‍याउनु हुन यस पालिकाका प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण विषयगत शाखाका प्रमुख ज्यूहरु, वडा अध्यक्ष ज्यूहरु, सम्पूर्ण कार्यपालिकाका सदस्य ज्यूहरु र अन्य सम्बन्धित सरोकारवाला सम्पूर्णमा पुनः हार्दिक अपिल गर्दछु।

धन्यवाद
ज्ञान बहादुर बोहरा
अध्यक्ष
मष्टा गाउँपालिका भातेखोला, बझाङ्ग

## दुई शब्द

हाम्रो जस्तो ग्रामिण परिवेषमा रहेको गाउपालिकामा जलउपयोग गुरुयोजना निर्माण गर्न अतिआवश्य विषय पनि हो यस गाउँपालिकामा रहेका जलस्रोत उपयोगको अवस्थालाई हेर्नहो भने मात्रै निकै दयनिय रहेको छ यस्तै दैनिक उपयोगको अवस्थालाई हेर्दा पिउने, खाना पकाउने, सरसफाइ, करेषावारी, वस्तुभाउ पालन जस्ता विविध घरायशी प्रयोजनका लागि पानीको व्यवस्थापन गर्ने कार्य मुख्यतया महिलाहरु कै जिम्मेवारीमा परेको देखिन्छ र यसका लागि उनीहरुले कडा परिश्रम गर्नुका साथै ठूलो समय खर्च गरि रहेका हुन्छन। यो जलउपयोग गुरुयोजनाको कार्यान्ययनयाट परा गाउँपालिकाका सबै घरधुरीको घरआँगन मैं प्रयाप्त पानीको आपुर्ती भई महिलाहरुको यस्तो कार्यबोझ उल्लेखनिय रुपमा घट्ने छ भन्ने मेरो पूर्ण विश्वास छ। एक जना महिला जनप्रतिनिधिको रुपमा यो मेरा लागि ठुलो खुसीको विषय हो। यसका साथै मष्टागाउँपाकिाको गुरुयोजना निमार्ण गरी यस गाउपालिकाको संवृद्धि र दिगो विकासका लागि महत्वपूर्ण दस्तावेजका रुपमा जलउपयोग गुरुयोजना तयार भएको छ । जलउपयोग गुरुयोजना तर्जुमा प्रकृयामा सहभागी हुने यस गाउँपालिकाका आमजनसमुदाय, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न राजनितिक दलका प्रतिनिधिहरु तथा अन्य सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। त्यसै गरि यो जलउपयोग गुरुयोजना तर्जुमाका लागि समग्र रुपमा तथ्यांक संकलन अन्य प्राविधिक कार्यमा सहयोग गर्ने सम्पूर्ण मष्टा गाउँपालिका परिवारलाई विशेष धन्यावाद दिन चाहन्छु ।

यस गाउपालिकाले भविष्यमा सञ्चालन गर्ने जलस्रोतको विकास निकास लगायत वातावरण तथा पर्यावरण सम्वन्धि योजनाहरु कार्यान्वयन गर्दा यस गुरुयोजना तयार गरिएको हुदाँ यसलाई प्राममिकता कमको रुपमा अनिवार्य अनुशरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु। गाउँपालिका आफैले निर्माण गरेको जलउपयोग गुरुयोजनाको कार्यान्वयनमा समेत योजना निर्माणका सरोकारवाला लगायत सम्पूर्ण सहयोगी निकायहरुमा जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पुणमा हार्दिक अपिल गर्दछु। धन्यबाद

हर्क धामी
उपाध्यक्ष
मष्टा गाउपालिका

संक्षेप र संक्षिप्त नामहरुको सुची

| | |
|---|---|
| कि.मि. | किलोमिटर |
| खा.पा.उ.स.स/उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| खा.पा.उ.स. | खानेपानी उपभोक्ता समिति/समुह |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| गा.पा./न.पा. | गाउँपालिका/नगरपालिका |
| गैसस | गैह सरकारी संस्था |
| लैससास | लैङ्गिक समता तथा सामाजिक समावेशीकरण |
| NWASH | National Water Sanitation and Hygiene |
| सा.ब.उ.स. | सामुदायिक बन उपभोक्ता समूह |
| दी.वि.ल. | दीगो विकास लक्ष |
| लि/प्र/से. | लिटर प्रति सेकेन्ड |

# कार्यकारी सारांश

कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहउपयोगीता प्रवर्धन गर्न, जलस्रोत सम्बन्धी विवाद समाधान गर्नका लागि निर्देशिकाको रुपमा काम गर्दछ। जलउपयोग गुरुयोजनाले सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्नका लागि दीर्घकालीन औजारका रुपमा समेत जलउपयोग गुरुयोजनालाई लिन सकिन्छ । जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्देश्य भनेको, स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र वक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो समुदायभित्र र समुदाय-समुदायका बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाड मार्फत दीगो रुपमा सबै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्नुका साथै एकजल अवधारणा अनुरुप पानीका उपलब्ध स्रोतहरुको संरक्षण र व्यवस्थापन गर्न स्थानीय समुदायलाई विभिन्न क्षमता विकासका क्रियाकलापहरु मार्फत सचेत तुल्याउनु समेत रहेको छ ।

यसका अतिरिक्त उच्च संख्यामा गरिव र सिमान्तकृत परिवार तथा समुदायको बसोबास भएका क्षेत्रहरुलाई प्राथमिकता दिदै पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापनमा ती घरपरिवार तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नेर स्वच्छ खानेपानी तथा सरसफाइमा सबैभन्दा प्रभावित र कमजोर समूहको न्यायसंगतपहुँच, वितरण र योगदानको सुनिश्चितता गर्ने उद्देश्य रहेको छ । जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु जस्तै; तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिवेदन लेखन तथा प्रतिवेदन प्रमाणीकरण चरणहरु अपनाई तयार गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि KoBo Toolbox एप्लिकेशनको प्रयोग गरि गरिएको छ प्रारम्भमा पालिका तथा सबै वडास्तरमा योजना तर्जुमा कार्यशाला सम्पन्न भई सूचना संकलन गरिएको थियो। फिल्डबाट प्राप्त सुचनाहरुको प्रमाणीकरणका लागि वडा स्तरमा कार्यशाला गरि छुटेका तथ्याङ्कहरु लिने र तथ्याङ्कलाई शुद्धीकरण गरिएको थियो। अन्तमा पालिका स्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरि दस्तावेज तयार गरिएको छ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न बिधिहरु अपनाई विश्लेषण गरिएको छ । ति विश्लेषण गरिएका तथ्याङ्कहरुलाई पालिकामा उपलब्ध अन्य तथ्याङ्कहरु संग मिलान गरि आवश्यक तालिका, ग्राफ, र अनुसूची राखि त्यसको व्याख्यात्मक स्वरुपमा यो प्रतिवेदन तयार गरिएको छ । यस मष्टा गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरुमा सम्पन्न गरिएका मुख्य क्रियाकलाप तथा तथ्यांकहरु निम्न अनुसार रहेका छन।

- क्षमता विकास चरणमा ७ जना तथ्याङ्क संकलकहरुलाई, जलउपयोग गुरुयोजना तयारी, KoBo Toolbox र तथ्याङ्क सङ्कलन का अन्य विधि तथा प्रक्रियाका बारेमा क्षमता विकास तालिम संचालन ।
- समुदाय स्तरकाभेला/अनुशिक्षण सहभागितात्मक तरिकाले सामाजिक तथा प्राविधिक तथ्याङ्कहरु सङ्कलन । तथ्याङ्कहरु सङ्कलन गर्दा महिला तथा पछाडी पारिएका बर्गका मुद्दाहरू/सवालहरुको अध्ययन र विश्लेषण ।
- ७ वटै वडाहरुमा वडास्तरमा समन्वय बैठक/अनुशिक्षण र क्षमता विकास तालिमहरु र अनुशिक्षणमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयवस्तुहरुलाई प्राथामिकताका साथ समावेश गरिएको ।
- ७ वटै वडामा तथ्याङ्क प्रमाणीकरण तथा योजना प्राथामिकीकरण कार्यशाला।
- पालिका स्तरमा १ पटक भिजनिङ तथा अभिमुखीकरण कार्यशाला र १ पटक तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठी संचालन।
- पालिका तथा वडा कार्यालयसँग विभिन्न चरणमा अनौपचारिक बैठक तथा छलफल।
- विभिन्न समुदाय तथा सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया।

मुख्य तथ्याङ्कहरु :

गुरुयोजना निर्माणका क्रममा संकलन गरिएका मुख्य तथ्यांकहरुः राष्ट्रिय जनगणना २०७८को प्रतिवेदन अनुसार यस मष्टा गाउँपालिकाको कुल घरधुरी संख्या २,५४५ (https://cbs.gov.np) रहेको देखिन्छ कुल घरधुरी मध्ये ब्राह्मण क्षेत्री ८१.९४ प्रतिशत रहेको र दलित १४.८१ प्रतिशत रहेको मा अन्य जाति ३.२१% रहेका छन् ।

मुख्य जलाधारको रुपमा डुग्री गाड लाछि गाड(जिन्नाडि गाड) र रिलु गाड छ भने उपजलाधारको रुपमा सेति नदि लाई लिन सकिन्छ । खानेपानीको लागी मुख्य स्रोतको रुपमा मुल र केहि मात्रा मा खोला र खोल्सी रहेका छन ।

यस पालिकामा विद्यमान खानेपानी योजनाको संख्या २४ वटा रहेता पनि सवै योजनाहरु पुर्ण रुपमा संचालन नरहेको र केहि योजना पुर्णरुपमा जिर्ण अवस्थामा रहेका छन । यस्तै निर्माणधिन अवस्थाका ५ वटा खानेपानी तथा सरसफाइ योजना रहेका छन भने ८७ वटा खानेपानी योजना जलउपयोग गुरुयोजनामा प्रस्तावित गरिएका छन । पालिकामा विद्यमान कुलो सिंचाइ योजनाहरु १४ वटा र जलउपयोग गुरुयोजनामा प्रस्तावित सिंचाइयोजना संख्या ३० वटा रहेका छन् । ।पालिकामा पानीका मूल श्रोतहरु ४२४ वटा रहेका छन। (वडानं १ मा ८१, वडा नं २ मा ६६ वटा, वडा नं ३ मा ६१ वटा, वडा नं ४ मा ४९ वटा, वडा नं ५ मा ७४ वटा, वडा नं ६मा २९ वटा र वडानं ७मा ६४ वटा )पालिकामा विद्यालयहरुको जम्मा संख्या ३४ रहेको छन्, जस मध्ये ३४ वटै विद्यालयमा शौचालयहरु रहेका छन। ९ वटा विद्यालयमा छात्र छात्राहरुका लागि अलग अलग शौचालय सुविधा रहेकोछ।

आफ्नो घरमा उत्पादन भएको फोहोरमैला व्यवस्थापनको अवस्थालाई हेर्दा मष्टा गाउँपालिकामा फोहोर व्यवस्थापन भइरहेको देखिन्छ। ठोस फोहर व्यवस्थापनका लागि डम्पिङ साइट व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्ने निर्णय गरिएको छ। समग्रमा मष्टा गाउँपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि पालिकामा कार्यरत विभिन्न सरकारी तथा गैह्र सरकारी निकाय/संघ संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरु ५ बर्ष भित्रै कार्यान्वयन गर्न सहज हुने र पालिकाको क्षेत्रगत परिकल्पना/लक्ष्य, उद्देश्यहरु पुरा हुने देखिन्छ ।

# अध्याय १: परिचय

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। यो जलउपयोग गुरुयोजनामा गाउँपालिकामा उपलब्ध जलस्रोतहरु बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिएको छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि एउटादीर्घकालिन औजार हो।

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) लाई नेपालकोसंविधान २०७२कोधारा ३५ (४) लेमौलिक अधिकारका रुपमा व्याख्या गरेको छ। संविधानको यस प्रावधानले सबै नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइको सहज पहुँचको सुनिश्चित गरेकोछ। यस लक्ष्यलाई पुरा गर्न नेपालसरकारले क्षेत्रगत खास स्वविकास योजना (Sector Development Plan, 2016-2030) पनि तयार गरेकोछ। दिगो विकास लक्ष्यले सन २०३० सम्म सबैका लागि खानेपानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेकोछ। स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था संविधानको धारा ५९ ले गरेकोछ। संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, निर्णय गर्ने,सहअस्तित्व र समन्वय गरि तीन "स" मा आधारित सिद्धान्तको अंगिकार गरेकोछ। यसले शासनसंचालन प्रक्रियालाई सु-संस्कृत, सहिष्णु र परिणाममुखी बनाउनमा सहयोग गर्ने अपेक्षा गरिएकोछ। संविधानको यसै प्रावधान तथा स्थानीय

तहको अधिकार क्षेत्र प्रयोग गरि मष्टा गाउँपालिकाले समग्र जलश्रोत क्षेत्रको एकिकृत र समष्टिगत दस्तावेजका रुपमा यो जल उपयोग गुरुयोजना तयार गरेको हो।

"खानेपानी सरसफाइ तथा स्वच्छता हामी सवैको चाहना, एकघर एकधारा स्वच्छ खानेपानी मष्टाकोकामना" भन्ने मूल परिकल्पनाका साथ यो जलश्रोत गुरुयोजना तयार गरिएको छ। योजना तयार गर्दा सकेसम्म सहभागितामूलक, तथ्यपरक, सर्वस्वीकार्य र कार्यान्वयन योग्य बनाउनका लागि अधिकतम प्रयास गरिएको छ। गाउँपालिकामा रहेका सवै जलश्रोतहरुको पहिचान तथा वैज्ञानिक रुपमा मापन गरिएको छ र त्यसकै आधारमा खानेपानी, सिंचाइ, जलउर्जा र वातावरण संरक्षणसंग सम्बन्धितयोजनाहरु तर्जुमा गरि तिनको कार्यान्वयनको लागि प्राथमिकता समेत तोकिएको छ । योजना तयार गर्दा सहभागिता र समावेशीतालाई ख्याल गरिएको छ भने योजना कार्यान्वयनका लागि पालिकाको एकल प्रयासवाट मात्रै सम्भव नहुन सक्ने तथ्यलाई ख्याल गर्दै अन्तर सरकारी निकाय, संघ-संस्था, विकास साझेदारहरु तथा नीजि क्षेत्र बीचको समन्वय, सहकार्य तथा साझेदारीतामा जोड दिइएको छ। यस योजनालेजलश्रोत क्षेत्रको विद्यमान परिदृश्य तथा प्राथमिकताका क्षेत्र तथा रणनीतिहरुको लेखाजोखा गरि समग्र वास क्षेत्रमा प्रभावकारी कार्यान्वयन, समन्वय, अनुगमन तथा मुल्यांकन गर्न मद्दत गर्ने।यस गुरुयोजनाले गाउँपालिकाको खानेपानी र सरसफाइको पहुँचको सेवा विस्तार गर्न मद्दत गर्ने।गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई अझ बढि पारदर्शी र जवाफदेही बनाउन सहयोग गर्ने।

## ११.१. नीति तथा कानूनी प्रावधान

नेपालको संविधानः नेपालको संविधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरु रहेका छन । जलउपयोग गुरु योजना र जलस्रोत विकाससम्बन्धित केहि प्रावधान निम्नानुसार रहेका छन् ।

मौलिक हकः धारा ३५ः स्वास्थ्य सम्बन्धी हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हनेछ ।

धारा ५१ः राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता विवै जलस्रोतको बहुउपयोगी विकास गर्ने ।

स्थानीय तहको एकल अधिकारको सुची अनुसुची ८ र साझा अधिकार सुची ७ र ९ अन्तर्गत खानेपानी, सानाजलबिद्युत आयोजना, बैकल्पिक उर्जा तथा वातावरण, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण गर्ने।

यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०७९ मा धाराः ३३ को उपधारा ४ र धाराः ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिव/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरुलाई अनुदान तथा खानेपानी महशुलमा छुटविने व्यवस्था गरिएको छ ।

त्यसै गरि पन्ध्रौं योजनाको रणनैतिक अवधारणा पत्रको रणनीति अनुसार "आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बन्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउने" रहेको छ भने उक्त रणनीतिको कार्यनीतिको बुंदा १ मा "आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बिमुख समुदायको पहिचान र नक्शाङ्कन गरिनेछ” र बुंदा २ मा आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बन्चित रहेका क्षेत्र, समुदायमा खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउने कार्यक्रमलाई उच्च प्राथमिकता दिइने प्रावधान रहेको छ ।

माथी उल्लेखित संवैधानिक व्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। संविधानका अतिरिक्त स्थानीय तहहरुको संचालनका लागि जारी भएको स्थानीय सरकार सञ्चालन ऐनमा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाईन्छ। पानी क्षेत्रका निर्विष्ट योजनाहरुको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन। यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरि आवधिक योजनाहरु मार्फत नागरिकका संविधानतह रहेका अधिकार सुनिश्चित गर्न जलउपयोग गुरुयोजना एक बलियो औजारका रुपमा रहने देखिन्छ।

### १.१.२ एकिकृत जलश्रोत व्यवस्थापन अवधारणा र सिद्धान्त

एउटा जलाधार भित्रका सम्पुर्ण आवश्यकताहरु सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामन्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत

अवधारणालाई नै एकीकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ । जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाइ, जलविद्युत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुर्‍याउने किसिमले लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकीकृत जलस्रोत व्यवस्थापन बुझिन्छ। एकीकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना भाग अथवा स्रोतहरुलाई एक ठाउँमा समेटेर पूर्ण बनाउने र जलवरिय स्रोतहरु जस्तै; माटो, पानी, र वनस्पतिय स्रोत बीचको सामन्जस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखी ति स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु हो।

माथि उल्लेखित अवधारणा अनुसार एकीकृत जलस्रोत व्यवस्थापनका निम्न सिद्दान्तहरु रहेका छन्।

सिद्धान्त १ : शुद्ध पानी सिमित जोखिमयुक्त स्रोतहो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।

सिद्धान्त २ : पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनुपर्छ जसले उपभोक्ता, नीतिनिर्माता लाई समाहित गर्दछ।

योजनाविद,

सिद्धान्त ३ : पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपुर्ण भूमिका हुन्छ।

सिद्धान्त ४ : पानी सामुदायिक बस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ।

### १.१.३. दिगो विकास लक्ष्य

हाल बढ्दै गएको सामाजिक तथा मानवीय जटिलता, पर्यावरणीय असन्तुलन र सामाजिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यानमा राखी विश्वका १९३ राष्ट्रहरुले सेप्टेम्बर २५, २०१५ का दिन देखि २०३० सम्म मा पुरा गर्नका लागि विभिन्न १७ वटा लक्ष्यहरुलाई आत्मसात गरेका छन् जसलाई दीगो विकासका लक्ष्य



(दी.वि.ल.) भनिएको छ । २०३० एजेन्डा आत्मसाथ गरिरहदा संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले “कोहि पनि पछाडि छोडिने छैन्” भन्ने कुराको सुनिश्चतताका साथ (दी.वि.ल.) प्राप्तिमा अघि बढ्ने प्रतिज्ञा समेत लिएका छन् ।

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा महत्वाकाँक्षी दी.वि.ल. १५ वर्षमा पुरा गर्न विश्वव्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन् । यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन् । यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक–आपसमा अन्तरर सम्बन्धित छन् । **अन्तर्राष्ट्रिय स्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दीगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तब्य हुन आउछ । यस परिवेशमा दीगो विकास लक्ष्य हासिल गर्न समेत स्थानीय सरकारहरुले प्रकृयागत विकासमा ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । जलस्रोत क्षेत्रको समष्ठीगत विकासका लागि उपलब्ध कानुनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ ।**

## दिगो विकास लक्ष्य- ६ स्वच्छ पानी तथा सरसफाईः

सबैका निम्ति खानेपानी र सरसफाईको उपलब्धताको साथै यसको दीगो व्यवस्थापन सुनिश्चित गर्ने। खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रसँग सम्बन्धित अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाइएको दिगो विकास लक्ष्य ६ मा सबैको लागि दिगो खानेपानी र सरसफाइ सेवामा पहुँच सुनिश्चित गर्ने किटान गरिएको छ । जो निम्न छन् ।

६.१ सन् २०३० सम्म, सबैको लागि सुरक्षित र किफायती रुपमा खानेपानीमा समतामूलक पहुँच प्राप्त गर्ने ।

६.२ सन् २०३० सम्म, सबैका लागि पर्याप्त र समतामूलक रुपमा सरसफाइ र स्वच्छतामा पहुँच, महिला संकटासन्ना अवस्थामा रहेकालाई विशेष ध्यान दिई खुला दिसाको अन्त्य गर्ने ।

६.३ सन २०३० सम्म, प्रदुषण घटाइ पानीको गुणस्तरमा सुधार, खतरनाक रसायन सामग्रीहरुको डम्पिङ, निर्मुल, अप्रशोधित फोहोरपानी आधाले घटाई दिगोपनामा बृद्धि तथा रिसाइकल गरी पुनः प्रयोग गर्ने ।

६.४ सन् २०३० सम्म, पानीको अभावलाई सम्बोधन गर्न सबै क्षेत्रमा पानीको उपयोग दक्षतामा उल्लेख्य वृद्धि गरी स्वच्छ पानी वितरण गर्न दिगो फिर्ती सुनिश्चित गर्ने ।

६.५ सन् २०३० सम्म, उपयुक्त सीमापार सहयोग समेतको माध्यमले सबै तहमा एकीकृत पानीका स्रोतहरुको व्यवस्थापनकार्यान्वयन गर्ने ।

६.६ सन् २०३० सम्म, हिमाल, जंगल, सीमसार, नदी, जलभृत र तालहरु समेतमा पानी सम्बन्धी पर्यावरण पुनर्भरण र संरक्षण गर्ने ।

६.६ क. सन् २०३० सम्म विकासशील राष्ट्रहरुलाई पानी र सरसफाइ सँग सम्बन्धित क्रियाकलाप र कार्यक्रम, पानी हार्भेष्टिङ, पानी दक्षता, फोहोर पानी प्रशोधन, रिसाइक्लिङ र पुनः प्रयोग प्रविधिहरुमा अन्तर्राष्ट्रिय सहयोग र क्षमता विस्तार गर्ने ।

६.३.ख. खानेपानी र सरसफाइ व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता सुधारको लागि सहयोग र सबलीकरण गर्ने ।

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानी संग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ।नेपालसरकारले सबै नेपालीलाई बि.स. २०८४ सम्ममा आधारभूत सेवा उपलब्ध गराउने लक्ष्य राखेकोछ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई समावेशी बनाउन जलउपयोग गुरुयोजनाले सहयोग पुर्‍याउँदछ। पानीको घरायसी प्रयोग, यसको बहुउपयोगिता र गुरुयोजना बनाउने सबै चरण तथा प्रक्रियामा महिलाहरुको उल्लेख अर्थपूर्ण सहभागिता लाई विशेष ध्यान दिइएको छ। त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाका विकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गरिएको छ। जलउपयोग गुरुयोजना समुदायको जीविकोपार्जन सँग प्रत्यक्ष जोडिएको हुँदा विपन्न वर्ग तथा समुदायको सहभागिता महत्वपूर्ण रहन्छ।

परिवर्तन अनुकुलन तथा विपत जोखिम व्यवस्थापनः

जलवायु परिवर्तनले गर्दा जलस्रोतहरु घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्कम प्रभाव परिरहेकोछ। यसलेगर्दा विभिन्न प्रकोपहरु मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरुले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीका मुहानहरु हराउने, भासिने गरेको हँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भैरहेको छ । अर्कोतिर खानेपानी तथा सिंचाइका लागि निर्मित संरचनाहरुकोदिगोपना र सुचारुपनामा असर पुर्‍याई रहेको हुँदा यी यस्ता सवालहरुको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिबृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व विएको छ।

## १.२ जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. खासस्व योजना र जलउपयोग योजना तथा यसको संयोजन

खानेपानी सरसफाइ तथा स्वच्छता योजना र जलउपयोग गुरुयोजना एक आपसमा अर्न्तसम्बन्धित विषयहरु हुन् । खानेपानी, सरसफाइ स्वच्छता योजनामा समावेश भएका योजनाहरुको वर्गीकरण र प्राथमिकिकरण गर्ने कार्य जलउपयोग गुरुयोजनाले गर्दछ । नेपाल सरकारले विकास गरेको एनवास एप्लिकेशनबाट वास प्लान तयार गर्नका लागि अधार तयार गर्दछ भने सोही एप्लिकेशनमा प्रस्तावित तथा सेवा नपुगेका घरधुरीहरुलाई नयाँ योजना प्रस्ताव समेत गर्न सक्ने प्रावधान रहेको छ। यसरी हेर्दा जलउपयोग गुरुयोजनामा समावेश हुने खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विषयवस्तुहरु खासस्व योजनाले समेट्दछ भने जलउपयोग गुरुयोजनामा जलश्रोतसंग सम्वन्धित अन्य अयामहरु- सिंचाइ, जलउर्जा तथा वातावरण पर्यावरण समेत समावेशिष्ट हुन्छन् । खानेपानी, स्वास्थ्य, सरसफाइ योजना र जलउपयोग गुरुयोजनाको संयोजनले मानविय कल्याण, दिगो विकास र दक्ष संसाधन व्यवस्थापनका मुख्य पहलहरूलाई समावेशी ढंगले समाधान गर्न सहयोग गर्दछ। पिउने पानीको क्षेत्रमा समुदायहरूलाई सुरक्षित र सफा पिउने पानीमा पहुँच सुनिश्चित गर्नेमा ध्यान केन्द्रित गर्दछ। यसमा जल प्रवाह प्रणाली, मुहानको संरक्षण, र पिउने पानीको उपचार सम्बन्धी जानकारीका साथै शुद्ध सफा पिउने पानीमा समुदायको पहुँच पुर्याउँछ । खासस्व र जलउपयोग गुरु योजनाको संयोजनले स्वच्छता अभ्यास, सरसफाइ सुविधाहरू, र फोहोर व्यवस्थापनको महत्वलाई पनि संकेत गर्दछ जसले स्वस्थ समुदाय र स्वस्थ वातावरण बनाउन सहयोग गर्दछ । यस संयोजनालेखानेपानी तथा सरसफाइ योजना व्यवस्थापनमा उल्लेखित प्रगतिको अपेक्षित सम्बोधन गर्न सहयोग गर्दछ। यसले शौचालय, फोहोर प्रवाह प्रणाली, र ठोस फोहोर व्यवस्थापन संरचनामा ध्यान केन्द्रित गर्दछ । उचित सरसफाइका अभ्यासहरुलाई प्रबर्धन गरी फोहर व्यवस्थापन र सरसफाइमा सकारात्मक बानीको विकासका साथै रोगको प्रसारणमा नियन्त्रण, सामुदायिक स्वास्थ्यमा सुधार, र वातावरण संरक्षणमा अपेक्षित योगदान गर्दछ ।

जलउपयोग गुरुयोजनासँग पानीको स्रोतको व्यवस्थापनमा सहयोग, पानीको श्रोतको अवस्था र अवस्थिति देखाउँदछ । यसमा पानीको उपलब्धता, माग, र विभिन्न क्षेत्रहरू जस्तै कृषि, उद्योग, र घरेलु प्रयोगमा रहेको अवस्था आंकलन गर्न सहज बनाउँछ। यस योजनाले पानीको प्रयोग अनुकुल बनाउने, पानीको संरक्षण संवर्धन बढाउने र दिगोप्रतिस्पर्धी पानी व्यवस्थापन अभ्यासहरू पहिचान गर्ने

प्रयास गर्दछ। यसमा पानी पुनःचक्रीकरण (Recharge), वर्षाको पानी जम्मा गर्ने, र प्रभावकारी सिचाई प्रबिधि तथा तरिकाहरूको विश्लेषण तथा पानीका श्रोतहरूको दीर्घकालिक उपलब्धता सुनिश्चित गर्ने लक्ष्य लिएको हुन्छ ।

१ २.२. जलउपयोग गुरुयोजना निर्माण गर्नुका उद्देश्यहरु

मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजना तयार गर्नुको प्रमुख उद्देश्य मष्टा गाउँपालिका क्षेत्र भित्र खानेपानी,सरसफाइ तथा स्वच्छताको विद्यमान परिदृश्यको पहिचान गरि गरिव तथा विपन्न समुदायमा गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गरि प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस जलश्रोत गुरुयोजना निर्माणका अन्य केहि विशिष्ट उद्देश्यहरु रहेका छन, जुन यस प्रकार रहेका छन।


- गाउँपालिका भित्रका खानेपानीका विद्यमान श्रोतहरु तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्बन्धी संरचना तथा सुविधाहरुको लगत संकलन गरि उपलब्ध तथ्यांकका आधारमा आधार रेखा तयार गरि दस्तावेजीकरण गर्ने।
- गाउँपालिका क्षेत्र भित्र खानेपानी,सरसफाइ तथा स्वच्छताको सेवा नपुगेका वस्तीहरु पहिचान गरि अल्पकालीन, मध्यकालीन तथा दीर्घकालि योजना, प्राथमिकता तथा रणनीतिहरु तय गर्न। सम्बन्धित भूगोल भित्रको बस्तुस्थिति पत्ता लगाउनुका साथै जलस्रोतसंग सम्वन्धित सुचना तथा सुविधाहरु पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको न्यायोचित र विबेक पुर्ण वितरण गर्ने साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीगो बनाउने।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तय गरि यस क्षेत्रमा दीर्घकालिन लगानी प्राप्त गर्ने।
- वातावरणीय दीगोपनाको साथै जल सम्बन्धी भौतिक पुर्वाधारहरु र तिनको दीगो व्यवस्थापनको संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्न ।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरि लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य स्रोत तथा सरोकारवाला पहिचान गर्न।

- पालिका स्तरका जलस्रोत र यस सँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, पालिकालाई पूर्ण सरसफाइ र स्वच्छता प्रवर्धन गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमवाट सुशासन प्रवर्धन गर्ने।

१.२.३ जलउपयोग गुरुयोजनाले समेट्ने क्षेत्रहरुः

जलउपयोग गुरुयोजना जलश्रोतको एकिकृत योजना तर्जुमा तथा व्यवस्थापनको सहभागितामूलक एवं समावेशी विधिहो। यसले कुनै निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही यस क्षेत्रको जलश्रोतको कुल परिणाम तथा यसको सम्भाव्य उपयोगको आँकलन गर्दछ। एकिकृत जलस्रोत व्यवस्थापन जलाधारभित्रका सम्पूर्ण आवश्यकताहरू सँग सँगै सम्बोधन गर्ने, जलस्रोतका विविध पक्षहरू बिच समन्यत्माक कायम गर्ने र पर्यावरणीय सन्तुलन कायम गर्ने समष्टिगत अवधारणा हो। जलाधार क्षेत्र अन्तर्गत रहेकाजले, जमिन र जीवितप्राणीहरू एकआपस सँग सम्वन्धित हुन्छन्। तसर्थ कुनैपनि जलस्रोत सम्बन्धी योजना तर्जुमा गर्दा जलाधार भित्र रहेका अलग-अलग पर्यावरणलाई अलग-अलग दृष्टिकोणबाट नहेरी यिनीहरूमा निहित अन्तरसम्वन्धका आधारमा समष्टिगत रुपमा हेरिनु पर्दछ। कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्वीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापन गरी दीगो उपयोग गर्न गुरुयोजनाले समटने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट व्याख्या गर्ने गरिन्छ।

जलस्रोत व्यवस्थापन कुर्सिः जलउपयोग गुरुयोजनालाई विद्यमान कानुनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई



चित्र 1: जल उपयोग तथा जलस्रोत व्यवस्थापन कुर्सी

सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सीको अवधारणालाई अवलम्बन गरिएको छ। यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेकोछ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ।

- खानेपानी तथा सरसफाइःखानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा विस्तार र सतह, भुमिगत, बर्षात आदि), स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र शौचालय निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।
- सिंचाइ तथा निकासःपरम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरीसिंचाइ योजनाहरु र ढल निकास । परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरुको मर्मत सम्भार तथा पुनःनिर्माण आदि । आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा घरवारी व्यवस्थापनमा प्रयोग।
- वातावरण तथा पर्यावरणःस्रोत सुधार तथा संरक्षण, स्रोतहरुको पुर्नभरण, पुर्नधारण तथा पुर्नप्रयोग क्रियाकलापहरु, बर्षातको पानी सङ्कलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), बन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गहा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि ।
- जलशक्ति र अन्यः-परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलविद्युत उत्पादन आदि। पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलविद्युत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारीआदि)

माथि उल्लेखित मुख्य क्षेत्रहरु बाहेक गुरुयोजना तर्जुमाको समग्र चरणहरुले तपसिलका विषयवस्तुष्टरु समेत समेटेको हुन्छ।

- जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापन सम्बन्धी स्थानीय उपायहरु।

- सरोकारवालाहरुको छलफलको थलोःजलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्युनिकरण, जलाधार क्षेत्रहरु बिचको पारस्परिक सम्वन्ध, पानीका उपयोगका क्षेत्रहरुको प्राथमिकता, आदि।
- टेवा तथा क्षमता अभिवृद्धिःस्थानीयतह, समुदायहरुको आन्तरिक र बाह्य स्रोतसाधनको पहिचान तथा परिचालन, जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानुनी विषयहरुको सचेतिकरण, स्थानीय स्रोतसाधनहरुको समग्र विश्लेषण, स्थानीय समुदायहरुको क्षमता विकास, आदि ।

## १.३ जलउपयोग गुरुयोजना निर्माणमा अपनाईएका पद्दतीहरु

"मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजना, २०८० तयार गर्ने क्रममा पालिका भित्रका मुख्य सुचनादाता तथा सम्बन्धित समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामुलक प्रक्रियाहरु अबलम्वन गरिएका थिए। गुरुयोजनालाई यथार्थपरक र जिवन्त बनाउन अध्ययन अनुसन्धानका आधुनिक विधि र प्रक्रिया अबलम्वन गरिएको थियो। नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार क्षेत्र र जलउपयोग गुरुयोजना तर्जुमा दिग्दर्शन, २०७३ लाई निर्माण निर्देशिकाको रुपमा लिई गुरुयोजना तयार गरिएको छ । जलउपयोग

गुरुयोजना मष्टागाउँपालिकाले तयार गरिएको हो । गुरुयोजना निर्माणका क्रममा श्रृङखलावद्ध प्रकृयाहरुको पालना गरि गरिएको थियो । तथ्यांक संकलनको लागि मोवाइलमा आधारित KOBO Tool प्रयोग गरिएको थियो। गुरुयोजना निर्माणका क्रममा प्रयोग गरिएका मुख्य विधि र प्रक्रियाहरु यस प्रकार रहेका छन ।

### १.३.१ स्थानीय तहमा विद्यमान रणनीतिक योजनाहरुको समिक्षा

यस गाउँपालिकाले खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमा क्षेत्रगत मस्यौदा हाल सम्म तयार नगरेको अवस्था छ। यसका साथै पालिका जलवायु परिवर्तन संम्वन्धी स्थानीय अनुकुलताकोकार्ययोजनाका साथै हाल सम्म जलवायु परिवर्तन सम्वन्धी कुनैपनी क्रियाकलपाहरु संचालन हुन सकिरहेका छैनन। यस पालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा खानेपानी सरसफाइ तथा स्वच्छता योजना NWASHमा आधारित वास योजना निर्माणकार्य सँगै संचालन गरिएको छ । जलउपयोग गुरुयोजना निर्माणको अवधिमा यस गाउँपालिकाका विभिन्न क्षेत्रका नीति, रणनीति

तथाकार्ययोजनाहरुमा उपलब्ध तथ्यांङ्कहरु सहित रणनीतिहरुकार्यान्वयनको अवस्थाको विश्लेषण गरिएको छ । यसका साथै जलउपयोग गुरुयोजना निर्माणको क्रममा यस गाउँपालिकाको सवै वस्तीहरुमा छलफल गरी जलउपयोग गुरुयोजनामा आवश्यक पर्ने तथ्यांहरु संकलनको साथै NWASH प्रणालीमा आवश्यक तथ्यांङ्कलाई संगै समावेश गरिएको छ। यस गाउँपालिकाले हालसम्म तयार गरेका क्षेत्रगत नीतिकार्याविधि तथा योजनाहरु निम्न तालिकामा प्रस्तुत गरिएका छन ।

तालिका १: पालिकामा निर्मित ऐन, निति, रणनीति तथा कार्ययोजना

| सि.नं | गाँउपालिकामानिर्माण गरेका योजनाहरुको ऐन निति रणनीति र कार्यविधि | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | मष्टा गाँउपालिकाको वस्तुस्थिती विवरण २०८० | तय भएको |
| २. | जलवायु परिवर्तन सम्बन्धी स्थानिय अनुकूलन कार्ययोजना | तयार नभएको |
| ३. | खानेपानीसरसफाइ तथा स्वच्छता योजना २०८१ | तयार भएको |
| ४. | विपद जोखिमन्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ | तयार भएको |
| ५. | फोहोर मैलाव्यवस्थापन ऐन | तयार नभएको |
| ६. | स्वास्थ्य तथा सरसफाइ ऐन | |
| ७. | जलचर एवं जलीए ऐन २०८१ | तयार भएको |
| ८. | उपभोक्ता समिती गठन तथा व्यवस्थापन कार्यविधि | तयार नभएको |
| ९ | स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना २०८१ | तयार भएको |

माथी उल्लेख गरिए अनुसार योजनाहरु निर्माणको लागी केहि ऐन तथाकार्यविधिहरु निर्माण गुर्नपर्ने भएता पनी सो पुर्णरुपमा निर्माण नभएको अवस्था छ, र केष्टि योजनाहरु निर्माण गरिएको भएता पनि त्यसको कार्यान्वयन हुन सकेको पाईदैन, खानेपानी सरसफाइ स्वच्छता प्रवर्धनको लागी प्रत्यक्ष रुपमा

सहयोग पुग्ने नीति तथा रणनीतिहरु पनि निर्माण गर्नुपर्ने देखिन्छ। त्यसैले अब निर्माण हुने जलउपयोग गुरुयोजनामा खानेपानी सरसफाइ स्वच्छता योजना पालिकाको लागी क्षेत्रगत योजना तर्जुमा गर्नकोशेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

१.३.२ रणनीतिक योजनाहरुको एकिकरण

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४मा व्यवस्था भए बमोजिम नागरिकहरुलाई सर्वसुलभ सुरक्षित र दिगो खानेपानी सरसफाइ तथा स्वच्छता सेवाको पहुँचलाई अभिवृद्धि गर्नु पालिकाको जिम्मेवारी तथा कर्तब्य भएकाले आवश्यकनीति, कानून, कार्यविधि, संरचना, प्रक्रिया तथामापदण्डहरू निर्माण गरिकार्यान्वयनका लागी नियमित रुपमा नियमन र अनुगमन गर्नु पर्ने हुन्छ। यस पालिकामा समग्र जलश्रोतको विकास, व्यवस्थापन र सरसफाइ तथा स्वच्छताका लागी आवश्यक ऐन, नियम र विनियमहरु तर्जुमा गरिकार्यान्वयनमा पालिकाको मुख्य रणनीतिक योजना भित्र पर्दछन ।

- यस पालिकामा समग्र जलश्रोतको विकास तथा व्यवस्थापन खानेपानी र सरसफाइ तथा स्वच्छताका लागी आवश्यक ऐन, नियम र विनियमहरु तर्जुमा गरीकार्यान्वयन गर्ने।
- जलश्रोतको क्षेत्रमा दीर्घकालीन लक्ष्य प्राप्तीका लागी खानेपानी, सरसफाइ, सिंचाइ जलउर्जा तथा जलश्रोत संग सम्बन्धित सबै योजना हरुको कार्यान्वयन गर्ने।
- यस पालिकालाई पुर्णसरसफाइ उन्मुख पालिका घोषणाको लागी अभियान संचालन गरी सबै वडाहरुलाई पुर्णसरसफाइ उन्मुख वडा घोषणा गर्ने।
- दिगो विकासका लक्ष्य प्राप्तीका लागी "एक घर, एक धारा "को अवधारणालाई कार्यान्वयन गरी गाउँपालिकामा बसोबास गर्ने सबै जनताको लागी आधारभुत स्तरको खानेपानी आपुर्तीको सुनिश्चितता गर्ने।
- हाल संचालित खानेपानी आयोजनाहरुको गुणस्तर सुधारका लागि गाउँपालिका स्तरमा खानेपानीको गुणस्तरमापन प्रयोगशाला स्थापना गर्ने तथा खानेपानी सुरक्षा योजना लागु गरी पानीको घरयासी शुद्धीकरण र सुरक्षित भण्डारणमा जोड दिने ।
- गाउँपालिकामा रहेका खानेपानी योजनाहरुको सुचारुपना र दिगोपनाको लागी नियमित मर्मत सम्भारकोषको उचित व्यवस्थापन गरि परिचालन गर्ने।

- जलउर्जा तथा परम्परागत घट्टहरुलाई आधुनिकिकरण गरी क्षमता विकासका लागी प्रविधिको उपयोग गर्दै क्षमता अभिवृद्धि गर्ने ।
- यस गाउँपालिका भित्र रहेका सार्वजनिक स्थान, मठ मन्दीर, बजार क्षेत्र धार्मिक मेला लाग्ने स्थान रकार्यालयहरुमा सार्वजनिक शौचालयको निर्माण गरी फोहोर मैलाको उचित व्यवस्थापन गर्ने ।
- जलवायु परिवर्तन अनुकूलनका लागी पानीको श्रोतहरुको संरक्षण, वर्षातको पानी संकलन, पानीको पुनःधारण, पुनःभरण तथा पुनः प्रयोग (3R) प्रविधिकाबारे उपभोक्ता स्तरमा सचेतना अभिवृद्धि गर्ने क्रियाकलापहरु संचालन गर्ने र तिनका उपयोगको प्रवर्धन गर्ने ।
- गाउँपालिकाको वातावरण तथा पर्यावरण सुधारका लागी पालिकाले जलवायु अनुकूलन तथा विपद जोखिम व्यवस्थापनका कृयाकलापहरु संचालन गर्ने ।

### १.३.३ जलउपयोग गुरुयोजना तयारी प्रक्रियाका चरणहरु

जलउपयोग गुरुयोजनाको तर्जुमा प्रक्रिया एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम (IWRMP) हेल्भेटास नेपालले परिभाषित गरेको प्रकृयालाई अबलम्बन गरी चरणबद्ध योजना तर्जुमाका विधिहरु प्रयोग गरी तयार गरिएको छ। जलउपयोग गुरुयोजना तयारी प्रक्रियामा तथ्याङ्क संकलनका लागी मोवाईल प्रविधिमा आधारित एप्सको पुर्ण प्रयोग गरी आवश्यक तालिम प्राप्त व्यक्तिहरुबाट संकलित तथ्याङ्कको आधारमा तयार गरिएको छ । जलउपयोग गुरुयोजना तर्जुमाका लागी पाँच वटा चरणहरु र १७ वटा खुड्किलाहरुको अवलम्बन गरिएको छ। प्रत्यक चरण र खुड्किलामा के कस्ता क्रियाकलापहरु गरिन्छ भन्ने कुरालाई स्पष्ट रुपमा परिभाषित गरिएको छ । यो प्रक्रियालाई मष्टागाउँपालिकाले आफ्ना सबैकार्यपालिकाको टिम बिच छलफल गरी अनुमोदन गरे पश्चात कार्यान्वयनमा ल्याइएको थियो। यी सबै चरणहरु गाउँपालिका संगको समन्वय, सहभागिता र सहकार्यमा आवश्यक भौतिकमानवीय श्रोत साधनको प्रयोग गरि तयार गरिएको छ।यो जलउपयोग गुरुयोजना तर्जुमामा अवलम्बन गरिएको विस्तृत प्रक्रिया चित्र २ मा देखाईएको छ ।

**जलउपयोग गुरुयोजना तर्जुमाका चरण तथा खुड्किलाहरु**

| चरण | खुड्किला |
|---|---|
| कार्यान्वयन चरण | १७ जलउपयोग गुरुयोजना अद्यावधिक |
| | १६ पयोग गुरुयोजनाको प्रचार प्रसार तथा कार्या |
| योजना तर्जुमा चरण | १५ जिल्ला स्तरमा गुरुयोजनाको संप्रेशण |
| | १४ जलउपयोग गुरुयोजना गाउँ सभाबाट अनुमोदन |
| | १३ जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन तयारी |
| | १२ गा. पा. स्तरीय योजना तर्जुमा गोष्ठी |
| | ११ जलउपयोग गुरुयोजनाको प्ररम्भिक प्रतिवेदन तयारी |
| | १० वडास्तरीय योजना तर्जुमा कार्यशाला |
| सर्भेक्षण चरण | ९ प्राविधिक अध्ययन |
| | ८ सामाजिक तथा आर्थिक अध्ययन र आवस्यकता पहिचान |
| क्षमता अभिबृद्धी चरण | ७ गाउँपालिकालाइ क्षमता अभिवृद्धी तालिम |
| | ६ बिद्दमान गुरुयोजना र अन्य पानी सम्बन्धि योजनाहरुको अध्ययन |
| | ५ वडास्तरीय अभिमुखिकरण |
| | ४ गाउँपालिकास्तरमा जलउपयोग गुरुयोजना प्रारम्भिक अभिमुखिकरण |
| तयारी चरण | ३ सेवाप्रदायक छनौट तथा तालिम |
| | २ गाउँपालिका र सहयोगी संस्थाबिच सहमति |
| | १ जलउपयोग गुरुयोजना तयारीका लागि गाउँपालिकाको निर्णय |

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तहहरुको आवश्यकता, उत्सुकता, लगानी प्रतिवद्धता आदिमा आधारित भई स्थानीय तह छनौट गर्ने, लगायत सेवा प्रदायक संस्था र व्यक्ति छनौट तथा तालिम लगातयका क्रियाकलापहरु गरिएका छन् । जलउपयोग गुरुयोजनाको तयारी चरणमा वास प्लान सहित गुरुयोजना तयारी प्रक्रिया/विधि/निर्देशिका अनुसार मोबाइल एप्स (NWASH Tools, KOBOCollect tools) प्रयोग गरी तथ्याङ्क संकलन गर्ने विधि औजार/प्रश्नावली सम्बन्धी तालिम सहजकर्ताहरुको लागि आयोजना गरिएको थियो। प्रशिक्षक तालिमको सहजीकरण बाट गरिएको थियो । यस तालिमबाट गाउँपालिकाहरुको जलउपयोग गुरुयोजना तयारी प्रक्रियामा साझा बुझाइ तथा एकरुपता ल्याउन मद्धत पुगेको छ। साथै तथ्याङ्क संकलकहरु छनौट गरी तथ्याङ्क संकलन विधि, प्रश्नावली र मोबाइल एप्स प्रयोग विधि सम्बन्धी प्रयोगात्मक तालिम का साथै क्षमता विकास तालिम पनि यसै चरणमा सम्पन्न गरिएको थियो।

## क्षमता विकास चरण

गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व सबै स्थानीय तहबाट गर्नुपर्ने भएको हुँदा यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरुको क्षमता विकास गर्ने कार्यहरु गरिएकोथियो। जस अन्तरगत गाउँपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, वडा स्तरमा जलउपयोग गुरुयोजना तयारी

प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क सङ्कलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, विभिन्नप्राविधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदी क्रियाकलापहरु गरिएकोथियो। यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना तयार गरिएको हो।

**सूचना सङ्कलन/अध्ययन चरण**

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरुका माध्यमबाट सामाजिक स्रोत नक्सांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नुको लागि गहन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएको थियो। उक्त कार्यहरुको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरु छुट्टा छुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंमसेवीहरुको सहयोगमा विद्यमान तथ्याङ्क सङ्कलन एवं अवस्था विश्लेषण कार्यमा संग्लग्न भएका थिए। यस कार्यमा उक्त उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसंग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क सङ्कलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरुको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको पुर्वानुमान एवं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरु सङ्कलन गरी निश्चित ढाँचाका फारमहरुमा हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य समेत गरिएको थियो। यो चरण भित्र आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरु, गाउँपालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरु, गै.स.स.हरुसँगको समन्वयमा तथ्याङ्कहरु सङ्कलन समेत गरिएकोथियो। वडा भित्रका सम्पुर्ण उप-जलाधार क्षेत्रहरुको तथ्याङ्क सङ्कलन पश्चात गुरुयोजनाका तथ्याङ्क सङ्कलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी समेत यस चरणमा गरिएको थियो।

**योजना तर्जुमा चरण**

यस चरणमा उप-जलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाइ विश्लेषण गरी उप-जलाधार क्षेत्र स्तरवाट जलस्रोतसंग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास) क्षेत्रको आवश्यकता

पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधीहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय प्राथमिकिकरण गरियो। समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राविधिक परामर्शलाई समेत आधार गरिएको थियो भने अन्य योजनाहरुको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित हुने, प्रतिव्यक्ति लागतकम हुने, बिगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट बिनियोजन नभएको तथा व्यवस्थापकीय क्षमता राम्रो भएका र आयआर्जनमा सहयोग पुग्ने मापदण्डको आधारमा योजनाहरु छनौट गरिएका छन् ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरुलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र गाउँपालिकाले कार्यान्वयन गर्ने गरि छुट्टाएर गाउँपालिका स्तरको गुरुयोजनामा समावेश गर्ने गरि तय गरिएको छ । वडा स्तरको योजना तर्जुमा गोष्ठी मा स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय भूगोलको पुनरावलोकन का लागि अयोजना गिरएका थियो । वडा स्तरवाट तर्जुमा गरिएका योजनाहरुलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समावेश गर्नको लागि गाउँपालिका स्तरमा ३ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगवाट सबै योजनाहरुको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन एवं प्राथमिकिकरण गरिनुका साथै स्थानीय तह तथा अन्य सरोकारवाला सहयोगी संघ/संस्थाहरुबाट योजनाहरुको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिबद्धता सहित अनुमोदन गर्ने कार्य सम्पन्न गरियो।

**कार्यान्वयन चरण**

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो जसमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समिक्षा जस्ता कार्यहरु सम्पादनगरिने छन। यस चरणमा जलउययोग गुरुयोजनाको प्रथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूल्यांकन एवं सम्पर्क समन्वयका गतिविधिहरु सञ्चालन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी आवश्यकता अनुसार गुरुयोजनाको अद्यावधिक गरिने छ।


अध्याय दुई

# २. गाउँपालिकाको पाश्र्वचित्र

## २.१ मष्टागाउँपालिकाको संक्षिप्त परिचय

नेपालको सुदूरपश्चिम प्रदेश, बझाङ्ग जिल्लाको १२ वटा स्थानीय तहहरु मध्ये २०७३ फागुन २७ मा, गाउँपालिका घोषणा गर्दा साविकका कोटदेवल, मष्टा, भातेखोला र रिलु गाविसहरू यसमा गाभिएका थिए।समुन्द्री सतहको १२०० मिटर देखि २५०० मिटर सम्मको उचाईमा अवस्थित मष्टा गाउँपालिकासाविकका कोटदेवल गा.वि.स को १९.३९ वर्ग कि.मी., मष्टा गा.वि.सको३६.८६ वर्ग कि.मी.,भातेखोला गा.वि.स को १६.८१ वर्ग कि.मि. र रिलु गा.वि.स.को ३६.१९ वर्ग कि.मी.गरी जम्मा १०९.२४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको मष्टा गाउँपालिकापूर्वमा बाजुरा जिल्ला, पश्चिममा जयपृथ्वी नगरपालिका, उत्तरमा तलकोट गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका तथा बाजुरा जिल्लाको सिमानाले घेरिएको छ ।मष्टा गाउँपालिकाको नामाकरण हालको वडा नं ३ मा अवस्थित मष्टा मन्दिर बाट गरिएको हो र यस क्षेत्रमा मुख्य कुल देवताको रुपमा पुजिन्छ। राष्ट्रिय जनगणना २०७८, अनुसार यस गाउँपालिकको जम्मा जनसंख्या **१३२६५(**महिला ७१५०र पुरुष ६११५) रहेको छ । कुल घरपरिवार संख्या २५४५ रहेको मष्टा गाउपालिकाको जनघनत्व १२१ रहेको छ । पुरुष साक्षारता दर ७९.७१ प्रतिशत र महिला साक्षारता दर ५८.९३ प्रतिशत रहेको यस गाउँपालिकाको कुल साक्षारता दर ६८.३९ प्रतिशत रहेको छ ।

यस गाउँपालिकामाविभिन्न जातजाति तथा समुदायकामानिसहरुको बसोवास रहेको। यस क्षेत्रमा दशै, तिहार, माघे संक्राती होली, ओल्के, साउने संक्राती, घांसे संक्राती, चैते दशै, विभिन्न कुले देवताका पैठ, विवाह बर्तबन्ध, छैटी, साउन पुर्णिमा,सिउरो हरेलो मेला तथा ढढार मष्टा मेला प्रमुख चाड पर्वको रुपमा रहेको पाइन्छ ।




## २.२ भौगोलिक अवस्थिति र पहुँच

नेपालको सुदूरपश्चिम प्रदेश, बझाङ्ग जिल्लाको १२ वटा स्थानीय तहहरु मध्ये २०७३ फागुन २७ मा, गाउँपालिका घोषणा गर्दा साविकका कोटदेवल, मष्टा, भातेखोला र रिलु गाविसहरू यसमा गाभिएका थिए। समुन्द्री सतहको १२०० मिटर देखि २५०० मिटर सम्मको उचाईमा अवस्थित मष्टा गाउँपालिकासाविकका कोटदेवल गा.वि.स को १९.३९ वर्ग कि.मी., मष्टा गा.वि.सको३६.८६ वर्ग कि.मी.,भातेखोला गा.वि.स को १६.८१ वर्ग कि.मि. र रिलु गा.वि.स.को ३६.१९ वर्ग कि.मी.गरी जम्मा १०९.२४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको मष्टा गाउँपालिका पूर्वमा बाजुरा जिल्ला,पश्चिममा जयपृथ्वी नगरपालिका, उत्तरमा तलकोट गाउँपालिका र दक्षिणमा जयपृथ्वी नगरपालिका तथा बाजुरा जिल्लाको सिमानाले घेरिएको छ । सेति नदि तथा जिन्नाडि गाडले सिमा निरर्धारण गरेको मष्टा गाउँपालिका भौगोलिक क्षेत्र र बनोटको आधारमा हेर्दा यो गाउँपालिका हिमालि क्षेत्रमा पर्दछ । यो गाउँपालिकालाई पर्यावरणीय क्षेत्र र जलवायुको हिसावले हेर्दा उच्च हिमालि क्षेत्र देखि होचो पहाडी

नदि तटिय भुभागसम्म फैलिएको पाईन्छ । भु-प्राकृतिक संरचनाकोकारणले गर्दा यहाँको हावापानीमा विविधता रहेको पाईन्छ । यस पालिकामा मुख्य गरि शितोष्ण, समशितोष्ण र उष्ण गरि तिन किसिमको हावापानी रहेको छ। यो पालिकाको अग्ला पहाड बाक्लो बनजंगल र प्राकृतिक जडिबुटिहरु पाईने भएकालेआर्थिक अवस्थालाई उजागर गर्न प्राकृतिक स्रोत तथा साधनको भरपुर प्रयोग गर्नु पर्ने देखिन्छ ।

यस गाउँपालिका भित्रको सडक संजालको अवस्थालाई स्तारोन्नती गर्नुपर्ने देखिन्छ। गाउँपालिकाको केन्द्र लगाएत विभिन्न वडाहरुमा सडक सन्जाल विस्तार गर्नका लागि सदरमुकाम चैनपुर देखि सेति नदिमा मोटरेबल पुलको अपरिहार्यता देखिन्छ। हिउदमा मात्रै उपलब्ध हुने यातायातको सुविधालाई वर्ष भरिनै सञ्चालनमा ल्याउन सडक सञ्जाल जोडिने सेति नदि, डुग्री गाड, जिन्नाडि गाड, लाछि गाड तथा रिलु गाडमा मोटरेबल पुलको अपरिहार्यता देखिन्छ । यस पालिकाको करिव ७ वटै वडाहरुमा सडक सन्जाल जोडिदै छ।

## २.३ भौगोलिक स्वरुप तथा भु-उपयोगस्थिति

यस गाउँपालिकाको अधिकांश भु-भाग भिरालो चट्टानी रहेको छ। पालिकाको माथिल्लो अधिकांश भु-भाग बनजंगल र खुल्ला घासे मैदान र पाटनले ओगटेका कारण खेती योग्य जमिन कम रहेको छ। यस पालिकामा प्रशस्तमात्रामा प्राकृतिक स्रोत साधन र बहुमूल्य जडीबुटीहरु पाइन्छ । सांकृतिक तथा धार्मिक रुपमा हेर्ने हो भने सुदुर पश्चिम क्षेत्रकै प्रसिद्ध देवताका रुपमा पुजिने मष्टो देव यहि मष्टा गाउँपालिकाको वडा नं.३ धामिगाउँमा रहनुका साथै मष्टा गाउँपालिका वडा नं.४ आग्रा भएर बहने सेति नदि किनारमा तातोपानीका मुल हरु रहेका छन् जसमा वाथ गर्दा छाला सम्बन्धि रोगहरु निको हुने गर्दछन्। यस गाउँपालिकाको कुल क्षेत्रफल १०९.२४ वर्ग कि. मी. छ भने अन्य खेती योग्य जमीन र भु-उपयोको अवस्था सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २ः पालिकाको भु-उपयोग सम्बन्धी विवरण

| बिवरण | क्षेत्रफल वर्ग.कि.मि |
|---|---|
| बाझो जमिन | ०.५६ |
| खेतियोग्य जमिन | २७.९९ |
| जंगल | ५८.९१ |
| भिर तथा चरन क्षेत्र | १३.५९ |
| बगर | ०.४७ |
| पानिले ढाकेको क्षेत्र | ०.२८ |
| पाटन तथा खर्क | ७.१९ |
| अन्य क्षेत्र | ०.२५ |
| **जम्मा क्षेत्रफल** | १०९.२४ |

## २.४ पालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.४.१ घरधुरी तथा जनसंख्या

जलउपयोग गुरुयोजना निर्माणको प्रक्रियामा यस गाउँपालिकामा संकलन गरिएको तथ्याङ्कहरुको विश्लेषण गर्दा यस गाउँपालिकामा जम्मा  वटा मुख्य गरि टोल बस्तीहरु रहेका छन। त्यस्तै यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार २५४५ वटा घरधुरी रहेका छन भने १३२६५ (महिला ७१५० र पुरुष ६११५) रहेको छ जस मध्ये कुल जनसंख्याको ५३.९०% महिला र ४६.१०% पुरुष रहेको छन। यस्तै वडागत रुपमा घरधुरी र जनसंख्यालाई तलको तालिकामा उल्लेख गरिएको छ । त्यस्तै जलउपयोग गुरुयोजना निर्माण र सरसफाइ तथा स्वच्छता सम्वन्धी योजना निर्माणको क्रममा संकलन गरिएको टोलहरुको तथ्याङ्कलाई पनि वडागत रुपमा विष्लेशण गरिएको छ।

तालिका ३ः गाउँपालिका स्तरीय वडागत जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | टोल संख्या | घरधुरी | जनसंख्या (महिला) | जनसंख्या (पुरुष) | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ६ | ५९४ | १४४० | ११८८ | २६२८ |
| २ | १२ | ४७५ | १३३१ | ११६२ | २४९३ |
| ३ | ४ | ३०९ | ८८६ | ७३६ | १६२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ५ | २८५ | ८२३ | ७५२ | १५७५ |
| ५ | ३ | २८५ | ८२१ | ६७९ | १५०० |
| ६ | ५ | २६४ | ८०४ | ६६३ | १४६७ |
| ७ | ४ | ३३३ | १०४५ | ९३५ | १९८० |
| जम्मा | ३८ | २५४५ | ७१५० | ६११५ | १३२६५ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

२.४.२ जातीय संरचना

यस गाउँपालिकामा खानेपानी सरसफाइ तथा स्वच्छता र जलउपयोग गुरुयोजना निर्माणको क्रममा प्रत्येक वडा र बस्तीहरुको तथ्याङ्क संकलन गर्ने क्रममा यस गाउँपालिका भित्रको जातिगत विवरण पनी संकलन गरिएको छ। यसमा मुख्य गरी गाउँपालिकामा बसोवास गर्ने जातिगत प्रारम्भिक तथ्याङ्कलाई हेर्दा ब्राह्मण क्षेत्री ८१.९४ प्रतिशत रहेको र दलित १२.७४ प्रतिशत रहेको मा अन्य जाति ५.३२ प्रतिशतमानिसको बसोवास रहेको पाईन्छ ।

तालिका ४ः वडा अनुसार जातीगत घरधुरी विवरण

| वडा नं. | टोल संख्या | घरधुरी | जातिगत घरधुरी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ब्राह्मण /क्षेत्री | दलित | अन्य | |
| १ | ६ | ५९४ | ३६६ | १२० | १०८ | |
| २ | १२ | ४७५ | २३५ | १९० | ५० | |
| ३ | ४ | ३०९ | २०१ | १०८ | ० | |
| ४ | ५ | २८५ | २०९ | ७६ | ० | |
| ५ | ३ | २८५ | २३९ | ४६ | ० | |
| ६ | ५ | २६४ | १८४ | ८० | ० | |
| ७ | ४ | ३३३ | २९७ | ३६ | ० | |
| जम्मा | ३९ | २५४५ | १७३१ | ६५६ | १५८ | |

स्रोतः मष्टा गाउँपालिका

यस्तै राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार सवैभन्दा धेरै जनसंख्या क्षेत्रि १०४५३ रहेको छ भने सवैभन्दा कम घर्ती जातीको जनसंख्या ३३ रहेको छ, यस सम्वन्धी विस्तृत विवरण तलको तालिका नं. ५ मा उल्लेख गरिएको छ ।

तालिका ५: जातिगत जनसंख्या र विवरण

| क्र.स | जातिय समुह | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| १ | क्षेत्री | १०४५३ | ४८१० | ५४४३ | ७८.८० |
| २ | ब्राह्मण | ४१६ | १९८ | २१८ | ३.१४ |
| ३ | विश्वकर्मा | ११८८ | ५६४ | ६२४ | ८.९६ |
| ४ | परियार | २७४ | १२१ | १५३ | २.०७ |
| ५ | ठकुरी | २८६ | १३२ | १५४ | २.१६ |
| ६ | मिजार | ५०२ | २२३ | २७९ | ३.७८ |
| ७ | सन्यासी/ डसनामि | १०३ | ४९ | ५७ | ०.८० |
| ८ | घर्ती | ३३ | १५ | १८ | ०.२५ |
| ९ | अन्य | ७ | ३ | ४ | ०.०५ |
| जम्मा | | १३२६५ | ६११५ | ७१५० | १०० |

श्रोतः राष्ट्रिय जनगणना २०७८

२.४.३ साक्षरता विवरण

समग्रमा यस मष्टा गाउँपालिकाको साक्षरता प्रतिशत ६८.४ रहेको राष्ट्रिय जनगणना २०७८ ले देखाएको छ, जसमा महिलाको साक्षरता ५८.९% र पुरुष साक्षरता ७९.७% रहेको छ। यस गाउँपालिकाको वडागत रुपमा महिलापुरुषको साक्षरता सम्बन्धी तालिकामा तल उल्लेख गरिएको छ।

तालिका ६: वडागत साक्षरता विवरण(५ वर्षमाथी)

| वडा नं. | जम्मा जनसंख्या | साक्षार जनसंख्या | साक्षार प्रतिशत |
|---|---|---|---|
| १ | २६२८ | १६५९ | ६७.२ |
| २ | २४९३ | १५०९ | ६७.४ |
| ३ | १६२२ | ११०९ | ७४ |
| ४ | १५७५ | १०८४ | ७६ |

| | | | |
|---|---|---|---|
| ५ | १५०० | ९०८ | ६७.१ |
| ६ | १४६७ | ८३७ | ६४.८ |
| ७ | १९८० | ११२६ | ६३.९ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.४.४ पेशा व्यवशाय

यस गाउँपालिकाका बासिन्दाहरुको मुख्य पेशा व्यवशाय भनेकै कृषि तथा पशुपालन हो। यहाँका मानिसहरुको दैनिक जिविकोपार्जनको मुख्य आधार कृषि र पशुपालन भएता पनि केहिमानिसहरु सिजनल व्यापार तथा रोजगारीका लागी छिमेकी मुलुक भारतमा जाने गरेका छन। त्यसका साथै गाँउपालिकाको विकास निर्माणका योजनाहरुमा समेत सहभागी भई छोटो अवधिका रोजगारीमा समेत उनीहरुको संलग्नता रहने गरेको देखिएको छ। केहि मानिसहरु सरकारी तथा प्राईभेट क्षेत्रमा जागिर गरिरहेका छन । वडागत रुपमा पेशामा संलग्न रहेका जनशक्तिहरु तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ७: विभिन्न पेशा व्यवशायमा संलग्न जनसंख्याको विवरण (१० वर्षमाथी)

| आर्थिक रुपले सक्रिय जनसंख्या तथा पेशा विवरण (१० वर्षमाथी) | संख्या |
|---|---|
| सशत्र बल | ६ |
| व्यस्थापक | १०८ |
| पेशाविद्हरु | १९८ |
| प्रविधिक तथा सहायक पेशाविद्हरु | ५५ |
| कार्यालय सहायक | ३९ |
| सेवा तथा वस्तु विक्रि गर्ने कामदार | १३८ |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदार | ५२०९ |
| शिल्पकला तथा कारिगिरी कामदार | १७७ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदार | २६ |
| सामान्य वा प्राथमिक पेशाका कामदार | ९९१ |
| जम्मा | ६९४९ |

श्रोतः राष्ट्रिय जनगणना २०७८

### २.४.५ कृषि र जिविकोपार्जन

भु-बनावट र उचाईको आधारमा बझाङ्ग जिल्ला नै उच्च्च पहाडी तथा हिमाली जिल्लाको सुचीमा पर्दछ। यस जिल्लाको अधिकांस भुभाग भिरालो र कडा चट्टानले बनेको छ। यसका साथै पहाडी भिरालो जमिनले बनेको हुनाले उत्पादनको हिसावले पनि निकै कम उत्पादन हुने जिल्लाको सुचीमा पर्दछ। त्यस्तै मष्टा गाउँपालिका पनि खाद्यान्न उत्पादनको हिसावले हेर्ने हो भने निकै कम उत्पादन हुने पालिका भित्र पर्दछ । यस गाउँपालिकाको धेरै जसो जमीन पहाडी भिरालो भुभाग रहेको छ। खाद्यान्न उत्पादनको हिसावले कम उत्पादनशील भएपनि प्रशस्त बनजंगलले भरिएको र ओसिलो भुभाग रहेकोले फलफुल तथा बहुमुल्य जडिवुटी का साथै पशुपालनको लागी प्रशस्त संभावना रहेको पाईन्छ। यस मष्टा गाउँपालिकाका मुख्य कृषि बालीहरुमा धान, मकै, कोदो र गहुँ रहेका छन। तर उन्नत बिउँ बिजन र सिंचाइको अभावले गर्दा उत्पादनमा खासै वृद्धि भईरहेको पाईदैन । कृषि उत्पादनका लागी सिंचाइको राम्रो व्यवस्था हुन सकेको खण्डमा धान तथा गहुको राम्रो उत्पादन हुने देखिन्छ । यस पालिकामा प्रशस्तमात्रामा वनजंगल र राम्रो हावापानी भएकाले पशुपालनको लागी राम्रो सम्भावना रहेको छ। गाउँपालिकाको वडागत रुपमा कृषि तथा जिविकोपार्जन सम्बन्धी वार्षिक खाद्यान्न प्रयाप्तताको घरधुरी विवरण तलको तालिका न. ८ मा उल्लेख गरिएको छ ।

तालिका ८ः वडागत रुपमा बार्षिक खाद्यान्न उत्पादनको पहुँचको अवस्था

| वडा नं. | घरधुरी | घरधुरी विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ३ महिना पुग्ने | ६ महिना पुग्ने | ९ महिना पुग्ने | १२ महिना पुग्ने | |
| १ | ५९४ | २४४ | १३५ | १२२ | ९३ | |
| २ | ४७५ | २२३ | १२३ | ९७ | ३२ | |
| ३ | ३०९ | १४९ | १०९ | ४३ | ८ | |
| ४ | २८५ | ८३ | १०२ | ५६ | ४४ | |
| ५ | २८५ | ११८ | ७८ | ४६ | ४३ | |
| ६ | २६४ | १२० | ७५ | ४५ | २४ | |
| ७ | ३३३ | १५८ | ९४ | ५१ | ३० | |
| जम्मा | २५४५ | १०९५ | ७१६ | ४६० | २७४ | |

स्रोतः मष्टा गाउँपालिका


पालिकाका घरधुरीहरु कृषि उत्पावन बाहेक जिविकोपार्जनका अन्य स्रोतहरु जस्तैः खुद्रा व्यापार, सिजनल ब्यापार, फलफुल खेती, मौरी पालन, भेडाबाख्रा पालन, जडिबुडि व्यापार साथै अन्य आय आजर्ननका क्रियाकलापहरुपनि संलग्न रहेको पाईन्छ ।

२.४.६ मौसमी पात्रो

यस गाउँपालिकामा संकलन गरिएका वडागत तथ्यांकहरुलाई विश्लेषण गरि समुदायममा गरिएको विस्तृत छलफलको अधारमा समुदायकामानिसहरुमा फुर्सदको समय थाहा पाउन मौसमी पात्रो तयार पारिएको छ ।यसले समुदायमा विकास निर्माणकाक्रियाकलापहरु संचालन गर्न, समुदायकोकार्य व्यस्तताकोबारे जानकारी लिन सजिलो हुन्छ । स्थानीय समुदायको जीविकोपार्जनका लागी कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरुमा व्यस्त हुने हुनाले फुर्सदको समयलाई मध्येनजर गरी विकासका क्रियाकलापहरु संचालन गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाका बासिन्दाहरु विषेश गरि जेष्ठ महिना देखि मंसिर महिना सम्म वढि व्यस्त हुने गर्दछन । यो समय किसानहरुका लागी अन्नवाली लगाउने देखि गोड्मेल गर्ने तथा अन्न घर भित्राउने समय भएको हुँदा अन्य समय भन्दा वढि यो समयावधि भित्र व्यस्त हुने गरेको देखिन्छ । त्यस्तै मंसिर देखि बैशाख महिनाअली फुर्सदिलो समय हुने भएकाले यस अवधिमा दैनिक ज्याला र मजदुरीको लागी जिल्ला भित्र, जिल्ला वाहिर र केहिमानिस छिमेकी मुलुक भारत समेत जाने गरेको पाइन्छ । यहाँका महिलाहरु घरयासी कामकाजमा व्यस्त हुने गरेको पाईन्छ ।

समग्रमा यस गाउँपालिकामा पुरुष भन्दा महिलाहरु सबै महिनामा वढि व्यस्त हुने गरेको तथ्यांङ्क विश्लेणले देखाउँछ । यस गाउँपालिकामा वडागत महिला र पुरुषको प्रत्येक महिना व्यस्त हुने

समयको विश्लेषण ग्राफ १ मा प्रस्तुत गरिएको छ ।




ग्राफ १: सिजन अनुसार समुदायका मानिसहरु काममा व्यस्त हुने समय (महिना)

२.४.७मानव संशाधन विश्लेषण

गुणस्तरीय र दिगो विकासका लागी विकास निर्माणका क्रियाकलापहरु संचालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष जनशक्ति हुन अति जरुरी छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसारयस गाउँपालिकामाभएका दक्षता र पेशामा संलग्न भएका जनशक्तिहरु विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ९: उमेर समुह अनुसार पालिकाका पेशामा संलग्न जनशक्ति विवरणः

| पेशा | उमेर समुह वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६४+ |
| सशत्रबल | ० | ३ | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| व्यस्थापक | ० | ४ | ७ | ८ | १७ | १९ | १२ | १३ | १३ | ५ | २ | ८ |
| पेशाविद्हरु | ० | २ | ९ | २७ | ४३ | ४१ | २६ | १३ | १९ | ९ | ८ | १ |
| प्रविधिकतथासहायकपेशाविद्हरु | १ | १ | १७ | ९ | ७ | ६ | ९ | ० | २ | २ | १ | १ |
| कार्यालयसहायक | २ | १ | ५ | १२ | ५ | ७ | १ | १ | १ | २ | १ | १ |
| सेवातथावस्तुविक्रिगर्नेकामदार | २ | ८ | १७ | २१ | १२ | १४ | ९ | १३ | १३ | ८ | ८ | १३ |
| कृषिवनरमाछापालनकार्यमादक्षकामदार | ५७५ | ७५९ | ५९८ | ४०९ | ३६२ | ४३१ | ४९४ | ३८६ | ३५१ | २८० | २१९ | ३६५ |
| शिल्पकलातथाकारिगिरीकामदार | ० | १ | १४ | १६ | १२ | १८ | २४ | २१ | २३ | १९ | १३ | १६ |
| कारखानातथायन्त्रप्रचालकरजडानगर्नेकामदार | ० | १ | ९ | २ | ४ | ५ | २ | ३ | ० | ० | ० | ० |
| सामान्यवाप्राथमिकपेशाकाकामदार | २४० | १६९ | ८३ | ५७ | ५५ | ९२ | ७० | ५७ | ३४ | २६ | ३५ | १०९ |
| जम्मा | | | | | | | | | | | | |

तालिका ९ः उमेर समुह अनुसार पालिकाका पेशामा संलग्न जनशक्ति विवरणः

२.४.८ टोल वस्तिहरुको विवरण

मष्टा गाउँपालिकामा रहेका टोल बस्तिहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १०:वडागत टोल वस्तिहरुको विवरण

| वडा नं. | टोल बस्तिहरुको नाम |
|---|---|
| १ | समदेउ,जिन्नाडा,लेकी,कोटदेवल,ठाना,रनाडा |
| २ | खेतकोट,उकाली,मेलखेत,अधिकारीगाउँ,तिनगाउँ,धुरिल्ल,बाडेगाउँ,नौरा,गान्जी,तुति,धनातोली,खिकाला |
| ३ | भिन्मड,धामीगाउँ,गैरीगाउँ,सेरा |
| ४ | बास्तोली,बाहुनगाउँ,भातेखोला,खेती,आग्रा |
| ५ | द्धारी,किनाडा,सेरुपैल |
| ६ | रिलु,रिखाला,रोकाबाडा,झाडगाउँ,कमेडिखान |
| ७ | लटौन,तल्लाठकुना,मल्ला ठकुन्ना,दय |

२.४.९ स्थानीय निर्माण सामाग्रीको उपलब्धता

यो गुरुयोजना निर्माणको चरणमा वडास्तरको कार्यशालमा गरिएको छलफल तथा विश्लेषणले मष्टा गाउँपालिकामा विकास निर्माणका क्रियाकलापहरु संचालन गर्न स्रोतसाधन तथा निर्माण सामाग्रीको पर्याप्तता रहेको देखिएको छ । यस्तै ढुङ्गा, गिट्टी र वालुवाको लागी सवै वडाहरुमा स्थानिय खोला र सेति नदिबाट उपलब्ध भईरहेको छ भनेकाठको लागी वडाहरुमा सहज रुपमा उपलब्ध नभएकाले सामुदायिक वन तथा जंगलबाटपरिपूर्ति गर्नुपर्ने अवस्था रहेको छ। यहाँ वडा अनुसार उपलब्ध स्थानीय स्रोतसाधनहरुको विस्तृत विवरण वडा कार्यालयलाई केन्द्र मानि तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११: स्थानीय स्रोत सामग्रीको उपलब्धताको अवस्था

| वडा नं. | स्थान दुरि | ढुङ्गा | बालुवा | काठ | गिट्टि |
|---|---|---|---|---|---|
| १ | स्थान | सम्पूर्ण टोल | सेति नदि | सम्पूर्ण टोल | सम्पूर्ण टोल |
| | दुरि | ५०० मि | १००० मि. | १ किमी | १ किमी |
| २ | स्थान | सम्पूर्ण टोल | सेति नदि | सम्पूर्ण टोल | सम्पूर्ण टोल |
| | दुरि | ४०० मी | १२०० मि. | १ किमी | ५०० मि |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | स्थान | सम्पूर्ण टोल | सेति नदि | जंगल | सम्पूर्ण टोल |
| | दुरि | ३०० मि | ९८० मि. | ६०० मि | |
| ४ | स्थान | सम्पूर्ण टोल | सेति नदि | सामुदायिक वन | सम्पूर्ण टोल |
| | दुरि | | ८०० मि. | | |
| ५ | स्थान | सम्पूर्ण टोल | सेति नदि | सम्पूर्ण टोल | सम्पूर्ण टोल |
| | दुरि | | १५०० मि. | | |
| ६ | स्थान | सम्पूर्ण टोल | सेति नदि | जंगल | सम्पूर्ण टोल |
| | दुरि | | २००० मि. | ५०० मि | |
| ७ | स्थान | सम्पूर्ण टोल | सेति नदि | सम्पूर्ण टोल | सम्पूर्ण टोल |
| | दुरि | | २५०० मि. | | |

## २.५ नागरिक सेवा सहायता सम्बन्धि विवरण

यस गाँउपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा आधारभुत तथामाध्यमिक विद्यालयहरु रहेका छन भने ७वटै वडाहरुमा स्वास्थ्य सेवा प्रवाहका साथै पालिका स्तरबाट रोजगारी, कृषि तथा पशु सेवा सहायता प्रदान गरिदै आएको छ। पालिका स्तरमा अन्य विषयगत सेवाकेन्द्रहरु रहेतापनी वडास्तर सम्म विस्तार हुन सकेको छैनन । गाउँपालिकामा संचालित सेवा केन्द्रको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १२: स्थानीय तहबाट उपलब्ध भएको सेवा सहायत सम्बन्धि विवरण

| क्र.स | सञ्चालित सेवा को विवरण | कार्यालय स्थान तथा सेवा प्रवाह क्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकिहरु | वडा नं. १, २, ४ र ६ | ४ |
| २ | वर्थिङ्ग सेन्टर | वडा नं. ४ र ७ | २ |
| ३ | आधारभुत स्वास्थ्य केन्द्र | वडा नं. ३,५ र ७ | ३ |
| ४ | सामुदायिक स्वास्थ्य इकाई केन्द्र | वडा नं. १, २ र ७ | ३ |
| ५ | सामुदायिक विद्यालय | सम्पूर्ण वडा | ३३ |
| ६ | बैकिङ्ग सेवा | वडा नं. ४ रा.बा.बैंक | १ |
| ७ | हुलाक सेवा | वडा नं. ४ | १ |
| ८ | कृषि सेवा | गाउँपालिका | |

| | | | |
|---|---|---|---|
| ९ | पशु सेवा | गाउँपालिका | |
| १० | रोजगार सेवा | गाउँपालिका | |

२.६ विकास साझेदारहरु गैर सरकारी संस्थाहरु समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धी विवरण

मष्टा गाँउपालिकाको विकास निर्माणमा गाउँपालिकासंग समन्वय साझेदारी गर्दै विभिन्न विकास साझेदार संस्थाहरु विभिन्न क्षेत्रमाकार्यक्रम संचालन गर्दै आईरहेका छन। विशेष गरी खानेपानी तथा सरसफाइ, कृषि उत्पादन, स्वास्थ्य, विपद् जोखिम न्यूनिकरण लगायत समाजिक आर्थिक विकासका क्रियाकलापहरुमा साझेदार संस्थाहरुले सघाउ पुर्‍याउँदै आईरहेका छन। गाउँपालिकामाकार्यरत विकास साझेदार गैरसकारी संस्थाहरुको विवरण तलकोतालिकामा उल्लेख गरिएको छ।

तालिका १३ः गाउँपालिकामाकार्यरत विभिन्न विकास साझेदार संस्थाहरुको विवरण

| क.स | संघ सस्थाको नाम | कार्यक्रम सञ्चालन क्षेत्र |
|---|---|---|
| १ | साहारा नेपाल | कृषि उपज उत्पादन तथा जिविकोपार्जन |
| २ | हेफर प्रोजेक्ट नेपाल | कृषि उपज उत्पादन |
| | | |

## अध्याय तिन

## ३. विद्यमान जलश्रोतहरुको अवस्था र प्रयोग

### ३.१ जलश्रोतहरुको विवरण

एकीकृत जलश्रोत व्यवस्थापनको अवधारणा अनुसार जलश्रोत सम्बन्धी योजना, यसको दिगो विकास र व्यवस्थापनका लागी यस मष्टा गाउँपालिकामा रहेका खानेपानी, सिंचाइ जलविद्युत, वातावरण र अन्य पर्यावरणका क्षेत्रमा रहेका श्रोतहरुको विवरण संकलन गरिएको छ । यस गाउँपालिका भित्र रहेका सम्पुर्ण वडाहरुको वडागत श्रोतहरुको विवरण छुट्टा छुट्टै संकलन गरिएको हो। जसमा गाउँपालिका भित्रका हाल प्रयोगमा रहेका वा नरहेका साना र ठुला गरी जम्मा ४२४ वटा पानीका श्रोतहरु रहेको पाईएको छ। जस मध्ये २४ मुहानहरुलाई खानेपानी आयोजनाका रुपमा हाल प्रयोगमा ल्याईएका छन। ५८% जनसंख्याले अझै पनि खोला कुलो मूल लगायतका असुरक्षित पानी प्रयोग गरिराखेको अवस्था रहेको छ ।

### ३.२ जलश्रोतहरुको विश्लेषण

जलउपयोग गुरुयोजना तयारीका लागी गाउँपालिका भित्र रहेका समग्र जलश्रोतहरुको विवरण संकलन गरी अति आवश्यक भएकोले गुरुयोजना निर्माण गर्दा जलस्रोतको अवस्था र तिनको हालको उपयोगको बारेमा विस्तृत विवरण सहित विश्लेषण गरिएको छ। यस गुरुयोजना तयारीका लागी गरिएको फिल्ड  अध्ययनका क्रममा जम्मा ४२४ वटा स्रोतहरुको पहिचान गरि सर्वेक्षण गरिएको छ । जस मध्ये ८९ पानीका मुहानहरु संरक्षित छन भने ३३५ वटा मुहानहरु असंरक्षित रहेको पाईएको छ।

#### ३.२.१ पानीका श्रोतहरुको वर्गिकरण

यस मष्टा गाउँपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगमा आउन सक्ने जलस्रोतको अवस्थालाई प्राविधिक विश्लेषण गर्दा यस गाउँपालिकामा पानीका मूल र त्यसपछि मूलबाट निस्केका स-सानाखोलाहरूमिलेरठूलाखोलाहरुबनेकाछन्। उल्लेखित श्रोतको अवस्थाको आधारमा हेर्ने हो भने सबै भन्दा धरै पानीका मुहान (८१ वटा) वडा नं. १मा रहेका छन भने, सवै भन्दा कम पानीका मुहानहरु (२९ वटा) ६ नं. वडामा रहेका छन। त्यसै गरी सवै वडाहरुमा मुख्य गरी मूलहरु बढि

नै रहेको पाईएको छ। ति श्रोतको अवस्थाको विस्तृत विश्लेषण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १४: वडागत रुपमा उपलब्ध पानीका श्रोतहरुको वर्गिकरण

| वडा नं. | स्रोत हरुको प्रकार | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | मुल | मूलबाट उत्पन्न खोला | जलाशय | मौसमि (वर्षे) मूल | कुवा | |
| १ | ८१ | १ | ० | ४३ | ० | |
| २ | ६६ | १ | ० | ३९ | १ | |
| ३ | ६१ | १ | ० | ३२ | ० | |
| ४ | ४९ | १ | ० | २२ | ० | |
| ५ | ७४ | १ | ० | २१ | ० | |
| ६ | २९ | १ | ० | ३४ | ० | |
| ७ | ६४ | १ | ० | ३१ | १ | |
| जम्मा | ४२४ | ७ | ० | २३२ | २ | |

स्रोतःमष्टा गाउँपालिका

### ३.२.२ अवस्थितिको आधारमा स्रोतको विवरण

यस मष्टा गाउँपालिकाको ७ वटै वडाहरुमा रहेका उपलब्ध स्रोतहरुको सम्भावित उपयोग निर्धारण गर्नका लागी मोवाईल प्रविधिको प्रयोग गरी KoBo Collect कोमाध्यमबाटमापन गरिएका प्रत्येक स्रोतहरुको जि.पि.एस. कोडिङ प्रयोग गरी उचाई सहितको भौगोलिक अवस्थिति सहित क्षमताकोमापन गरी तथ्याङ्क संकलन गरिएको थियो। यस गाउँपालिकामा रहेका विद्यमान स्रोतहरुको अवस्थिति उचाईकोमाध्यमबाट विश्लेषण गर्दा सर्वेक्षण गरिएका जम्मा ४२४ वटा विद्यमान स्रोतहरुलाई हालको अवस्थितिका आधारमा तलको तालिकामा विश्लेषण गरिएको छ ।

तालिका १५: अवस्थितिका आधारमा पानीका स्रोतहरुको विश्लेषण

| वडा नं | उचाई मि. का आधारमा श्रोतहरुकको अवस्थिति | | | | |
|---|---|---|---|---|---|
| | १२०० मि.- १५०० मि. | १५०१ मि.- १८०० मि. | १८०१ मि.- २१०० मि. | २१०० मि.- २४०० मि. | २४०० मि. भन्दा मागि |
| १ | २६ | २१ | ९ | १६ | ९ |
| २ | ९ | १५ | २३ | ७ | १२ |
| ३ | ६ | २७ | १२ | १४ | २ |
| ४ | २३ | १५ | २ | १ | ० |
| ५ | १६ | ३९ | ७ | ९ | ३ |
| ६ | १ | २० | ४ | ७ | ५ |
| ७ | ० | १५ | १८ | १२ | १९ |
| जम्मा | ८१ | १५२ | ७५ | ६६ | ५० |

स्रोतःमष्टा गाउँपालिका

३.२.३ क्षमताको आधारमा श्रोतहरुको विश्लेषण

गुरुयोजना निर्माणका लागि तथ्याङ्क संकलन गर्दा गाउँपालिकामा रहेका पानीका श्रोतहरु र तिनका मुहानहरुलाई क्षमताको आधारमा समेत विवरण संकलन गरिएको छ। यसरी पहिचान भएका कुल ४२४ वटा पानीका स्रोतहरूलाई क्षमताको आधारमा हेर्दा ०.१ लिटर प्रति सेकेन्डभन्दा कम ३७.२६% श्रोतहरु, ०.१ देखि ०.५ लिटर प्रति सेकेन्डक्षमता भएका २२.४१% श्रोतहरु, २२.१७% स्रोतहरूको क्षमता ०.५ देखि १ लिटर प्रति सेकेन्ड, २१.२२% स्रोतहरूको क्षमता १ लिटर प्रति सेकेन्डक्षमता भएका र सो भन्दा बढी क्षमता भएका श्रोतहरु रहेका देखिन्छन् । यस अर्थमा यो गाउँपालिकामा रहेका जलस्रोतहरूबाट खानेपानी, सिंचाइ, उर्जा आदि प्रकारका प्रयोगहरुको सम्भावना देखिन्छ । यसरी पानीकोमात्रा (क्षमता) को आधारमा यस गाउँपालिकामा रहेका श्रोतहरुको विवरण तालिकामा दिईएको छ।

तालिका १६: मात्राको आधारमा श्रोतहरुको वर्गिकरण

| वडा नं. | श्रोतको संख्या | श्रोत वहावको अवस्था(Liter Per Second LPS) | | | | श्रोत उपलब्धता | | |
|---|---|---|---|---|---|---|---|---|
| | | <०.१ | ०.१-०.५ | ०.५-१ | >१ | १० महिना | ११ महिना भन्दा कम | बर्ष भरि |
| १ | ८१ | ४२ | ९ | २१ | ९ | | | ८१ |
| २ | ६६ | ३३ | १२ | ११ | १० | | | ६६ |
| ३ | ६१ | १० | २१ | १६ | १६ | | | ६१ |
| ४ | ४९ | १७ | १२ | ९ | ११ | | | ४९ |
| ५ | ७४ | १६ | १८ | १६ | २३ | १ | १ | ७२ |
| ६ | २९ | ११ | ६ | ३ | ९ | | | २९ |
| ७ | ६४ | २९ | १७ | ८ | १३ | | | ६४ |
| जम्मा | ४२४ | १५८ | ९५ | ९४ | ९० | | | ४२२ |
| प्रतिशत | | ३७.२६% | २२.४१% | २२.१७% | २१.२२% | | | |

स्रोत:मष्टा गाउँपालिका स्रोत सर्वेक्षण

### ३.२.३ गुणस्तरका आधारमा श्रोतको विश्लेषण

यस गाउँपालिकाको जलउपयोग गुरुयोजना प्रयोजनका लागी पालिकाका सम्पूर्ण वडाहरुमा रहेका जल श्रोतहरुको पहिचान गरी सबै स्रोतहरुको गुणस्तर विश्लेषण गरिएको छ । यसका लागी सबै मुहानहरुको स्थलगत अवलोकन गरी त्यहाँको समग्र अवस्थाकोजानकारी आउने गरी तथ्याङ्क संकलन गरिएको छ। विशेष रुपमा स्रोतको वरिपरि भौगोलीक बनावटको जोखिम आंकलन, बन जंगल, वातावरणीय, हिसावले पानीको श्रोत कति सुरक्षित, कति असुरक्षित र पानीलाई प्रदुषित गर्न सक्नेमानवीय वस्तीको अवस्था, र पशुचौपायाहरुले खुल्ला चरिचरन गर्न सक्ने नसक्ने जस्ता सम्भावना अवसर र चुनौतीहरुलाई समेत विश्लेषण गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने पालिकामा पहिचान सहित विश्लेषण गरिएका कुल ४२४ स्रोतहरू मध्ये समुदायका उत्तर दाताहरुको भोगाई र हाल सम्मको उपयोगको अवस्था हेर्ने हो भने ४२४ मूल मध्ये ४२१ वटा मूलहरु समुदायद्धारा स्विकार्य मूलहरु भेटिएका छन् भने बाँकी ३ वटा मूलको गुणस्तरमा समुदायको

स्विकार्यता नहरेको पाईएको छ । पानीको गुणस्तरका आधारमा पानीका स्रोतको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| वडा नं. | श्रोतको संख्या | गुणस्तर | | श्रोतको अवस्था | |
|---|---|---|---|---|---|
| | | स्विकार्य | अस्विकार्य | संरक्षित | असंरक्षित |
| १ | ८१ | ७९ | २ | १९ | ६० |
| २ | ६६ | ६६ | | ९ | ५७ |
| ३ | ६१ | ६१ | | १२ | ४९ |
| ४ | ४९ | ४८ | १ | ७ | ४० |
| ५ | ७४ | ७४ | | २२ | ५२ |
| ६ | २९ | २९ | | ६ | २३ |
| ७ | ६४ | ६४ | | १४ | ५० |
| जम्मा | ४२४ | ४२१ | ३ | ८९ | ३३५ |

स्रोत:मष्टा गाउँपालिका स्रोत सर्वेक्षण

### ३.२.४ विद्यमान उपयोग र जलस्रोतहरुको संभावित उपयोगको आधारमा

यस गाउँपालिकामा भएका उपलब्धपानीका स्रोतहरुको उपयोग गरि एकीकृत रुपमा विकास गर्न सहयोग गर्ने उद्देश्य अनुरुप यस गुरुयोजना बनाई भविश्यमाअझै कसरी प्रभावकारी रुपमा उपयोग गर्न सकिन्छ भनिहेरिएको थियो। पहिचान भएका पानीका श्रोतहरूको सम्भाव्यता र उपयोगीतालाई विश्लेषण गर्दा एकीकृत अवधारणा अनुसार पानीका विभिन्न उपक्षेत्रहरूलाई खानेपानी सरसफाइ र स्वच्छता, सिंचाइ तथा ढल निकास, वातावरण, पर्यावरण लगायत अन्य जलशक्तिमा विभाजन गरिएको छ ।त्यस्तै यस मष्टा गाउँपालिकामा रहेका पानीका ४२४ स्रोतहरू मध्ये करिब ६६.७५% स्रोतहरू खानेपानीका लागि, २३.११% सिंचाइका लागि, र ११.०८% बहुउपयोगका लागि उपयोगसमभावना रहेको छ भने १८% स्रोतहरू हाललाई प्रयोगविहिन अवस्थामा देखिन्छन् । स्रोतहरूको विद्यमान उपयोगको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | श्रोत संख्या | श्रोतको वर्तमान अवस्था | श्रोतको सम्भावित उपयोग |
|---|---|---|---|

| | | नीजि प्रयोजन | प्रयोग विहिन | सामुदायिक | सार्वजनिक/संस्थागत | खानेपानी | सिचाई | बहुउपयोग |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८१ | ८ | १६ | ४० | १७ | ५८ | १६ | ११ |
| २ | ६६ | ९ | १४ | ३५ | ८ | ४६ | १२ | ८ |
| ३ | ६१ | ७ | २१ | २६ | ७ | ३६ | १९ | ६ |
| ४ | ४९ | ८ | १९ | १३ | ६ | २७ | १३ | ९ |
| ५ | ७४ | ११ | १९ | ३१ | १३ | ५२ | १६ | ६ |
| ६ | २९ | ७ | ९ | ११ | २ | १६ | ९ | ४ |
| ७ | ६४ | १२ | १० | ३२ | १० | ४८ | १३ | ३ |
| जम्मा | ४२४ | ६२ | १०८ | १८८ | ६५ | २८३ | ९८ | ४७ |

स्रोत:मष्टा गाउँपालिका

## ३.३ विद्यमान खानेपानी आयोजनाहरुको अवस्था र विश्लेषण

### ३.३.१ विद्यमान योजनाहरुको सेवा क्षेत्र र लाभान्वित घरधुरी

यस गाउँपालिकाको खानेपानी पहुँचको अवस्थालाई वडागत रुपमा खानेपानीको श्रोत र सेवाप्राप्त गरि रहेका घरधुरीहरु, जनसंख्याको हालको विवरण संकलन गरिएको छ। खानेपानी पाईप प्रणालीमार्फत सुधारिएको खानेपानी धारा र अन्य विभिन्न पानीका स्रोतबाट के कस्तो पानी खाईरहेका छन भन्ने कुराको पालिकाको ७ वटै वडाहरुमा फिल्ड सर्वेक्षण गरिएको थियो। जस अनुसार समुदायमा केहि परिवारले विद्यमान खानेपानी पाईप प्रणालीका योजनाहरु, सुधारिएको ढुंगेधारा, मुल सुधार जस्ता सुधारिएका प्रणालीबाट खानेपानी प्रयोग गरिरहेका छन् र अन्य घरपरिवारले अझैपनि अव्यवस्थित पाईप तथा असुरक्षित पानीका श्रोतहरुबाट खानेपानीको आवश्यकता पुरा गरिरहेका । औसत करीव २५ प्रतिशत जनता आधारभुत खानेपानी प्रणाली (पाईप तथा सुरक्षित मुहान) बाट खानेपानी सुविधा पाईरहेका छन् भने, बाकी ७५ प्रतिशत जनता अझै पनि विभिन्न असुरक्षित स्रोतबाट खानेपानी खान वाध्य छन् । जलउपयोग गुरुयोजना तयार गर्ने क्रममा यस गाउँपालिकामा रहेका सम्पुर्ण खानेपानी योजनाहरुको विवरण संकलन गरि वर्तमान सञ्चालनको अवस्था साथै मर्मत सम्भार, सुचारुपना र दिगोपना सित सम्बन्धित तथ्यांकहरुको संकलन तथा विश्लेषण गरिएको छ। साथै सम्पुर्ण खानेपानी योजनाहरुको वर्तमान उपभोगको अवस्थामा खानेपानी उपलब्धताका आधारमा सहजता वा असहजताको अवस्था पनि विश्लेषण गरिएको छ । अझै पनि यस गाउँपालिकाको कतिपय बस्ती र

टोलहरुमा सुरक्षित खानेपानीको सेवा पुग्न सकेको छैन । हालको तथ्याङ्कलाई हेर्ने हो भने १३८१ वटा घरधुरीहरुमा कुनै पनि खानेपानी योजनाको सेवा क्षेत्रले समेट्न सकेको छैन र अझै पनि ति घरधुरीहरुले असुरक्षित श्रोतहरुको पानी प्रयोग गरिराखेको अवस्था छ ।

तालिका १९: विद्यमान संचालित खानेपानीको योजना लाभान्वित घरधुरीको विवरण

| वडा नं. | घरधुरी संख्या | पाईप प्रणालीबाट पानी प्रयोग गर्ने घरधुरी | | | निर्माणाधिन खा.पा योजना | | नया निर्माण गर्नुपर्ने खा.पा योजना | |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | धारा संख्या | लाभान्वित घरधुरी | योजना संख्या | लाभान्वित घरधुरी | योजना संख्या | लाभान्वित घरधुरी |
| १ | ५९४ | ६ | ९५ | १४३ | ० | ० | १ | २३ |
| २ | ४७५ | ४ | ९५ | १४७ | ० | ० | २ | ४५ |
| ३ | ३०९ | ३ | १७ | १९६ | ० | ० | ० | ० |
| ४ | २८५ | ३ | २५ | १८५ | ० | ० | १ | २८ |
| ५ | २८५ | २ | २२ | १७० | ० | ० | ० | ० |
| ६ | २६४ | २ | १६ | १३८ | ० | ० | ० | ० |
| ७ | ३३३ | ४ | ६३ | १८५ | ० | ० | १ | ३७ |
| जम्मा | २५४५ | २४ | ३४३ | ११६४ | | | ५ | १३३ |

विद्यमान खानेपानी आयोजनाहरुको प्रयोगको अवस्था र वर्गिकरण

### ३.३.२ विद्यमान खानेपानी योजनाहरुको संचालनको अवस्था

जलउपयोग गुरुयोजना निर्माण गर्दा हरेक घरधुरीहरुले प्राप्त गरिरहेको सेवा तथा सुविधास्तरलाई अध्ययन गरी यस गाउँपालिकाका सम्पुर्ण घरधुरीको खानेपानी उपभोगको वर्तमान अवस्था र खानेपानी उपलब्धताका आधारमा सहज वा असहजता के कस्तो अवस्थामा छन सोको जनाकारीका लागी यस गाउँपालिकामा रहेका विद्यमान योजनाहरुको सम्पुर्ण विवरण संङ्कलन गरिएको छ। यस गाउँपालिकामा जम्मा २४ वटा खानेपानी योजना निर्माण गरिएको भएता पनि हाल सम्म करिब ७२ घरधुरीहरुले मात्र खानेपानी योजनाहरुबाट पाईप प्रणाली बाट खानेपानी उपभोग गरिराखेको पाईन्छ । तर, संरचनाहरुको नियमित मर्मत सम्भारको अभाव तथा स्रोत विवाद आदिकोकारणले गर्दा अधिकांश योजनाहरु जिर्ण अवस्थामा रहेको र डिजाईन ईस्टीमेट बमोजिमको गुणस्तर सहित

संरचनाहरु संचालनमा आउन नसेको अवस्था छ । डिजाईन ईस्टीमेट अनुसारको सुविधा स्तरकायम राख्न सकिएको छैन । मर्मत सम्भारको अभावमा कुनैपनि योजनाको दीगोपनाको संचालन हुन सक्दैन । त्यसका लागी खानेपानीमा पनि शुसासनकायम, नियमित मर्मत सम्भारकोष व्यवस्थापन, पानी हेरालोको नियुक्ती, वार्षिक साधारण सभा, उपभोक्ता समितिको नियमित बैठक, पानी सुरक्षा योजना प्रमुख कुरा हुन। विद्यमान आयोजनाहरुको सञ्चालनमा रहेका योजनाहरुको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ, भने विद्यमान योजनाहरूकोकार्य सञ्चालनको अवस्था र घरधुरीको उपभोगको हिसावले सेवा सुविधा स्तरको वडागत विवरण तालिका २० मा उल्लेख गरिएको छ ।

तालिका २०: विद्यमान खानेपानी आयोजनाहरुको संचालनको अवस्था

| वडा नं. | जम्मा घरधुरी | विद्यमान योजना संख्या | राम्रो सञ्चालित योजना | | समन्य मर्मत गर्नुपर्ने योजना | | ठुलो मर्मत गर्नुपर्ने योजना | | पुन:निर्माण गर्नुपर्ने योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | योजना संख्या | लाभान्वित घरधुरी | योजना संख्या | लाभान्वित घरधुरी | योजना संख्या | लाभान्वित घरधुरी | योजना संख्या | लाभान्वित घरधुरी |
| १ | ५९४ | ६ | १ | १८ | २ | ७८ | ० | ० | ३ | ४७ |
| २ | ४७५ | ४ | १ | २७ | १ | ३७ | ० | ० | २ | ८३ |
| ३ | ३०९ | ३ | ० | ० | १ | २२ | ० | ० | २ | १७४ |
| ४ | २८५ | ३ | ० | ० | ० | ० | ० | ० | ३ | १८५ |
| ५ | २८५ | २ | ० | ० | ० | ० | ० | ० | २ | १७० |
| ६ | २६४ | २ | ० | ० | ० | ० | ० | ० | २ | १३८ |
| ७ | ३३३ | ४ | १ | २७ | ० | ० | ० | ० | ३ | १५८ |
| जम्मा | २५४५ | २४ | ३ | ७२ | ४ | १३७ | ० | ० | १७ | ९५५ |

यस पालिकामा जम्मा २४ वटा खानेपानी योजनाहरु निर्माण गरिएको भएता पनि करीव १७ वटा योजनाहरु हाल पूर्ण रुपमा बन्द भई पुन:निर्माणको पर्खाईमा रहेका छन् । संचालनमा रहेका अन्य ७ योजनाहरुको पनि व्यवस्थापकीय अवस्था तथा मर्मत सम्भारको अवस्था ज्यादै कमजोर छ । संचालनमा रहेका यी ७ योजनाहरू मध्ये ३ वटा योजनाहरू राम्रोसँग चलिरहेका छन्। यी योजनाहरुमा पहिलो स्तरको सुविधास्तर रहेको भन्न सकिन्छ। तथापी त्यस्ता किसिमका सूचकहरुका

लागी अध्ययन गरिएको छैन। त्यस्तै ४ वटा योजनाहरू सामान्य सुचारुपनाको अवस्थामा छन । तथापी यी योजनाहरूमा सामान्य मर्मत गर्नु पर्ने अवस्था देखिन्छ ।

यस पालिकामा रहेका अधिकांश खानेपानी योजनाहरुको उपभोक्ता समितिहरुको सक्रियपना न्यून छ, पालिका क्षेत्र भित्र हाल सञ्चालनमा रहेका २४ वटा खानेपानी तथा सरसफाइ योजनाहरू मध्ये १५ वटा योजनाहरुको उपभोक्ता समितिहरू बैधानिक रुपमा दर्ता भएका भए पनि ५ वटा योजनाका उपभोक्ता समितिहरू मात्र सक्रिय देखिन्छन् । मर्मत संभारकोष र मर्मत संभारकार्यकर्ता भएका योजनाहरुको संख्या एकदमै न्यून देखिन्छ । संचालनमा रहेका कतिपय खानेपानी योजनाहरुको गुणस्तरलाई हर्ने हो भने नेपाल सरकारले तोकेको आधारभुत सेवाकोमापढन्ड पुरा गर्न सक्ने अवस्थामा छैनन ।

### ३.३.३ निर्माणाधिन खानेपानी योजनाहरुको सेवाक्षेत्र तथा लाभान्वित घरधुरी

यस पालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता र जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्यांङ्क लाई हेर्दा यस मष्टा गाउँपालिकामा विभिन्न वडाहरुमा गरी ५ वटा खानेपानी योजनाहरु निर्माणाधिन अवस्थामा रहेका र उक्त योजनाहरुबाट १९३ घरधुरीका १८५७ जनसंख्या लाभान्वित हुने देखिन्छ । निर्माणाधिन योजनाहरुको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २२: निर्माणाधिन खानेपानी योजनाहरुको विवरण र लाभान्वित घरधुरी र जनसंख्या

| वडा नं. | योजना संख्या | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ५६ | ४३२ | ५०००० | |
| २ | २ | ७६ | ९७६ | ११०००० | |
| ३ | ० | ० | ० | ० | |
| ४ | १ | ४० | ३२० | ३००००० | |
| ५ | ० | ० | ० | ० | |
| ६ | ० | ० | ० | ० | |
| ७ | १ | २१ | १२९ | १६९००० | |
| जम्मा | ५ | १९३ | १८५७ | ६३९००० | |

स्रोत मष्टा गाउँपालिका घरधुरी सर्वेक्षण

## ३.४ विद्यमान सरसफाइ अभ्यासको अवस्थाको विश्लेषण

### ३.४.१ बस्तीहरुको खुला दिसा मुक्तक्षेत्र तथा पुर्णसरसफाइको अवस्था

यस गाउँपालिका अन्तर्गत साबिकका गा.वि.स.हरु खुल्ला दिसामुक्त घोषणा भएका थिए तथा हालको सरसफाइको अवस्थालाई विश्लेषणगर्दा अधिकांश घरधुरीहरुमा पिट शौचालय रहेको देखिन्छ। जस अन्तगत अलग्गिएका धरघुरीहरु तथा शौचालय बिग्रेभत्केकोअवस्थामारहेका कारण विद्यमानसामाजिक घरधुरीहरु छन । चालु अवस्थामा रहेका शौचालय पनि उपयुक्त कम प्रयोग हुदै गइरहेका र जिर्ण बन्दै गइरहेको अवस्था माछन। मर्मत सम्भारको अभावका गाउँपालिकामा कुरीतिहरु, पर्याप्त सचेतनाको अभाव आदि कारणले शौचालयको प्रयोग पूर्णरुपमा नभई खोलानाला लगायतका खुल्लास्थानवाचौरमा दिसागर्नेसमेत अभ्यास रहेको पाइन्छ। संस्थागत सरसफाइ तथा स्वच्छताको अवस्था विश्लेषण गर्दा विशेष गरि विद्यालयहरुमा शौचालय निर्माण गरिएको भएता पनि उचित व्यवस्थापनको अभावमा विद्यालय वरिपरि खुल्ला दिसा देखिने तथा केहि संरचनामा त्रुटीका कारण बालबालिकाहरुलाई शौचालय प्रयोगमा कठिनाई रहेको देखिन्छ । गाउँपालिका क्षेत्रमा मनाईने ठुला चाडपर्व, मेला, खेलकुद तथासार्वजनिक स्थलहरुमा हुने जमघटहरुमा सार्वजनिक शौचालयको अभावले खुल्ला स्थानमा दिसा गर्ने गरेको समेत स्थानियहरुको गुनासो रहेको पाइन्छ। यस्तै यस गाउँपालिकामा रहेका जम्मा २५४५ घरधुरी मध्ये २२ घरधुरीले साझा शौचालय वा सार्वजनिक शौचालय उपयोग गरेको पाईएको छ।

तालिका २३ : शौचालयको प्रयोग सम्बन्धी विवरण

| वडानं | घरधुरी | प्रयोग गरिएको शौचालयको प्रकार | | | | शौचालयको सुविधा नभएको |
|---|---|---|---|---|---|---|
| | | फलस शौचालय (सार्वजिनक ढल) | फलस शौचालय (सेफ्टिटयाङ्कि) | पिट शौचालय | सार्वजनिक शौचालय | |
| १ | ५९४ | ० | ५७९ | ८ | ३ | ४ |
| २ | ४७५ | ० | ४६१ | १० | १२ | ३ |
| ३ | ३०९ | ० | २९८ | ६ | १ | २ |
| ४ | २८५ | ० | २६७ | ४ | १ | ३ |
| ५ | २८५ | ० | २७० | ३ | ० | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २६४ | ० | २७४ | ४ | २ | ३ |
| ७ | ३३३ | ० | ३२८ | ४ | २ | ३ |
| जम्मा | २५४५ | ० | २४७१ | ३९ | २१ | २२ |

स्रोतःराष्ट्रिय जनगणना २०७८

केहि समुदायमा सुरक्षित खानेपानीको प्रयोग, सुरक्षित खानाको प्रयोग, सफा घर आँगन र सफा वातावरण जस्ता सूचकहरूकोकार्यान्वयन हुन सकेको छैन । त्यसका लागी समुदायको चेतना स्तर वृद्धि गर्दै पुर्ण सरसफाइ उन्मुख बस्ती घोषणा गर्ने पुरै गाउँपालिकालाई नै पूर्ण सरसफाइ उन्मुख पालिका घोषणाको लागी आवश्यक पहल तथा अभियान सञ्चालन गर्नु आवश्यकता रहेको देखिन्छ । योकार्य गाउँपालिकाको एकल प्रयासबाटमात्र सम्भव छैन, यसका लागि सरोकारवाला सबै निकायहरू, संघ संस्थाहरु र स्थानिय वासीको समन्वयात्मक र सामुहिक प्रयासबाटमात्र सम्भव छ। शौचालय र घरायसी सरसफाइ सम्बन्धी वडागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २४

| वडा नं. | जम्मा घरधुरी | सर्वेक्षण गरिएको घरधुरी | वडा तथा घरायसी सरसफाई सम्बन्धि आधारभुत सेवा सुविधामा पहुँचको अवस्था | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पानीका स्रोतको प्रयोगको अवस्था | | घर आगन सरसफाईको अवस्था | | पानीको शुद्धिकरण तथा प्रशोधनको व्यवस्था | | हात धुने स्थानको व्यवस्था | |
| | | | सुरक्षित मूल पाईप प्रणाली | असुरक्षित मूल तथा खोला नाला | सफा | फोहर | भएको | नभएको | भएको | नभएको |
| १ | ५९४ | ७० | ६१ | ९ | ५८ | १२ | ५१ | १९ | ० | ७० |
| २ | ४७५ | ६७ | ५६ | ११ | ५७ | १० | ५० | १७ | २ | ६५ |
| ३ | ३०९ | ४६ | ३९ | ७ | ३९ | ७ | ३५ | ११ | १ | ४५ |
| ४ | २८५ | ५५ | ४६ | ९ | ४४ | ११ | ४२ | १३ | २ | ५३ |
| ५ | २८५ | ३८ | ३० | ८ | ३२ | ६ | २६ | १२ | ० | ३८ |
| ६ | २६४ | ३४ | २९ | ५ | ३० | ४ | २३ | ११ | २ | ३२ |
| ७ | ३३३ | ५० | ४३ | ७ | ४४ | ६ | ३७ | १३ | १ | ४२ |
| जम्मा | २५४५ | ३५७ | ३०४ | ५६ | ३०४ | ५६ | ३०४ | ९६ | ८ | ३४५ |

स्रोतःमष्टा गाउँपालिका

गाउँपालिकामा अन्य घरायसी सरसफाइ सम्वन्धी थुप्रै घरधुरीहरुमा हात धुने निश्चित स्थान, भाँडा सुकाउने चाँड, फोहोर फाल्ने खाडल, हातधुने व्यवस्थित स्थान र सावुन पानी लगाएत अन्य वातावरणीय सरसफाइ सम्वन्धी सुधारिएको चूल्हो जस्ता घरायसी सरसफाइको व्यवस्थाराम्रो रहेको पाईन्छ ।

३.४.२ विद्यालय तथा सार्वजनिक संस्थाहरुको सरसफाइको अवस्था

गाउँपालिकामा रहेका ३४ वटा सरकारी विद्यालयहरुमा भएका शौचालय र यिनको सेवाको स्तरलाई अवलोकन गर्दा भएका मध्ये धेरैको गुणस्तर र संचालनको अवस्था कमजोर रहेको पाईएको छ। अधिकांशविद्यालयका शौचालयहरुमा पर्याप्त पानीको अभाव भएकाले सरसफाइकोअवस्था सुधारका लागि आवश्यकपहल गर्नु पर्ने देखिन्छ। संकलन गरिएको तथ्यांक अनुसार जम्मा ९ वटा विद्यालयहरुमा छात्र र छात्राका लागी छुट्टाछुट्टै शौचालयहरु निर्माण गरेको पाइएको छ।यस गाउँपालिकामा रहेका विद्यालयहरुको शौचालयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| वडा नं. | जम्मा विद्यालय संख्या | विद्यालयमा भएका शौचालयको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शौचालय भएका विद्यालय संख्या | शौचालय नभएका विद्यालय संख्या | संयुक्त शौचालय संख्या | स्टाफको छुट्टै शौचालय संख्या | छात्र छात्रा अलग शौचालय संख्या | अपाङ्ग मैत्री शौचालय संख्या | महिनावारी सामग्री विसर्जन भएको | पानीको उपलब्धता | हात धुने ठाउँको उपलब्धता |
| १ | ११ | ११ | ० | ७ | ० | ४ | ० | ० | ६ | १ |
| २ | ८ | ८ | ० | ६ | ० | २ | ० | ० | ५ | १ |
| ३ | ४ | ४ | ० | ४ | ० | ० | ० | ० | २ | ० |
| ४ | ४ | ४ | ० | ३ | १ | १ | ० | १ | २ | १ |
| ५ | २ | २ | ० | २ | ० | ० | ० | ० | १ | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | २ | २ | ० | १ | ० | १ | ० | ० | २ | १ |
| ७ | ३ | ३ | ० | २ | ० | १ | ० | ० | २ | १ |
| जम्मा | ३४ | ३४ | ० | २५ | १ | ९ | ० | १ | २० | ५ |

स्रोतःमष्टा गाउँपालिका

तालिका २५: विद्यालयमा भएका शौचालय तथा सरसफाइ सम्बन्धी विवरण

गाउँपालिका अन्तरगत पालिकाकोकार्यालय, वडाकार्यालय र स्वास्थ्य चौकीहरु सबैमा शौचालय छन् तर अधिकांशमा पर्याप्त पानी तथा सरसफाइको उचित व्यवस्थापन हुन सकिरहेको छैन । यि कार्यालयहरुमाआम समुदायको नियमित आवतजावत हुने भएकालेसुरक्षित शौचालय, खानेपानी तथा फोहर व्यवस्थापनको उचित व्यवस्थामिलाउनु पर्ने आवश्यक देखिन्छ ।

३.४.३ वातावरणीय सरसफाइको अवस्था

गाउँपालिकाको वातावरणीय सरसफाइको अवस्था हेर्दा पालिकामा बिस्तारै बृद्धि भइरहेको शहरीकरण तथा जनसंख्या बृद्धिका कारण बढ्दै गईरहेको यातायात आवागमनले गर्दा बाटोघाटो र सार्वजनिक स्थलहरुमा ठोस तथा तरल फोहोर पदार्थहरु थुप्रिने क्रम बढ्दै गईरहेको छ । यी यस्ता समस्याहरुको समाधानका लागि सार्वजनिक स्थानहरुमा शौचालयहरुको निर्माण र उचित व्यवस्थापनको लागि  आवश्यक पहल गर्नुपर्ने देखिन्छ। त्यसै गरि ठोस फोहरको व्यवस्थापनका लागि गाउँपालिकालेडम्पिङ साइट छनौट तथा व्यवस्थापनका लागि पहल कदमीको सुरुवात गर्नुपर्ने र ठोस फोहर व्यवस्थापनका लागि बजार क्षेत्रहरुमा फोहर सङ्कलन, ढुवानी तथा ब्वस्थापनको अवश्यकता छ। त्यसै गरि ति ठोस फोहोरलाई आवश्यक  बर्गिकरण गरी व्यवस्थापन गर्ने वा तिनको प्रयोग नै घटाउने (Reduce), पुनप्रयोग (Reuse) गर्न चेतना विकास गर्ने र पुनचक्रण (Recycle) गर्न सकिने फोहोरको संकलन गरि व्यवस्थापन गर्न अवश्यक कार्यविधि तयार गरि लागु गर्नुपर्ने देखिन्छ ।

३.४.४ दिशाजन्य लेदो, ठोस फोहोर तथा फोहोर पानी व्यवस्थापनको विद्यमान अवस्था

ठोस फोहर व्यवस्थापनका साथै विसाजन्य लेदो व्यवस्थापन तत्काललाई धेरै समस्या नभएपनि भविष्यमा आउने समस्यालाई ध्यान विवै गाउँपालिकाले समयमै उचित कदम चाल्नु पर्ने देखिन्छ। संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा घरायसी स्तरमा करिब ३०% घरधुरीको चर्पीको खाडल २-४ बर्ष भित्रै भरिने र बाँकी ८०% घरधुरीको चर्पीको खाडल ५/६ वर्षमा भरिने गरेको पाइन्छ। भरिएका खाडलहरुको दिसाजन्य लेदोको सङ्कलन, ढुवानी र व्यवस्थापनको राम्रो प्रबन्ध नभएको कारणले गर्दा सबै घरधुरीहरुमा चर्पी भरिएपछि सफा गर्न समस्या देखिने गरेको छ। भिरालो भू-भाग भएकोले सङ्कलन तथा ढुवानी गर्न अप्ठ्यारो हुने हुँदा चर्पीको खाडल भरिएपछि अर्को खाडल निर्माण गर्ने र घरायसी स्तरमा नै दिसाजन्य लेदो र ठोस फोहोर व्यवस्थापन गर्नुपर्ने देखिन्छ । दिसाजन्य लेदो विस्थापन गर्दा त्यसले वातावरणीय स्वच्छतामा नकारात्मक असरपुयाउनुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकुल असर पर्ने तथा विभिन्न माहामारीहरुको प्रकोप बढ्ने सम्भावना रहन्छ ।

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरुको आधारमा घर परिवार, टोल, समुदाय तथा गाउँपालिका स्तरमा व्यवहारीय परिवर्तनका लाग सचेतनामूलक गतिविधहरु संचालन गर्न जरुरी देखिएको छ। गाउँपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका लागि व्यवहार परिवर्तन गर्ने खाले थप क्रियाकलापहरु संचालन गर्न पर्ने आवश्कता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग

२) स्रोत संरक्षण, भू-जल भण्डारण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन

३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता

४) वातावरणीय स्वच्छता

५) पानीको पहुँच र बहउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

३.५ विद्यमान सिंचाइ योजनाहरुको अवस्था र विश्लेषण

बझाङ्ग जिल्लाको पहाडी तथा हिमाली क्षेत्रमा अवस्थित यस मष्टा गाउँपालिकाको क्षेत्रफल १०९.२४ वर्ग कि.मी. फैलिएको छ । यस गाउँपालिकामा उच्च पहाडी क्षेत्रमा हिउँ पर्नुको साथै वेशी किनारमा सेति नदी रहेको छ। यस गाउँपालिकाको अधिकांस जमीनभिरालो परेको बनजंगल र उच्च

पहाडी क्षेत्र घांसे पाटन रहेको छ, यसको कुल क्षेत्रफलको २७.९९ प्रतिशत भु-भागमात्र खेतियोग्य जमिनको रुपमा प्रयोग हुदै आएको छ। यस पालिकामा खेती योग्य जमीन तुलनात्मक रुपमा कम र प्रसस्त पानीका श्रोतहरु भएकाले सिंचाइको राम्रो व्यवस्था हुनु पर्नेमा सिंचाइसम्बन्धी ब्यवस्थित योजना र बजेट अभावका कारण कृषि उत्पादन वृद्धि हुने गरि संचाइ सुविधा उपलब्ध छैन । आगामी दिनमा सिंचित क्षेत्र वृद्धि गर्न योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा कृषि उत्पादन वृद्धि भई खाद्य सुरक्षा सुधार ल्याउन सकिने सम्भावना रहेको छ ।

३.५.१ विद्यमान योजनाहरुको सेवा क्षेत्र सिंचित क्षेत्रफल र लाभान्वित घरधुरी

(क) विद्यमान कुलो सिंचाइ योजना तथा सेवा क्षेत्र सिंचित क्षेत्रफल र लाभान्वित घरधुरी

गाउँपालिकामा आधुनिक र परम्परागत गरी जम्मा १४ वटा सिंचाइ कुलो रहेका छन् । यी योजनाहरूले करीव १५२८ घरधुरीहरुको लागी करिब ५८० हेक्टरमा सिंचित भएको तथ्यांक देखिन्छ ।

तालिका २६: विद्यमान कुलो सिंचाइ आयोजनाहरुको विवरण

| वडा नं. | योजनाको संख्या | लाभान्वित हुने घरधुरी संख्या | सिंचित क्षेत्र(हेक्टर) | प्रयोग भएको स्रोतको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | मूल | मूल बाट निस्केको खोला | नदि |
| १ | ३ | २४० | ११० | ० | ३ | ० |
| २ | २ | ३९६ | ९५ | ० | २ | ० |
| ३ | ० | ० | ० | ० | ० | ० |
| ४ | ३ | ३३८ | ५८ | ० | ३ | ० |
| ५ | २ | १७६ | १४० | ० | २ | ० |
| ६ | २ | १८० | ९० | ० | २ | ० |
| ७ | २ | १९८ | ८९ | ० | २ | ० |
| जम्मा | १४ | १५२८ | ५८० | ० | १४ | ० |

(ख) विद्यमान लघु सिंचाइ (सिंचाइपोखरी) को अवस्था र विवरण

यस गाउँपालिकामा सिंचाइको रुपमा कुलो र नहरको मात्र  प्रयोग हुदै आएका छन।यसले केही हद सम्म भएपनि पानीको अभाव रहेको बाजो जमीनलाई सिंचाइको पहुँचमा राखी प्रयोग गर्ने गरिएको छ। यस पालिकामा सिचाई पोखरीहरु सुन्य मात्रामा रहेका छन। विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २७: विद्यमान लघु सिंचाइ (पोखरी) को सञ्चालन अवस्था र विवरण

| वडा नं. | योजना संख्या | लाभान्वित घरधुरी | योजना सञ्चालनको अवस्था | | | उपभोक्ता समिति | | उपभोक्ता समितिको सक्रियता | | हेरालु तथा मर्मत सम्भार कर्ता | | मर्मत सम्भार कोष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालनमा रहेको | मर्मतको आवश्यकता | पुनः निर्माणको आवश्यकता | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

त्यस्तै सिंचाइ पोखरीहरुको वडागत रुमपा संचालनको अवस्था लाभान्वित घरधुरी र सिंचित क्षेत्रफल संचालन सम्बन्धी अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २८ः विद्यमान लघु सिंचाइ (पोखरी) को सेवा क्षेत्र तथा लाभान्वित घरधुरी

| वडा नं. | योजनाको संख्या | लाभान्वित घरधुरी | सिंचित क्षेत्र | प्रयोग भएको स्रोतको किसिम | | |
|---|---|---|---|---|---|---|
| | | | | मूल | मूल बाट निस्केको खोला | नदि |
| १ | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० |

### ३.५.२ विद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था

यस गाउँपालिकामा रहेका विद्यमान सिंचाइ प्रणालीहरुको अवस्थालाई विश्लेशण गर्ने हो भने विद्यमान योजनाहरुको व्यवस्थापन निकै कमजोर रहेको छ । कुनै पनि आयोजनाको दिगोपना तथा संरक्षण प्रर्वद्धनका लागी त्यसको संस्थागत र सामाजिक पक्ष बलियो हुनु आवश्यक हुन्छ । योजनाहरुमा मर्मत संभारकोष उठाउने गरेको तथा मर्मत संभारकार्यकर्ताहरुले नियमितकाम गर्ने गरेको पाईदैन। यी सबै सिंचाइ प्रणालीहरुको दिगोपनालाई प्रत्यक्ष रुपमा नकारात्मक असर गर्ने भएको हुदा यसलाई नियमित संचालनको लागी बेलैमा सुधार गर्नु पर्ने देखिन्छ । यस गाउँपालिका भित्र रहेका विद्यमान सिंचाइ योजनाहरुको सस्थागत अवस्थाबारे तलको तालिकामा उल्लेख गरिएको छ । विद्यमान योजनाहरु मध्ये थोरै मात्रामा मात्र नियमित संचालनमा छन, केही योजनाहरु पुर्ण रुपमा संचालनमा रहेका छैनन् सबै योजनाहरु पुनःनिर्माण गर्नु पर्ने अवस्था छ। यस्तै गाउँपालिका भित्र रहेका विद्यमान सिंचाइ योजनाहरुको संख्या र तिनको सञ्चालनको अवस्था सम्बन्धी सम्पुर्ण विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २९: विद्यमान सिंचाइ योजना तथा संचालन सम्बन्धी विवरण

| वडा नं. | योजना संख्या | लाभान्वित घरधुरी | योजना सञ्चालनको अवस्था | | | उपभोक्ता समिति | | उपभोक्ता समितिको सक्रियता | | हेरालु तथा मर्मत सम्भार कर्ता | | मर्मत सम्भार कोष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालनमा रहेको | मर्मतको आवश्यकता | पुनः निर्माणको आवश्यकता | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| १ | १ | १०५ | १ | ० | ५ | | १ | | १ | | १ | | १ |
| २ | १ | २६० | १ | ० | ४ | | १ | | १ | | १ | | १ |
| ३ | ० | १७० | ० | ० | १ | | ० | | ० | | ० | | ० |
| ४ | १ | १६६ | १ | ० | ३ | | १ | | १ | | १ | | १ |
| ५ | १ | १५४ | १ | ० | १ | | १ | | १ | | १ | | १ |
| ६ | ० | ० | ० | ० | ३ | | ० | | ० | | ० | | ० |
| ७ | ० | ० | ० | ० | ३ | | ० | | ० | | ० | | ० |

स्रोत:मष्टा गाउँपालिका घरधुरी सर्वेक्षण

गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार यस पालिकामा विद्यमान ४ वटा सिंचाइ कुलोहरु रहेका छन । सिंचाइ प्रणालीले कस्तो सेवा प्रवाह गरिरहेका छन सिंचाइ प्रणालीको भौतीक अवस्था कस्तो छ र तिनीहरुको दिगोपना नियमित संचालन एवं मर्मत संभार कोषल गाएत सिंचित क्षेत्रमा रहेका संरचनाको वर्तमान अवस्था पानीका स्रोतहरुको पर्याप्तता र नियमित संचालनको लागी के कस्तो सुधार गर्नुपर्ने आवश्यता रहेको छ, भन्ने बारेमा तथ्याङ्क संकलन गरिएको छ ।यस गाँउँपालिकामा रहेका ४ वटा सिंचाइ कुलो मध्ये राम्रो संचालनमा रहेको ४ वटा सिंचाइ कूलोमात्र छ, २० वटा कुलो तथा नहरहरु पुन:निर्माणको अवस्थामा रहेका छन।

३.५.३ निर्माणाधिन योजनाहरुको सेवा क्षेत्र सिंचित क्षेत्रफल र लाभान्वित घरधुरी

यस गाउँपालिकामा धेरै स्थानमा सिंचाइका नयाँ योजना निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ तरहाल कुनै पनि निर्माणाधिन अवस्थामा रहेका योजनाहरुको तथ्याङ्क छैन। गाउँपालिकामा कतिपय पाखो जमिन सिंचाइको अभावमा बाँझो रहेको देख्न सकिन्छ भने उपयुक्तखालको संरचना निर्माण हुन नसकेकाले परम्परागत खालका सिंचाइ कुलो बाट काम चलाउनु पर्ने अवस्था रहेको छ । जसले सिंचाइको अभावमा कतिपय जमिन वर्षभरी बाँझै राखुपर्ने अवस्था रहेको छ । जसले गर्दा पानीका प्रयाप्त स्रोत हुँदा पनि त्यसको उपयोग गर्न नसकिएकाले वार्षिक रुपमा कृषि उत्पादन घट्ने क्रममा देखिएको छ।

३.६ विद्यमान जलवायु परिपवर्तन अनुकूलन, विपद जोखिम व्यवस्थापन तथा श्रोत संरक्षण योजनाहरुको अवस्था र विश्लेषण ।

यस मष्टा गाउँपालिकाको भौगोलिक अवस्थाले गर्दा र बढ्दो जजलवायु परिवर्तन र त्यसको प्रभावका दृष्टीले पालिका संवेदनशिल देखिन्छ । विगतका वर्षहरुमा यस गाउँपालिकाको विभिन्न स्थानहरुमा बाढी, पहिरो, भु-क्षय खोला तथा नदिको कटानका घटनाहरु घटिरहेका छन । २०७८ सालमा वर्षा संगै आएको बाढिले गाउँपालिकाका विभिन्न स्थानमा भुक्ष्य र पहिरो गई ठुलो क्षती ब्यहोर्नु परेकोथियो। यसरी वर्षेनी हुने अनियमित वर्षा तथा मनसुनी गडबडीभई एक्कासी आउने वर्षाले बाढी पहिरो निम्त्याउनेभएकाले गाउँपालिकाले बेला बेला ठुलोक्षती व्यहोर्नु परिरहेको छ । त्यस्तै जलवायु परिवर्तनका असरहरुबाट पानीका श्रोतहरुको सुक्दै जानाले खानेपानी, कृषि प्रणाली, सिंचाइर जैविक

विविधता जस्ता विभिन्न क्षेत्रहरुमा पनि असर परिरहेको छ। यस्ता घटनाहरुको पुनरावृति हुन नदिन जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम व्यवस्थापनका लागी व्यवहारिक उपायहरुको अवलम्बन गर्नुपर्ने आवश्यक देखिन्छ ।

### ३.६.१ विद्यमान योजनाहरुको सेवा क्षेत्र र लाभान्वित घरधुरी

गाउँपालिकामा वातावरण र पर्यावरणका क्षेत्रमा जलवायु परिवर्तत अनुकूलन, विपद जोखिम न्यूनीकरण सम्बन्धी खासै त्यति ठुला क्रियाकलाप संचालन भएका छैनन् । यद्यपी प्राकृतिक बनजंगल संरक्षण, पानीका मूलहरुको संरक्षण, बृक्षारोपण र केहि स्थानमा तट्बन्धनका कामहरु भएको देखिन्छ । यस सम्बन्धी सक्षिप्त विवरण तालीकामा प्रस्तुत गरिएको छ।

तालिका ३०: विद्यमान जलवायु परिवर्तन अनुकूलन सम्वन्धी तथ्यांक विश्लेषण

| वडा नं | योजना संख्या | लाभान्वित घरधुरी | वन व्यवस्थापन योजना | | रिचार्जपोखरी | | तटबन्धन कार्यक्रम | | वातावरण संरक्षण तथा वृक्षारोपण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | योजना संख्या | घरधुरी | योजना संख्या | घरधुरी | योजना संख्या | घरधुरी | योजना संख्या | घरधुरी |
| १ | ० | ० | ० | ० | ० | ० | ६ | १०३ | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ८ | ११२ | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ४ | ४५ | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ३ | ९८ | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० | ४ | ७८ | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | २ | ८९ | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० | ४ | ५४ | ० | ० |

### ३.६.२ विद्यमान जलवायु परिवर्तन अनुकूलन योजनाहरुको संचालन अवस्था

कुनै पनि आयोजनाहरुलाई व्यवस्थित रुपमा संचालनका गर्नका लागी मर्मत सम्भारकोष, हेरालोको व्यवस्था, आयोजना प्रतिको चासो, सक्रियता, निरन्तरता, लगनशिलता, लगायत उपभोक्ता समितिको नियमित बैठक, साधारण सभा जस्ता क्रियाकलापहरुको महत्वपुर्ण भूमिका रहेको हुन्छ । गाउँपालिकामा रहेका विद्यमान योजनाहरुको संचालनको अवस्थालाई हेर्ने हो भने थोरै योजनाहरु मात्र व्यवस्थित रुपमा संचालनमा रहेका छन। विद्यमान योजनाहरुको संचालनको अवस्था तलकोतालिकामा उल्लेख गरिएको छ ।

तालिका ३१ः विद्यमान जलवायु परिर्वतन अनुकूलन योजनाहरुको संचालनको अवस्था

| वडा नं | योजना संख्या | लाभान्वित घरधुरी | विद्यमान योजनाको सञ्चालनको अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | राम्रो सञ्चालनमा रहेको | सामान्य मर्मत गर्नुपर्ने | मध्यम मर्मत गर्नुपर्ने | पुनः मर्मत गर्नुपर्ने |
| १ | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ० | ० | ० | ० |

स्रोत मष्टा गाउँपालिका घरधुरी सर्वेक्षण

यस पालिकामा विद्यमान जलवायु परिर्वतन अनुकूलन योजनाहरु संचालनमा नरहेको अवस्था देखिन्छ।

### ३.६.३ निर्माणाधिन योजनाहरुको सेवा क्षेत्र

गाउँपालिकामा वातावरणीय संरक्षण र पर्यावरण सम्वन्धी कुनै पनि क्रियाकलापहरु निर्माणाधिन अवस्थामा देखिदैनन । यद्यपी यस पालिकामा बृक्षारोपण, जङ्गल क्षेत्रको संरक्षणका साथै बाढि

पहिरोको ठूलो समस्या छ, नढि कटानर भू-क्षय नियन्त्रण, पानीका श्रोतहरुको संरक्षणका क्रियाकलाप संचालन गर्नु पर्ने देखिन्छ ।

## ३.७ विद्यमान जलउर्जा योजनाहरुको अवस्था र विश्लेषण

यस गाउँपालिकाका ७ वटा वडा मध्य वडा नं १ र वडा नं ४ का केहि घरधुरीहरुमा राष्ट्रिय प्रसारणलाईन मार्फत विजुली बत्तीको सुविधा पुगेको छ भने बाकी वडाका सबै घरधुरीहरुमा विजुली बत्ति पुग्न सकेको छैन। यहाँका सबै घरधुरीले खाना पकाउनको लागी उर्जाको रुपमा दाउराको प्रयोग गर्ने गरेको पाईन्छ । गाउँपालका केन्द्र असपास र साना बजार क्षेत्रका केहि घरधुरीले मात्रै ग्याँसमा खाना पकाउन थालेका छन । बत्तिको पहुँच नपुगेका घरधुरीका लागि बैकल्पीक उर्जाले सौर्य उर्जाका लागि सोलारहरु अनुदानमा उपलब्ध भएका कारण राष्ट्रिय प्रसारणलाईनको विजुली नपुगेका घरधुरीले सोलार बत्तीको प्रयोग गर्ने गरेका छन । यस गाउँपालिका र रिलुगाड,द्धारिगाड,दोगाडे,लाछिगाड,डुङ्ग्रीगाड बाट केही वर्ष पहिला विद्युत निकालिएको थियो तर केहीबर्ष अगाडि आएको वाढिले आंशिक संरचनामा क्षती पुगेको हुनाले हाल यो बिद्युत पुर्ण रुपमा बन्द रहेको अवस्थामा छ। गाउँपालिकाको सम्पूर्ण वडाहरुमा कुटानी पिसानीका लागी हाल करीव ७६ वटा परम्परागत पानी घट्टहरु संचालनमा रहेको पाईएको छ र यी पानी घट्टहरुबाट पालिकाका सम्पूर्ण घरधुरी लाभान्वित भएका छन ।

### ३.७.१ विद्यमान योजनाहरुको सेवा क्षेत्र र लाभान्वित घरधुरी

यस गाउँ पालिकामा घरयासी तथा व्यापारिक प्रयोजनका लागी परम्परागत पानी घट्टर कही छिटफुट रुपमा कुटानीका लागी आधुनिक मिलहरु पनि जडान गरेको पाईन्छ । यिनीहरु मध्ये किह बाह्रैमास संचालन हुने पानी घट्टहरु छन भने केही वर्षाको समयमा मात्र संञ्चालन हुने घट्टहरु पनि छन। हाल सञ्चालनमा रहेका जलविद्युत र पानी घट्ट, सौर्यउर्जाका साथै सुधारिएको चुल्हो सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३२: विद्यमान जलउर्जा अवस्थाको तथ्यांङ्क विवरण

| वडा नं | जम्मा घरधुरी | जम्मा योजना संख्या | पानी घट्ट | | विजुलि बत्ति र सौर्य उर्जा प्रयोगको विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | योजना संख्या | लाभान्वित घरधुरी | बिजुलि बत्ति प्रयोग गर्ने | सौर्य उर्जा प्रयोग गर्ने घरधुरी | बायो ग्यास प्रयोग गर्ने घरधुरी |
| १ | ५९४ | ० | ० | ० | ७५ | ५१९ | ० |
| २ | ४७५ | ० | ० | ० | ० | ४७५ | ० |
| ३ | ३०९ | ० | ० | ० | ० | ३०९ | ० |
| ४ | २८५ | ० | ० | ० | १२४ | १६१ | ० |
| ५ | २८५ | ० | ० | ० | ० | २८५ | ० |
| ६ | २६४ | ० | ० | ० | ० | २६४ | ० |
| ७ | ३३३ | ० | ० | ० | ० | ३३३ | ० |
| जम्मा | २५४५ | ० | ० | ० | १९९ | २३४६ | |

स्रोत मष्टा गाउँपालिका घरधुरी सर्वेक्षण

तालिका ३३: विद्यमान पानी घट्ट सम्वन्धी योजनाको संचालनको अवस्था र विवरण

| वडा नं. | योजना संख्या | लाभान्वित घरधुरी | योजना सञ्चालनको अवस्था | | | उपभोक्ता समिति भएको | उपभोक्ता समिति नभएको (व्यक्तिगत) | मर्मत सम्भार कोष भएको | मर्मत सम्भार कोष नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सञ्चालनमा रहेको | मर्मतको आवश्यकता | पुनः निर्माणको आवश्यकता | | | | |
| १ | २५ | ५९४ | १९ | ० | ६ | नभएको | नभएको | नभएको | नभएको |
| २ | २३ | ४७५ | २० | ० | ३ | नभएको | नभएको | नभएको | नभएको |
| ३ | ७ | ३०९ | ६ | ० | १ | नभएको | नभएको | नभएको | नभएको |
| ४ | ६ | २८५ | ३ | ० | ३ | नभएको | नभएको | नभएको | नभएको |
| ५ | ७ | २८५ | २ | ० | ५ | नभएको | नभएको | नभएको | नभएको |
| ६ | ३ | २६४ | २ | ० | १ | नभएको | नभएको | नभएको | नभएको |
| ७ | ५ | ३३३ | ४ | ० | १ | नभएको | नभएको | नभएको | नभएको |
| जम्मा | ७६ | २५४५ | ५६ | ० | २० | | | | |

स्रोत मष्टा गाउँपालिका घरधुरी सर्वेक्षण

### ३.७.२ निर्माणाधिन योजनाहरुको सेवा क्षेत्र र लाभान्वित घरधुरीहरु

यस गाउँपालिकामा उर्जा सम्बन्धी योजनाहरुको धेरै सम्भावना रहेतापनि योजना निर्माणको कुनैपनि क्रियाकलापहरु संचालनमा रहेका देखिदैनन । यस पालिकामा राष्ट्रिय प्रसारण लाइनको बिजुलीको अनियमितता कारण जनताहरुले निकै सास्ती भोग्नु परिरहेको अवस्था छ।

### ३.८ जलश्रोतको दिगो उपयोगको लागी सस्थागत उपयोग सम्बन्धी संयन्त्र

गाउँपालिकामा जलउपयोग गुरुयोजना तर्जुमा साथै कार्यान्वयनको समग्र नेतृत्व गाउँकार्यपालिकाले गर्दै आएको छ। गाउँकार्यपालिकाले यस पञ्चवर्षीय जलउपयोग गुरुयोजना लाई पनि गाउँ कार्यपालिका बैठकमा प्रस्तुत भई स्वीकृत हुनेछ र कार्यान्वयन पनि गाउँकार्यपालिकाले नै गर्नेछ। गरुयोजनामा प्रस्तावित कार्यक्रम गाउँपालिकाले बजेट, नीति तथा कार्यक्रममा समावेशगरी प्राथमिकता अनुसार कार्यान्वयन गर्नेछ भने ठुला योजनाहरु कार्यान्वयनका लागि गाउँपालिकाले प्रदेश सरकार, संघीय सरकार र विकास साझेदारहरु संग समन्वय तथा सहकार्य गर्नेछ।

मष्टा गाउँपालिकामा रहेको गाउँपालिका स्तरीय जलस्रोत/खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई थप सक्रिय गरि निर्माण भएका वा निर्माणाधिन जलस्रोत योजनाहरुको प्रभावकारी अनुगमन तथा समिक्षा गरी गाउँकार्यपालिकालाई सुझाव दिने तथा वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मद्दत गर्नेछ। गाउँपालिकाको दिगो जलस्रोत व्यवस्थापन तथा जलउपयोग गुरुयोजना कार्यान्वयन गर्नको लागि देहाय बमोजिमको संस्थागत संरचना मार्फत गुरुयोजनाको कार्यान्वयन गरिनेछ।

निर्णय गर्ने संरचनाः गाउँकार्यपालिका

कार्यान्वयन गर्ने संरचनाः गाउँपालिका कार्यालयका सम्वन्धित शाखाहरु

अनुगमन गरि सुझाव दिने संरचनाः गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति त्यसै गरि खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि वडास्तरमारहेको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुलाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाइ नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरि पर्यावरणको संरक्षणका साथै समुदायको जल, जंगल र जमिनसंग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउनसकिनेछ। यसका साथै जलाधार क्षेत्रहरुको संरक्षण र बन

तथा वातावरणको अति दोहन रोक्न सामुदायिक बन उपभोक्ता समुहहरुको क्षमता विकासका क्रियाकलापहरु कार्यान्वयन गरिनेछ। नवी, खोला तथा संवेदनसिल स्थानहरुमा बालुवा, ढुंगा, गिट्टी उत्खननमा रोक लगाइनेछ। पालिकाको हाता भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पुर्वाधारका कुनैपनि ठुला योजनाहरु निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था पूर्ण रुपमा लागु गरिनेछ।

३.९ जलश्रोतमा विवाद

जलउपयोग गुरुयोजना तयारीको क्रममा यस गाउँपालिकामा रहेका पानीका श्रोतहरुको विवादहरु पनि नआएका भने होईनन । तथ्याङ्क संकलनको क्रममा स्थानीय समुदायसंगको विभिन्न चरणको छलफल र सहयोगमा यस गाउँपालिकामा उपलब्ध रहेका सबै जम्मा ४२४ वटा पानीका श्रोतहरु पहिचान गरिएका छन। ती श्रोतहरुमा विवाद छ/छैन भनि स्थानीय समुदाय तथा सरोकारवालाहरुसंग व्यापक छलफल गरि एकिन गरिएको थियो। केही मुल उपर विवाद कम गर्न पानीको उपयोग सम्बन्धी योजनाहरु बनाउँदा सहभातितात्मक योजना तर्जुमा प्रक्रियालाई निकै चासोका साथ ध्यान दिइएको थियो। केही विवादित मूलहरुको बारेमा वडा स्तरमा संचालन गरिएका योजना तर्जुमा गोष्ठिमा समेत छलफल चलाईएको थियो। यति हुदाहुदै पनि जम्मा पहिचान भएका ४२४ स्रोतहरु मध्ये ९ वटा स्रोतहरुमा सामान्य विवाद रहेता पनि आगामी भविश्यमा आयोजना निर्माण गर्नु पर्दा वा संचालन गर्नुपर्ने भएमा ती विवादित श्रोतहरुलाई स्थानीय जनप्रतिनिधी, र स्थानीय स्तरमा विवाद समाधान सम्बन्धी संयन्त्र निर्माण गरी अन्य सरोकारवालाहरुको सहभागितामा सहजीकरण गर्न लगाईने छ।

तालिका ३४: जलश्रोतमा विवाद तथा श्रोतको स्वामित्वको अवस्था र विवरण

| वडा नं. | श्रोतको संख्या | श्रोतमा विवाद | | श्रोत भएको जग्गाको किसिम | |
|---|---|---|---|---|---|
| | | छ | छैन | ब्यक्तिगत | सार्वजनिक |
| १ | ८१ | २ | ७९ | ५ | ७७ |
| २ | ६६ | ४ | ६२ | ९ | ५७ |
| ३ | ६१ | १ | ६० | ४ | ५७ |
| ४ | ४९ | ० | ४९ | ९ | ४० |
| ५ | ७४ | ० | ७४ | १३ | ६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | २९ | ० | २९ | १ | २८ |
| ७ | ६४ | २ | ६२ | ४ | ६० |
| जम्मा | ४२४ | ९ | ४१५ | ४४ | ३८० |

स्रोत मष्टा गाउँपालिका घरधुरी सर्वेक्षण

## अध्यायः चार

# ४. गुरुयोजना को कार्यान्वयन रणनीति र परिकल्पना

### ४.१ स्थानिय तहको रणनीतिक प्राथमिकता

सान्नी त्रिवेणी गाउँपालिकाको जलउपयोग गुरुयोजना पालिकाका सम्पूर्ण जनप्रतिनिधि, विषयगत शाखाका प्रमुख, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षक प्रतिनिधि, उपभोक्ता समितिका प्रतिनिधि, पालिकामाकार्यरत विभिन्न विकास साझेदार संस्थाका प्रतिनिधीहरु लगाएत सम्पूर्ण सरोकारवाला निकायका प्रनिनिधिहरुको सक्रिय सहभागितामा व्यापक छलफल गरेर तर्जुमागरिएको थियो । यस गुरुयोजनामा समाविष्ट योजनाहरुको छनौट तथा प्राथमिकिकरणकार्यलाई वडा स्तरमा र पालिका स्तरमा गरी जम्मा दुई चरणमा सम्पन्न गरिएको छ। गाउँपालिकाको वडा तथा वस्ती स्तरको वास्तविक अवस्था, विद्यमान साधन स्रोतहरुको विश्लेषण, सम्भावना, अवसर र चुनौतीहरुको विश्लेषण गर्दै यस जलउपयोग गरुयोजनाकोदस्तावेज निर्माण गरिएको छ । यसमा स्थानीय समुदायको सहभागितामा स्थानीय स्तरमा उपलब्ध पानीका श्रोतहरुको पहिचान तथामापन गर्नुका साथै तिनलाई कुन कुन प्रयोजनमा उपयोग गर्ने भन्ने सहमतिका आधारमा योजनाको प्राथमिकरण अनुसार प्रयोग गर्ने गरि गुरुयोजनाले निर्धारण गरेको योजना अनुसारकार्यान्वयन गर्ने लक्ष्य राखिएको छ । यसमा योजनाहरुको लागत अनुमानका साथै तिनलाईकार्यान्वयन गर्ने रणनीति, लक्ष्य र परिकल्पना समेत समेटिएको छ। यसमा खानेपानी सरसफाइ तथा स्वच्छताको क्षेत्रमाकाम गर्ने विभिन्न सरोकारवाला निकायहरु पहिचान समेत गरिएको छ। यस गाउँपालिकाले खानेपानी सरसफाइ तथ स्वच्छता व्यवस्थापनका लागी दिगो विकास लक्ष्य (सन २०३०) सम्म नेपाल सरकारको लक्ष्य पुरा गर्न र जलउपयोग गुरुयोजनाकोकार्यान्वयन र क्षेत्रगत विकास गर्न आवश्यक परिकल्पना तथा लक्ष्य पुरा गर्न निम्नानुसार परिकल्पना र रणनीति अवलम्वन गरिएको छ ।

खानेपानी सरसफाइ र स्वच्छताको क्षेत्रगत विकासका परिकल्पना र लक्ष्य

परिकल्पनाः - **"खानेपानी सरसफाइ तथा स्वच्छता हामी सवैको चाहना**

**एक घर एक धारा स्वच्छ खानेपानी मष्टा को कामना"**

योजना छनौटको अवधारण लक्ष्य प्राप्तीका रणनीतिः

- मापदण्डमा आधारित प्राथमिकरणको सुचीको आधारमा खानेपानी सेवाबाट हालसम्म वञ्चितीकरणमा परेका समुदाय र बस्तिहरुलाई पहिलो प्राथमिकता दिने ।
- पछाडी पारिएका गरिब तथा विपन्न समुदायको जल अधिकार सु-निश्चित तथा क्षमता विकास गरि निर्माण प्रक्रियामा सहभागि गराउने ।
- विद्यमान निर्माणधिन र प्रस्तावित सवै खानेपानी योजनाहरुमा पानी शुद्धिकरण गर्ने प्रविधि जडान गर्ने।
- पानीमा बहुउपयोग हुने क्षेत्रलाई प्राथमिकता दिने। आय आर्जनलाई टेवा पुर्‍याउने तथा प्रति ईकाइ वढि फाइदा हुने क्षेत्रलाई प्राथमिकता दिने ।
- मूल संरक्षण (पुर्नधारण, पुर्नभरण, पुर्नप्रयोग) जस्ता क्रियाकलापलाई प्राथमिकता दिने।
- भु-क्षय, नदी कटान र वाढी पहिरो रोकथाम र ठोस तथा तरल फोहोर व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्ने।

**विद्यमान आयोजनाको सेवास्तर वृद्धिको लागिः** आयोजनाको सेवा स्तर वृद्धि तथा सेवा विस्तारको लागि आयोजनाको कार्यगत अवस्था राम्रो भएकोलाई प्राथमिकता ।

**सिंचाइ क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु**

**परिकल्पना**

"सँधैका लागि व्यवस्थित सिंचाइ सुबिधा विस्तार,

बढाउनु छ कृषि उपजको उत्पादन र स्व-रोजगार"

**योजना छनौट तथा प्राथमिकीकरणका आधारहरुः**

- प्रतिव्यक्ति कम लागत तथा बढी जनसंख्या लाभान्वित हुने।
- बहुउपयोगी क्षेत्रलाई प्राथमिकता दिने।
- आय आर्जन लाई टेवा पुर्‍याउने तथा प्रति इकाई बढी फाईदा हुने क्षेत्रलाई प्राथमिकता।
- बढि सिंचित क्षेत्र समेट्ने तथा सेवा क्षेत्र बृद्धि हुने ।

वातावरण तथा पर्यावरण क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

**परिकल्पना**

"वन, बन्य जन्तु तथा जलाधार संरक्षण मष्टाको अभियान

जैविक विविधतामा संरक्षण, पर्यटन विकास हाम्रो शान"

**योजना छनौट तथा प्राथमिकीकरणका आधारहरुः**

- मुल संरक्षण (पुर्नधारण, पुर्नभरण, पुनःप्रयोग जस्ता क्रियाकलापहरु)
- वृक्षारोपण, भू-व्यवस्थापन
- भू-क्षय रोकथाम, बायो ईन्जिनियरिङ्ग

जलउर्जा क्षेत्रको आवधिक परिकल्पना तथा रणनीतिहरु

**परिकल्पना**

हटाऔं दियालो, बनाउ उज्यालो, बालौं बिजुली

नविकरणिय उर्जा, गुणस्तरीय जीविको पार्जनमा जुटौं मिलीजुली"

**योजना छनौट तथा प्राथमिकीकरणका आधारहरुः**

- आय आर्जन तथा जिबिको पार्जनमा टेवा पुग्ने
- बढी जनसंख्या लाभान्वित हुने क्षेत्र
- लक्षित बर्गको बसोबास क्षेत्र ।
- मर्मत सम्भार तथा पुन संचालन गर्नुपर्ने योजना

(क) वडा स्तरीय योजना तर्जुमा तथा प्राथमिकता

जलउपयोग गुरुयोजनाको प्रथम चरणकोकार्य सम्बन्धित वडामा वडा अध्यक्षको नेतृत्वमा र वडा अध्यक्ष उपलबध नहुने वडाको हकमाका.वा. वडा अध्यक्षको नेतृत्वमा वडा स्तरको तथ्याङ्क सङ्कलन गर्नेकार्य सम्पन्न भई तत् पश्चात् एक दिने वडा स्तरीय योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो । सबै वडामा २० देखि ३० जना सम्म सम्बन्धित वडाका सरोकारवालाहरुलाई अध्ययनबाट आएका सम्पूर्ण पानीका श्रोतको विवरण, वडा भित्र रहेका टोलहरु, घरधुरी र जनसंख्या, विद्यमान

खानेपानीको अवस्था, त्यसले समेटेका घरधुरी, हालसम्म कुनै योजनाले समेटन नसकेका टोल र घरधुरी, सिंचाइको अवस्था, सिंचित जमिन लगायत वातावरण जलउर्जाको बारेमा जानकारी गराईएको थियो। त्यसै तथ्यलाई टेकेर आवश्यकताको आधारमा वडा स्तरीय योजनाको प्राथमिकिकरण र योजना तर्जुमा गरिएको हो। प्रत्येक वडामा छुट्टा छुट्टै संचालन गरिएको यस गोष्ठीमा सरोकारवालाको सहभागितामा वडा स्तरमा छनौट गरिएका जलश्रोतका विविध योजनाहरुको प्राथमिकिकरण सहितको सुची तयार गरि गाउँपालिका स्तरमा आयोजना गरिने योजना तर्जुमा गोष्ठीमा पठाउन सिफारिस गरिएको थियो ।

तालिका ३५: विद्यमान योजनाहरुको संचालन सम्बन्धी विवरण

(ख) गाउँपालिका स्तरीय योजना तर्जुमा तथा प्राथमिकता

मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजनाको निर्माणका लागी पालिका स्तरिय योजना तर्जुमाकार्यशाला गोष्ठी पालिकाको हलमा सम्पूर्णकार्यपालिकाको टिम, पालिकाका सम्पूर्ण विषयगत शाखाका प्रमुख एवं प्रतिनिधिहरु, पालिकामाकार्यरत विभिन्न विकास साझेदार संस्थाका प्रतिनिधिहरुको व्यापक सक्रिय सहभागितामा चरणवद्धका कार्यतालिका अनुसार संचालन भएको थियो । यस कार्यक्रमबाट गाउँपालिकाका सम्पूर्ण वडा तथा वस्तीहरुको विद्यमान अवस्था र स्रोत साधनहरुको संभावना तथा वर्तमान आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजना निर्माण गरिएको छ। यसै गरी गाउँपालिकाले हाललाई पञ्चवर्षिय योजना ( आ.व )२०८१/८१ देखि २०८६/८७ सम्मका लागी क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरी गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य लिएकोछ।

(ग) रणनीति

- यस जलउपयोग गुरुयोजनामा रहेका जलश्रोतसंगसम्बन्धित योजनाहरुको सफल संचालन तथा दिगोपनाका लागी स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेका अधिकारहरुको उपयोग गरि आवश्यक रणनीति लिएको छ।
- यस पालिकामा समग्र जलश्रोतको विकास व्यवस्थापन सरसफाइ तथा स्वच्छताका लागी आवश्यक ऐन, नियम र विनियमहरु तर्जुमा गरीकार्यान्वयन गर्ने।

- नेपालको संविधानमा उल्लेख गरिए अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम प्राप्त अधिकारहरुको प्रयोग र अभ्यास सुव्यवस्थित एवं समन्वयात्मक रुपमा गर्न आवश्यक नीति, कानून, कार्यविधि, संरचना, प्रक्रिया तथामापदण्डहरू निर्माण गरीकार्यान्वयन, नियमन र अनुगमन गर्ने ।
- गाउँपालिकामा बसोबास गर्ने सबै समुदायको लागी आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराई गुणस्तरयुक्तपानीका लागी पानी सुरक्षा योजना लागु गर्ने।
- खानेपानी आयोजनाको पहुँच सेवा विस्तारको लागी "एकघर एक धारा कोअवधारणालाईकार्यान्वयन गरी गाउँपालिका भित्र बसोवास गर्ने सबै घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवा विस्तार गर्ने।
- यस पालिकामा संचालनमा रहेका विद्यमान योजनाहरुको जोखिम न्युनीकरण गर्दै मर्मत संम्भार सेवा विस्तार हुने गरी वातावरण मैत्री योजना निर्माण गरी उपाभोक्ता समितिको भूमीका क्षमता अभिवृद्धि गरी जिम्मेवार बनाउने ।
- यस पालिकामा बसोवास गर्ने आर्थीक हिसावले कमजोर, सामाजिक हिसावले विपन्न तथा बञ्चितीकरणमा परेका समुदाय जसले हाल सम्म खानेपानी योजना बाट सेवा नपाएका बस्तिहरुका समुदायलाई नयाँ योजना बनाउनमा प्राथमिकता दिने ।
- खानेपानी गुणस्तर सुधारका लागी गाउँपालिका स्तरमा खानेपानीको गुणस्तरमापन गर्न सुक्ष्म प्रयोगशाला संचालन गर्ने र खानेपानी सुरक्षा योजना लागु गरी पानीको घरायसी शुद्धीकरण र सुरक्षित भण्डारणमा जोड दिने।
- पुर्ण सरसफाइ अभियानलाई समग्र गाउँपालिका स्तरमै एक अभियानकै रुपमा संचालन गरी सबै वडाहरुलाई पुर्ण सरसफाइ उन्मुख वडा घोषणा गर्ने ।
- वातावरण व्यवस्थापनलाई आन्तरिकिकरण गर्दै वातावरण संरक्षण एवं प्रदुशण नियन्त्रणका लागी संस्थागत क्षमता अभिवृद्धि गर्दै विकास निर्माणका क्रिययाकलापहरु संचालन गर्ने ।
- गाउँपालिका भित्रका खेती योग्य जमिनमा सिंचाइको पहुँच पुर्‍याउन आवश्यक सिंचाइ कुलो निर्माण गरी उत्पादनमा बृद्धिमा जोड दिने ।
- पानीको न्यून स्रोत भएका क्षेत्रमा बैकल्पिक सिंचाइ प्रविधि जस्तै आकाशेपानी संकलन, विद्युत वा सोलार सिस्टमबाट लिप्ट सिंचाइ, थोपा सिंचाइ, फोहोरा सिंचाइ जस्ता प्रविधिहरुको विकास गर्ने।

- जलवायु परिवर्तन अनुकूलनका लागी पानीका श्रोतहरुको संरक्षण, वर्षातको पानी संकलन, पानीको पुनर्धारण, पुनर्भरण तथापुर्नप्रयोग (3R) प्रविधिका बारे उपभोक्ता स्तरमा सचेतना क्रियाकलापहरु संचालन गर्ने र तिनको उपयोगको प्रवर्धन गर्ने।
- सबै सार्वजनिक स्थान एवं सरकारी कार्यालयहरुमा अनिवार्य रुपमा सुचारु अवस्थाका शौचालय सुनिश्चित गर्ने तथा घरधुरी स्तरमा रहेका सबै अस्थायी प्राकृतिक शौचालयहरुको स्तरोन्नति गर्ने ।
- गाउँपालिकाले एकीकृत जलश्रोत सम्बन्धी ऐन, नियम र विनियम निर्माण गरी सो अन्तरगत संयन्त्र बनाई उपभोक्ता समितिहरुलाई दर्ता गर्न लगाउने वा दर्ता भएका समितिहरुलाई अनिवार्य वार्षिक नविकरण गर्न लगाउने। दर्ता भएका समितिहरुलाई प्राथमिकतामा राखेर विकास निर्माणकाकामहरु संचालन गर्ने ।

### ४.२ जलाधार क्षेत्र व्यवस्थापनका लागी एकीकृत जलस्रोत व्यवस्थापन

मष्टा गाउँपालिका उच्च पहाडी भु-भागमापर्नेभएतापनीनेपालकौसवैभन्दाठुलोजलस्रोतकोरुपमा रहेको कर्णाली नदी यसै पालिकाको किनारबाट बगिरहेको छ, यसको मुख्य जलाधारको रुपमा कर्णाली नदी भएपनी यसको अन्य उप जलाधारको रुपमा अन्य खोला नविनाल र मुहानको पानी कुनै न कुनै बाटो हुदै कर्णाली नदिसंग जोडिएको हुँदा व्यवस्थित ढंगले पालिका भित्रका जलस्रोतहरुको उचित व्यवस्थापन हुन जरुरी छ। यस गाउँपालिकाको प्राय जसो सवै पानीका स्रोतहरुको नजिकै र वरिपरीमानिसको वसोवास रहेको पाईन्छ । त्यस्ता वस्तीहरुमा जिवन यापन गर्दै आएकामानिसहरुले जीविकोपार्जन र आधारभुन आवश्यताका लागी सिंचाइ, माछा पालन रमाछामार्ने लागायतका क्रियाकलाप गर्दै आएका छन। यसरीमानव र प्राकृतिक स्रोतहरुको सम्बन्धलाई जोगाई राख्न व्यक्ति को विविकोपार्जनको लागी पनि उतिकै आवश्यक देखिन्छ । यसरी प्राकृतिक स्रोतहरुको विनासको प्रत्यक्ष असरमानिसमा पर्ने गरेको छ। त्यसका लागि प्राकृतिक स्रोतहरुको दिगो सदुपयोग गर्दै जानु अति आवश्यक रहेको छ । जलाधार क्षेत्रभित्र रहदै आएका स्थानीय समुदायहरुको हितको लागी जालाधार क्षेत्रभित्रका सम्पूर्ण स्रोतहरुको दिगोरुपमा विकास गरी गरीवी निवारण गर्ने राष्ट्रको मुल नीतिलाई मद्धत पुरयाउन गरिने जलाधार व्यवस्थापनलाई जनाउँदछ। जलाधार क्षेत्रको दिगो व्यवस्थापनको लागी स्थानिय समुदाय र संघ संस्थाहरुको भुमिका अत्यन्तै महत्वपुर्ण हुने गर्दछ ।

### ४.३ एक जल अवधारणा

"एक पानी" अवधारणा समुदायमा आधारित पानी व्यवस्थापनको लागि एउटा व्यापक र दीर्घकालीन दृष्टिकोण हो। एक पानी नीति अनुसार ग्रामीण वा शहरी जल चक्रलाई एकल एकीकृत प्रणाली मानिन्छ। एक पानीको दृष्टिकोणले सबै ग्रामीण लगायत शहरी पानी आपूर्तिका सेवाहरुलाई पनि एकल पानीको स्रोतको रूपमा मान्यता दिन्छ। सतहको पानी, भूमिगत पानी, बर्षातको पानी, र फोहोर पानी वा प्रयोग पछी खेरजाने पानी यी सबै अन्तरसम्बन्धित स्रोतहरू बाली, पानीको गुणस्तर र जलस्रोतहरूमा तिनीहरूको प्रभाव रहन्छ र ती पानीबाट हुने प्रकोप जोखिम र पानीको गुणस्तर कायम राख्नका लागि गरिने सबै व्यवस्थापनका कार्यहरुको एकीकृत रुप नै एकजल नीति हो। एक जल अवधारणाको अवलम्बनले समग्र प्रणालीगत दृष्टीकोणले उपयोग गरी पानीको आपुर्ति र सरसफाइको गुणस्तरिय सेवा, परिणाम र समतामुलक जलस्रोत व्यवस्थापन गरी पानीको दिगोपना हासिल गर्न मद्दत गर्दछ। एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ।

-सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारी रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन,

-दिसाजन्य लेवोको सुरक्षित ढंगले व्यवस्थित तथा विगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुनउपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,

-स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,

-पानीको दिगो सेवाका लागि राम्रोसंग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने

मष्टा गाउँपालिकाले गाउँपालिका स्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरीएकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ । यस गाउँपालिकाले एक जल अवधारणामा तपशिलका कार्यगत सिद्धान्तहरुको कार्यान्वयन गरी एकीकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको विगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरुले छलफल गरेका थिए।

- "सबै पानीको मूल्य हुन्छ" भन्ने सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्नेछ ।

- जलस्रोतको उत्पादनशील तथा बहुउपयोग गरी आर्थिक सम्पन्नता हासिल गर्ने सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्नेछ
- जलस्रोत संरक्षण तथा पानीको बहुउपयोग गर्नका लागि कार्यविधि बनाई व्यवस्थित प्रणाली कार्यान्वयन गर्नेछ।
- जलाधार र उपजलाधार क्षेत्रस्तरमा यस गाउँपालिकाले जलस्रोत व्यवस्थापन र सहकार्य गर्नेछ। गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका उपजलाधार क्षेत्रहरुमा जलस्रोत व्यवस्थापन गर्नेछ । साथै गाउँपालिका भन्दा ठुलो भौगोलिक क्षेत्रमा फैलिएको जलाधार क्षेत्र व्यवस्थापनमा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनका लागि गाउँपालिकाले सरकारी निकाय, समुदाय, संस्था, र निजि क्षेत्रसंग साझेदारि तथा सहकार्य गर्नेछ ।
- जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनमा सबैको सहभागिता हुनेछ र व्यवस्थापन संरचनाहरु समावेशी हुनेछ ।
- जलस्रोतको उपयोग तथा व्यवस्थापन क्षेत्रमा कार्यरत सरोकारवालाहरुको साझा समस्या तथा चुनौतीहरुलाई यस गाउँपालिकाले एक जल अवधारणा तथा यसको कार्यान्वयन मार्फत दिगो समाधान गर्नेछ ।
- एक जल अवधारणाको कार्यान्वयन मार्फत यस गाउँपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समुहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविष्य सुरक्षित गर्नमा भूमिका हुनेछ ।

सबै पानी आपूर्तिहरूको यो बृहत् व्यवस्थापन, बहुविध अन्तिम प्रयोगहरूलाई विचार गर्दै, वातावरण र अर्थव्यवस्था बुवैलाई फाइदा पुर्‍याएर समुदायको समग्र जीवनको गुणस्तर सुधार गर्दछ र स्थानीय सरकारबाट निर्माण हुने जल उपयोग गुरुयोजनाले पनि पानीको बृहत् व्यवस्थापनका पक्षहरुलाई समेट्ने प्रयास गरिनेछ ।

## ४.४ सुशासन र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

यस जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रक्रियामा तल उल्लेखित पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासमार्फत सुशासनको प्रबर्धन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ ।

- यस गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सम्पुर्ण जातजातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नका लागी सबै उपभोक्ता समिति तथा समितिका मुख्य पवहरुमा समेत दलित, महिला, जनजाती र सामाजिक विभेदमा परेका जातजातीहरुको अर्थपूर्ण सहभागिता अनिवार्य बनाइने छ। साथै उनीहरुको क्षमता अभिबृद्धिका लागी विशेष क्रियाकलापहरु संचालन गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन सदाचार प्रवर्धनलाई स्थानीय तहको विकास प्रक्रियामा एकीकृत गरि विकासको नतिजालाई समावेशी, उत्पानशील र दीगो बनाउने प्रयास गरिने छ ।
- खानेपानीमा शुसासन कायम गर्दै उपभोक्ता समितिको संस्थागत विकासका लागी समिति तथा मुहान दर्ता, बार्षिक साधारण सभा, नियमित बैठक, मर्मत सम्भारकोष, साधारण सभा, लेखा परिक्षण आदी जस्ता सुशासनका प्रावधानहरु को कार्यान्वयन अनिवार्य गर्ने। सरसफाइ र स्वच्छताको क्षेत्रमा उपलब्ध बजेटबारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराउने ।
- यस पालिकाको जलउपयोग गुरुयोजना पालिका क्षेत्र भित्रका जलश्रोत, सरसफाइ तथा स्वच्छताकाको क्षेत्रमा गरिने सम्पुर्ण लगानीको प्रमुख आधारको रुपमा रहने छ। उपलब्ध बजेट तथा प्राविधिक रुपले सम्भव भए सम्म परियोजनाकार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनाको प्राथकिताक्रमलाई नै आधारमानेर गरिने छ ।
- श्रोत र साधनले भ्याए सम्म यस जलउपयोग गुरुयोजना अन्तर्गत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, एकल महिला, बालबालीका, अपाङ्ग र जेष्ठ नागरीक मैत्री बनाइने छ, मुख्यतया खानेपानी र सरसफाइ योजनाका सबै संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन र उनीहरुको पारीश्रमिक बिनाको सेवाकार्य (Unpaid Care Work) घटाउन सहयोगी हुने किसिमका बनाइने छन ।
- यस गुरुयोजना अन्तरगत निर्माण गरिने सबै योजनाहरुमा सार्वजनिक सुनवाई, सार्वजनिक समिक्षा र सार्वजनिक लेखा परीक्षण गरिनेछ । यी सबैमा आम उपभोक्ता र सेवाप्रदायक बिचको अन्तरक्रिया र सम्वादलाई विशेष जोड दिईने छ।

### ४.५ पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै उपयोग नगरिकन यसका बहु-उपयोग मार्फत उत्पादनशील क्षेत्रहरुमा पनि प्रयोग गर्नुपर्दछ । धारामा खेरजाने पानीको पनि करेशाबारी तथा तरकारी खेतीमा

प्रयोग गर्ने, स्रोतहरु उपलब्ध हुने समुदाय तथा बस्तिहरुमा पानीको बहु-उपयोग गर्ने नीति अपनाई खानेपानीसंगै आधुनिक सिंचाइका योजनाहरुमा प्रयोग गर्दा जीविकोपार्जनमा पनि योगदान पुग्दछ। खेरजाने पानीले समुदायको वातावरणलाई फोहोर तुल्याउनुका साथै विभिन्न रोगहरु/महामारीहरु समेत निम्त्याउन सक्ने, लामखुट्टे, झिंगा जस्ता किराहरुको प्रकोप बढ्ने हुँदा त्यसको उचित व्यवस्थापनको नीति गरिनुपर्दछ। जलउपयोग गुरुयोजना निर्माणका क्रममा मष्टागाउँपालिका भित्र पानीको उत्पादनशिल प्रयोग गर्न सक्ने अवस्था पर्याप्तरहेको र पानीको बहुउपयोगीता तथा दिगो संस्थागत व्यवस्थापन हुनुपर्नेमा सरोकारवालाहरुको साझाबुझाई रहेको छ।

मष्टा गाउँपालिकाले गाउँपालिकाभित्र रहेका जलस्रोतहरुको उपयोग खानेपानी तथा सरसफाइका अतिरिक्त उत्पादनशिल क्षेत्रमा उपयोग गर्न प्राथमिकता दिने नीति लिनेछ। गाउँपालिकामा रहेको जलस्रोतहरुको संरक्षण तथा उच्चतम उपयोग गरी कुलो सिंचाइ, सुधारिएको पानीघट्ट, लघु साना जलविद्युत, पानीको बहुउपयोग जस्ता उत्पादनमुलक क्षेत्रमा उपयोग गर्न यस्ता आयोजनाहरु तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिनेछ ।

### ४.६ प्रविधि विकल्प

जलवायु परिवर्तन लगायत प्रकृतिमा हुँदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरुमा पानीको बहाव कम हुँदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुँदा पहिरो जाने, खोला नजिकका बस्तीहरु बाढी कटानमा पर्ने समस्याहरु दिनानुदिन बढ्दै गरिरहेका छन् । त्यसकारण जलस्रोतको समुचित उपयोगका मष्टा गाउँपालिकाले देहायका विभिन्न बिकल्प तथा प्रविधिहरु अवलम्बनको नीति लिइएको ।

- मष्टा गाउँपालिकामा खानेपानीको मुख्य स्रोतहरू मुहान, खोलाहरु रहेको र ति पानीका श्रोतहरुमा विभिन्न भौतिक तथा जैविक प्रदुषण हुने सक्ने भएकोले सकेसम्म सबै खानेपानी योजनाहरुमा पानी शुद्धीकरण सहितका संरचना निर्माण गर्ने र घरायसी स्तरमा पानी पनि शुद्धीकरण गर्ने उपायहरुको अधिकतम प्रयोगका लागि आवश्यक पहल गरिने छ।
- बर्षातको समयमा गाउँपालिका बस्तीहरु पहिरोको खतरा हुने हुँदा त्यस्तो बेलाका लागि खानेपानी तथा सिंचाइ योजनामा बन्ने संरचनाहरुलाई प्रकोप खप्न सक्ने हिसाबले निर्माण गर्ने र स-साना प्रविधिहरु जस्तै; संरचनाको माथि तिर भल तर्काउने, धाराहरुको पानी खेरजान नदीने, मुहान संरक्षण र मुहान माथि वृक्षरोपण गर्ने र पानी दुषित हुनबाट जोगाउन खुला

चरिचरन बन्द गर्ने, शौचालयहरु मुहान माथि वा नजिकै नबनाउने जस्ता क्रियाकलापहरुमा जोड दिने।

- पाइप प्रणाली (ग्राभीटि) बाट खानेपानी आपूर्ति गर्न नसकिने बस्ति/समुदायहरुमा सोलार/बिद्युत लिफ्ट जस्ता प्रविधिहरुबाट खानेपानी आपूर्ति गर्ने र त्यस्तो पनि बिकल्प नभएको अवस्थामा बर्षातको पानी सङ्कलन गर्ने प्रबिधिका योजनाहरु निर्माण गरिने छ।
- पानीको बहु-उपयोग हुने खालका योजनाहरुको सुरुवात गरिने र त्यस्ता योजनाहरुलाई निर्माणका लागि प्राथमिकता दिइनेछ ।

## ४.७ मापदण्डमा आधारित प्राथमिकिकरण औजार र उपयोग

यस गाउँपालिकामा रहेका विद्यमान योजनाहरुलाई वडा स्तर देखि पालिका सम्म प्रस्तुतिकरण पश्चात जलउपयोग गुरुयोजनाकोमापदण्ड अनुसार प्राथमिकीकरण गरिएको छ। यसमा खानेपानी योजना देखि अन्य स्वास्थ्य सरसफाईसंग सम्बन्धित सम्पुर्ण योजनाहरुको बर्तमान अवस्थालाई केलाउदै सुशासन कायम हुनेगरी योजनाको तर्जुमा र प्रथमिकिकरण गरिने हुवा न्यायोचित जलस्रोतको वितरणका लागि यो अतिनै महत्वपुर्ण रहेको छ।

## ४.८ श्रोत संरक्षण

मष्टा गाउँपालिकाले गाउँपालिका भित्र रहेका पानीका स्रोतहरुको संरक्षणका लागि दीर्घकालीन रणनीति निर्माण गर्नका साथै समुदाय स्तरमा पानीको दिगो उपयोग र पुस्तान्तरणका लागि क्षमता विकास र जनचेतना अभिवृद्धि गर्नुपर्ने सरोकारवालाहरुको बुझाई रहेको छ। एकातिर खानेपानीका स्रोतहरु जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका योजनाहरुका कारण विनाशभईरहेका, विकासका विभिन्न पूर्वाधारजन्य गतिविधिहरुले गर्दा पानीका स्रोतहरु सुक्दै र हराउदै गईरहेका छन्। बढ्दो जनसंख्या, शहर केन्द्रित जनघनत्व, नयाँ प्रविधि र जिवनसैली, उद्योग धन्दा आदि कारणहरुले समुदायमा पानीको माग बढ्दै गईरहेको छ। समुदायको बढ्दो पानीको माग, पर्यावरणको संरक्षण र सुक्दै तथा हराउदै गईरहेका स्रोतहरु बीचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरुका साथै प्रयोग नभएका स्रोतहरुको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ। यसका लागि स्रोतहरुको वरिपरी खुला चरिचरण नगर्ने/नगराउने, पानीका स्रोतहरुको वरिपरी घेरबार गर्ने तथा फोहर हुनबाट बचाउने जस्ता क्रियाकलापहरु पर्दछन। त्यसैगरी पानीका सुक्दै गइरहेका स्रोतहरुको संरक्षणका लागि वर्षातको पानीलाई जमिन भित्र पठाउने खाडल

(RechargePits), स्रोतहरुको माथि पुर्नभरण पोखरीका साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण आदि गर्न सकिन्छ। खुला चरिचरन, आगलागी, जंगल फडानी आदिलाई निरुत्साहित पार्ने, योजनाबद्द विकास निर्माण योजनाहरु थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरी जलाधारहरु बिच विवाद समाधान सहित क्षमता अभिवृद्धि र विवेकपूर्ण उपयोगको वातावरण निर्माण गर्न आवश्यक देखिन्छ साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा वायो ईन्जिनियरिङ विकल्प सहित संरचना निर्माण गर्ने, प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, पालिका स्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पहल गरिनेछ ।

# अध्याय पाँच : जलउपयोग गुरुयोजना

यस मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजनाको समिक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधीहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार पालिका, वडातथाबस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई योजलउपयोगगुरुयोजनानिर्माण गरिएको छ । गाउँपालिकाले हाललाई पञ्चबर्षीय गुरुयोजनाका रुपमा (आ.ब. २०८०/०८१ देखि २०८४/०८५) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरि गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य राखिएकोछ। यस गाउँपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा तथालगानीनीतिसम्बन्धीगोष्ठिमातय गरिएको छ। यस पालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि दीगो विकास लक्ष्य (सन् २०३०) अनुसार नेपाल सरकारको लक्ष्य पुरा गर्न निम्न अनुसारका परिकल्पनाहरु र रणनीतिहरु अवलम्बन गर्नेछ।

सान्नी त्रिवेणी गाउँपालिकाले पालिका स्तरीय जल उपयोग गुरुयोजनालाई अन्तिम रुप दिनका लागि २०८० साल असार महिनामा पालिका स्तरीय योजना तर्जुमा तथा लगानी नीति सम्वन्धी गोष्ठिको आयोजना गरिएको थियो। उक्त गोष्ठिमा गाउँपालिका स्तरीय खानेपानी,सरसफाइ तथा स्वच्छता समन्वय समिति (M-WASH-CC) बिषयगत शाखाका प्रमुखहरू, कार्यपालिका सदस्यहरू, राजनितिक दलका प्रतिनिधि, खानेपानी र सरसफाइको क्षेत्रमा काम गर्ने सरोकारवाला,संघ संस्थाका प्रमुख वा प्रतिनिधीहरू को सक्रिय सहभागिताका साथ योजनाहरू को पहिचान तथा प्राथमिकीकरण गरिएको छ ।वडास्तरीय योजना तर्जुमा गोष्ठि बाट सिफारिस गरिएका योजना तथा तथ्याङ्कलाई आधार मान्दै आवश्यक तथ्याङ्कलाई अद्यावधिक गरेर गाउँपालिकाले योजना तर्जुमा गरिएको छ।

### ५.२.१ जल उपयोग गुरुयोजनाको परिकल्पना

गाउँपालिकाले जलश्रोत क्षेत्रको समष्टिगत तथा क्षेत्रगत दिर्घकालिन परिकल्पनाहरु तयार गरेकोछ ।
जलश्रोत क्षेत्रको समष्टिगत दिर्घकालिन परिकल्पना

"खानेपानी सरसफाइ तथा स्वच्छता हामी सवैको चाहना

एक घर एक धारा स्वच्छ खानेपानी मष्टा को कामना"

यसै दिर्घकालिन परिकल्पनालाई स्वीकृत गरि सान्नी त्रिवेणी गाउँपालिकाले जलश्रोत क्षेत्र का समग्र क्रियाकलापहरुलाई केन्द्रित गर्ने निर्णय गरेको छ।

### ५.२.२ जल उपयोग गुरुयोजनाको लक्ष्य

यस जलउपयोग गुरुयोजनाको लक्ष्य "मष्टा गाउँपालिकामा जलश्रोतको न्यायोचित, किफायती तथा दिगो उपयोग मार्फत समृद्ध मष्टा निर्माण गर्ने रहेको छ।" यसरी दीर्घकालीन परिकल्पना र बृहत लक्ष्य तय गरि जलश्रोत क्षेत्रका समग्र क्रियाकलापहरु कार्यान्वयन गर्ने र आगामी ५ वर्ष भित्र सुखी र समृद्ध मष्टा बनाउने अभियानका साथ अगाडी वढ्ने प्रतिज्ञा गाउँ कार्यपालिका मार्फत गरिएको छ।

### ५.२.३ जल उपयोग गुरुयोजनाको उद्देश्यहरु

मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजना तयार गर्नुको प्रमुख उद्देश्य मष्टा गाउँपालिका क्षेत्र भित्र खानेपानी, सरसफाइ तथा स्वच्छता को विद्यमान परिदृश्य को पहिचान गरि गरिव तथा विपन्न समुदायमा गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गरि प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस जलश्रोत गुरुयोजनाका अन्य केहि विशिष्ट उद्देश्यहरु रहेकाछन, जुन यस प्रकार रहेका छन।

यस जलउपयोग गुरुयोजनाको समग्र उद्देश्य स्थानीय समुदायकै सहभागितामा गाउँपालिकामा उपलब्ध जलश्रोतहरुको पहिचान र तिनको खानेपानी, सरसफाइ, सिंचाइ, जलउर्जा तथा अन्य आय आर्जन प्रयोजनहरुका लागि दिगो योजनाहरु तर्जुमा गर्ने हो। यसका अन्य विशिष्ट उद्देश्यहरु यस प्रकार छन्।

- यस जलउपयोग गुरुयोजना अवधिमा ५० प्रतिशत जनसंख्यामा आधारभूत तहको, ५० प्रतिशत जनसंख्यामा स्वच्छ तथा सुरक्षित खानेपानीको पहुँच पुर्‍याउने ।
- योजना अवधिभित्र ६५८० हेक्टर क्षेत्रमा सिंचाइ सुविधा वृद्धि गरी खाद्यान्नमा पालिकालाई अत्मनिर्भर उन्मुख बनाउने ।
- जलश्रोतको क्षेत्रमा दीर्घकालिन लक्ष्य र उद्देश्यमा लगानी प्राप्त गरि खानेपानी, सरसफाइ, सिंचाइ, जलउर्जा तथा जलश्रोतसंगसम्बन्धित सबै योजनाहरुकोकार्यान्वयन गर्ने ।

- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धी भौतिक पूर्वाधार, संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने जलश्रोत र प्राकृतिक वातावरणीय स्रोतको संरक्षण गर्ने ।
- गाउँपालिका भित्र रहेका खेती योग्य जमिनमा सिंचाइको व्यवस्था गरी आधुनिक कृषि प्रणालीलाई अवलम्बन गर्दै नगदे वालीमा प्रोत्साहन गर्दै सडक संजालमार्फत बजारीकरण गर्ने।
- पूर्ण सरसफाइ र स्वच्छता प्रवर्धन गरी गाउँपालिकालाई पुर्ण सरसफाइ क्षेत्रको रुपमा विकास गर्न सहयोग गर्ने।
- जललश्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताकायम गर्ने।

## ५.२ गुरुयोजनाको सारांस

"मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजना, २०८१"तयार गर्ने क्रममा पालिका भित्रका मुख्य सुचनादाता तथा सम्बन्धित समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामुलक प्रक्रियाहरु अबलम्वन गरिएका थिए । गुरुयोजनालाई यथार्थपरक र जिवन्त बनाउन अध्ययन अनुसन्धानका आधुनिक विधि र प्रक्रिया अबलम्वन गरिएको थियो । जलउपयोग गुरुयोजनामा सहभागितात्मक योजना तर्जुमा प्रकृया मार्फत वडा तथा पालिकाले पहिचान गरि प्राथमिकता निर्धारण गरेका जलस्रोत सम्बन्धी योजनाहरू रहेका छन । यस पाँचवर्षे योजनाको अवधि आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ रहेको छ भने २०८१/८२ लाई आधार वर्षका रुपमा लिइएको छ। यस अवधिमा खानेपानीका, सरसफाइका, लघु सिंचाइ तथा सिंचाइ योजनाका, जलस्रोत संरक्षण तथा वातावरण संरक्षणका, र जलऊर्जाका गरेर जम्मा • वटा आयोजनाहरू तर्जुमा गरी कार्यान्वयनको लागि प्राथमिकता निर्धारण गरिएको छ। तर्जुमा गरिएका आयोजनाहरुमा नयाँ आयोजनाहरुका अतिरिक्त विद्यमान आयोजनाहरुको मर्मत र पुर्ननिर्माण तथा विस्तार गरी छुटेका घरधुरी तथा सेवाक्षेत्र समेट्ने र सेवास्तर वृद्धि गर्ने आयोजनाहरु समेत तर्जुमा भएका छन् ।

गुरुयोजनामा प्रस्तावित नयाँ योजना बाहेक विद्यमान पुराना योजनाहरु पनि कतिपय योजना सामान्य मर्मत गर्नुपर्ने अवस्था मा रहेका छन भने कतिपय पुननिर्माण गर्नुपर्ने अवस्थाका छन। नयाँ तथा पुराना यी योजनाहरु लाई पनि योजनाको अवस्थाका आधारमा प्राथमिकता निर्धारण गरिए को छ र

गाउँपालिकाले प्राथमिकताका अधारमा हरेक वर्षको वार्षिक नीति तधा कार्यक्रममा समावेश गरि कार्यान्वयन गर्दै जानेछ। योजना कार्यान्वयन का लागि गाउँपालिकाको आफ्नो श्रोतले मात्र सम्भव नहुने भएको हुँदा विभिन्न संघ संस्था तथा विकासका साझेदारहरुसँग पनि समन्वय तथा सहकार्य कोरणनीतिलिएकोछ। यसरी तर्जुमा गरिएका योजनाहरुको वडागत विवरण तालिका मा उल्लेख गरिएको छ । यस पाँचवर्षे योजनामा परेका खानेपानी, सिंचाइ, वातावरण पर्यावरण तथा जलऊर्जा सम्बन्धी आयोजनाहरूको कुल अनुमानित लागत रु २५२,०००००० रहेको लागत अनुमान गरिएको छ .पञ्चवर्षीय योजना अवधिमा खानेपानी आयोजनाहरुका लागि रु ६,७०,००,००० सरसफाइ आयोजनाहरुका लागि रु ७०,००,००० लागत अनुमान गरिएको छ। यसै गरी सिंचाइ तथा सिंचाइ कुलो योजना निर्माणका लागि रु २,००,००,००० लागत र वातावरण तथा प्रयावरण योजनाको लागि ९,५०,००,००० लागत अनुमान गरिएको छ। मष्टा गाउँपालिकाको जलउपयोग गुरुयोजनाको पाँचबर्षे आवधिक योजना तर्जुमाको सारांस तलको तालिका बाट थप स्पष्ट पारिएको छ।

तालिका ३६ : मष्टा गाउँपालिकाको पञ्चवर्षीय जलउपयोग गुरुयोजनाको सारांस तालिका

| विषयगत क्षेत्र | योजना संख्या | अनुमानित लागत |
|---|---|---|
| खानेपानी | ८७ | ६,७०,००,००० |
| सरसफाई तथा स्वच्छता | ६०० | ७००,००,००० |
| सिचाई | २६ | २,००,००,००० |
| वातावरण तथा प्रयावरण | ८० | ९,५०,००,००० |
| जम्मा | | २५२,०००००० |

५.२.१ खानेपानीका योजनाहरु

मष्टा गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत खानेपानीको सेवास्तर वृद्धि गर्नको लागि ८७ वटा नयाँ आयोजना तर्जुमा गरेको छ। प्रस्तावित योजनाहरुले १५५३ घरधुरीलाई प्रत्यक्ष फाइदा पुर्‍याउनेछ । यसका अतिरिक्त ५ वटा आयोजना मर्मत पुर्ननिर्माण तथा सेवा विस्तार गरी खानेपानी सेवास्तर वृद्धि गर्नको लागि तर्जुमा भएको छ जसले ३२ घरधुरीहरु लाभान्वित हुनेछन । पाँचवर्ष भित्रमा कार्यान्वयन सम्पन्न गर्ने गरी तर्जुमा भएका खानेपानी आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३७ : पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका खानेपानी आयोजनाहरुको विवरण

| वडा नं | नया प्रस्तावित योजनाहरु | | | मर्मत सम्भार तथा पुनः निर्माण गर्नुपर्ने योजनाहरु | | |
|---|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी | लागत अनुमान | योजना संख्या | लाभान्वित घरधुरी | लागत अनुमान |
| १ | १ | २३ | ८००००० | १८ | १८० | १२६००००० |
| २ | २ | ४५ | १५००००० | १२ | १६७ | ९३०४००० |
| ३ | ० | ० | ० | १० | १९८ | ७४४०००० |
| ४ | १ | ३८ | ८४०००० | १२ | १०४ | ९१००००० |
| ५ | ० | ० | ० | ८ | १०७ | ६७२४००० |
| ६ | ० | ० | ० | ९ | १६३ | ७७३१००० |
| ७ | १ | ३७ | ९४०००० | १३ | २०२ | १००२१००० |
| जम्मा | ५ | १४३ | ४०८०००० | ८२ | ११२१ | ६२९२०००० |

### ५.२.२ सरसफाइ योजनाहरु

मष्टा गाउँपालिका खुलादिसामुक्त क्षेत्र घोषणा भएको गाउँपालिका हो तथापी अझै पनि केहि घरपरिवारमा शौचालयको सुविधा रहेको छैन। अस्थायी शौचालयहरु मर्मत संभार गर्नुपर्ने अवस्थामा रहेका छन भने बढ्दो शहरीकरणका कारण कतिपय सार्वजनिकस्थलहरु मा सार्वजनिक शौचालयको पनि आवश्यकता देखिन्छ। यसका साथै बढ्दो यातायातको चाप र यात्रुहरुको ओहर दोहर ले गर्दा सडक मार्गको बजार क्षेत्रहरुमा अत्यधिकमात्रा मा ठोसफोहर खुला दिसापिसाब बढ्दै गईरहेको पाइन्छ । गाउँपालिकाले सरसफाइको विद्यमान अवस्था तथा बढ्दो शहरीकरणलाई मध्येनजर राख्दै डम्पिङसाइट निर्माण तर्फ पनि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। सान्नी त्रिवेणी गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत गाउँपालिका भित्रका सबै वडाहरुमा सरसफाइको सेवा स्तर वृद्धि गर्नका लागि पालिकास्तरीय १५ वटा सार्वजनिक शौचालयको प्रस्ताव गरेको छ भने फोहर व्यवस्थापनका लागि ल्यान्डफिल्ड साइड निर्माणको प्रस्ताव गरेकोछ । पाँच वर्ष भित्र मा कार्यान्वयन सम्पन्न गर्ने गरि तर्जुमा भएका सरसफाइ आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका ३८: पञ्चवर्षीय योजना अन्तरगत सरसफाइ योजनाहरुको विवरण

| वडा नं | योजना संख्या | लाभान्वित घरधुरी | लागत अनुमान |
|---|---|---|---|
| १ | ४ | १३४ | ९३०४००० |
| २ | ६ | २०१ | १००५०००० |
| ३ | ७ | १८७ | १००२०००० |
| ४ | ७ | १७६ | ९८९४००० |
| ५ | ८ | २०४ | ११०३४००० |
| ६ | ३ | १६७ | ८५८८००० |
| ७ | ६ | २०५ | १११७०००० |
| जम्मा | ४१ | १२७४ | ७००००००० |

### ५.२.३ बहुउपयोगी योजनाहरु

मष्टा गाउँपालिकामा गुरुयोजना निर्माणका क्रममा बहुउपयोगी योजनाको प्रस्ताव र तर्जुमा नभएको भए पनि पानीका स्रोतहरुको विस्तृत सर्वेक्षण र गुरुयोजना कार्यान्वयन चरणमा गरिने योजनाको पूर्व सम्भाब्यता अध्ययनका अधारमा श्रोतको क्षामता अनुसार पानीको बहुउपयोगिता सहितका योजना निर्माण हुने सम्भावना रहेको छ । पानीको उत्पादनशीलता र बहुउपयोगीतामा जोड दिदा जीविकोपार्जनमा टेवा पुग्ने र समृद्ध पालिका बनाउने अभियानमा समेत मद्दत पुग्नेछ।

### ५.२.४ सिंचाइ योजनाहरु

मष्टा गाउँपालिकाले पञ्चवर्षीय जलउपयोग गुरुयोजना अन्तर्गत गाउँपालिकामा रहेका जलस्रोतहरुको अधिकतम उपयोग गरी सबै वडाहरुमा सिंचाइ कुलो योजनाहरु तर्जुमा गरेको छ। गुरुयोजना अवधिभर मा कार्यान्वयन सम्पन्न गर्ने गरि तर्जुमा भएका परम्परागत कुलो सिंचाइ आयोजनाहरुको लागत अनुमान विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रस्तावित नयाँ सिंचाइ योजनाहरुका अलावा २० वटा विद्यमान सिंचाइ योजनाहरुको मर्मत सम्भार/पुर्ननिर्माण/सेवा विस्तार गर्ने योजना पनि पालिकाले बनाएको छ।

तालिका ३९: वडागत रुपमा सिंचाइ योजनाहरुको विवरण

| वडा नं | | नया प्रस्तावित योजनाहरु | | मर्मत सम्भार तथा पुनः निर्माण गर्नुपर्ने योजनाहरु |
|---|---|---|---|---|

| | योजना संख्या | लाभान्वित घरधुरी | सिंचित क्षेत्रफल हेक्टर | लागत अनुमान | योजना संख्या | लाभान्वित घरधुरी | सिंचित क्षेत्रफल हेक्टर | लागत अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २३ | ६५ | ६४०००० | ५ | १८० | २०४ | २७०००००० |
| २ | २ | ४५ | १०२ | ३४५०००० | ४ | १६७ | १०५ | २४३२००० |
| ३ | १ | ७८ | ७६ | ८७९००० | १ | १९८ | ८० | ८२५००० |
| ४ | १ | ३८ | ७८ | ९०२००० | ३ | १०४ | १५० | २९४०००० |
| ५ | २ | ९८ | १४० | ११३२००० | १ | १०७ | ७८ | १२००००० |
| ६ | २ | १०६ | ६५ | १२२२००० | ३ | १६३ | २०४ | २२३०००० |
| ७ | १ | १३२ | ७७ | ४९८००० | ३ | २०२ | २०७ | ३२४१००० |
| जम्मा | १० | ५२० | ६०३ | ८६७३००० | २० | ११२१ | १०२८ | ११३२७००० |

### ५.२.५ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजना

यस गाउँपालिकामा नदी तथा अन्य खोलाहरुको कटान, पहिरो, बषार्तको भल तथा बाढीर जलवायु परिवर्तनको प्रत्यक्ष असरहरुले गर्दा पर्यावरण र वातावरण व्यवस्थापनका क्रियाकलापहरु आवश्यक रहेका छन्। हाल भइरहेको जलवायु परिवर्तनका असरहरु अझ आक्रामक हुने संभावना रहेको देखिन्छ। नयाँ संरचना संगै विकासमा बढ्दो जनआकांक्षा तथा नयाँ सडक ट्रयाक खोल्ने कार्यहरु, सडक विस्तार योजना लगायतले जोखिम झनै थपिने अनुमान गर्न सकिन्छ वातावरण तथा पर्यावरण क्षेत्रमा देखिएको विद्यमान समस्यालाई मध्येनजर गर्दै जल उपयोग गुरुयोजनामा विपद् जोखिम न्यूनीकण, वातावरण संरक्षण तथा पर्यावरण सँग सम्बन्धित विभिन्न योजनाहरु प्रस्ताव गरिएका छन।प्रस्तावित योजनाहरुमा पानीका स्रोतहरु संरक्षण, नदी कटान नियन्त्रण, उचित निकास, वृक्षारोपण आदि रहेका छन। विपद् जोखिमन्यूनीकण, वातावरण संरक्षण तथा पर्यावरण सँग सम्बन्धित विभिन्न खाले वटा योजनाहरु जलउपयोग गुरुयोजना मा प्रस्ताव गरिएका छन। प्रस्तावित योजनावाट नजिकका समुदायहरु प्रत्यक्ष लाभान्वित हुने भएकोले आयोजनाहरुका लाभान्वित घरधुरी संख्या धेरै देखिएको छ।गाउँपालिकाले आगामी दिनमा वातावरण तथा पर्यावरण सँग सम्वन्धित योजनाहरु संचालन गर्दा गुरुयोजनामा प्रस्तावित योजनाहरुलाई प्राथमिकता दिइ योजना कार्यान्वयन गर्नेछ। वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरुको वडागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ४० : पञ्चवर्षीय योजना अन्तरगत तर्जुमा भएका स्रोत संरक्षण तथा वातावरण संरक्षण आयोजनाहरुको विवरण

| वडा नं | योजना संख्या | प्रस्तावित योजनाहरुको विवरण | | | |
|---|---|---|---|---|---|
| | | लाभान्वित घरधुरी | योजनाको किसिम | योजनाको प्रकृति | लागत अनुमान |
| १ | ४ | १६४ | नयाँ | तटबन्धन/सामुदायिक वन | १४०८७००० |
| २ | ३ | ३२४ | नयाँ | सामुदायिक वन | १४३८०००० |
| ३ | २ | १०९ | नयाँ | सामुदायिक वन | १०८४६००० |
| ४ | ४ | १७६ | नयाँ | तटबन्धन | १६५६०००० |
| ५ | ३ | १०३ | नयाँ | तटबन्धन | १०५८०००० |
| ६ | २ | २४३ | नयाँ | तटबन्धन | ११५००००० |
| ७ | ६ | ४५९ | नयाँ | सामुदायिक वन | १७०४७००० |
| जम्मा | २४ | १५७८ | | | ९५०००००० |

## अध्याय छः

## गुरुयोजना कार्यान्वयन र बजारीकरण र अद्यावधि

### ६.१ गुरुयोजनामा लगानीका लागि अल्पकालिन, मध्यम र दिर्घकालिन योजनाहरु

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ति तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट सङ्कलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरि सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण गरिएको र गाउँपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट योजनाहरुको प्राथमिकीकरण थपपरिष्कृत भएको छ । गाउँपालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरु, सबै वडाका जनप्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजीविहरु र गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरुको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई प्रभावकारी बनाउन मद्धतपुगेकोछ। यस जलउपयोग गुरुयोजनाको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आफुसंग भएको क्षमताको विश्लेषण गरि सम्भावित साझेदारहरुको पहिचान, स्रोतहरुको खोजी गरि ति स्रोतहरुको आधारमा जलउपयोग अल्पकालिन / मध्यमकालिन र दीर्घकालिन योजनाहरु समावेश गरिएका छन ।

तालिका ४२ : गुरुयोजनामा प्रस्तावित योजना र लगानी नीति

| पञ्चवर्षिय जलउपयोग गुरुयोजनामा आवश्यक श्रोतको लगानी | | | | | | |
|---|---|---|---|---|---|---|
| लगानीका श्रेत्रहरु | योजना संख्या | अनुमानित लागत | सम्भावित लगानी साझेदार | | | |
| | | | गाउँपालिका | प्रदेश सरकार | संघीय सरकार | गै.स.स/दातृ निकाय |
| खानेपानी | ८७ | ६,७०,००,००० | २५% | २५% | ३५% | १५% |
| सरसफाई तथा स्वच्छता | ४१ | ७००,००,००० | २५% | २५% | ३५% | १५% |
| सिचाई | ३० | २,००,००,००० | २५% | २५% | ३५% | १५% |
| वातावरण तथा प्रयावरण | २४ | ९,५०,००,००० | २५% | २५% | ३५% | १५% |

**अल्पकालीन लक्ष्य योजनाहरु (पहिलो र दोश्रो बर्ष):-** गाउँपालिकाले जलउपयोग गुरुयोजना भित्र समावेश गरिएका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी व्यवस्थापनका लागि जलउपयोग गुरुयोजनालाई गाउँकार्यपालिका र सभाबाट अनुमोदन गर्नेछ र गाउँपालिकाले आफ्नो लगानी सुनिश्चित गरि यदि सो लगानी योजनाहरुको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाह्य स्रोतहरुको खोजी गर्नेछ।

**खानेपानी सेवाः**

- ५०% आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुराउने।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ४०%
- सुरक्षित् खानेपानी व्यवस्था भएको सेवास्तर उपभोग गर्ने जनसंख्या १०%

**सरसफाइ सेवाः**

- सबै घरधुरी तथा मौसम अनुसार अस्थाई बसाइ गर्ने गरेको सबै घरहरुमा समेत सुरक्षित् चर्पीको प्रयोग गरेको हुनेछ ।
- सधैं चर्पीको प्रयोग गर्ने जनसंख्या ९९%
- व्यवस्थित चर्पी प्रयोग गर्ने अर्थात् साबुन पानीले हात धुने व्यवस्था भएको चर्पी प्रयोग गर्ने जनसंख्या ८५%
- अपांगता भएका व्यक्ति भएका घरहरुमा खानेपानी र शौचालयको पहुँच अपांगता मैत्री भएको घरसंख्या ७५%
- पूर्ण सरसफाइ अभियान सबै वडाहरुमा सञ्चालन भएको

**परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवाः**

- पालिकाको १०.१५% खेति योग्य जमिनमा थप व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ

**जलउर्जा सेवाः**

- सबै वडाहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

**स्रोत तथा वातावरण संरक्षणः**

- उपयोगमा रहेका ५०% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हुनेछ ।

**मध्यमकालिन योजनाहरु (तेश्रो तथा चौथो बर्ष):-** गाउँपालिकाले मध्यमकालिन योजनाको रुपमा जल उपयोग गुरुयोजनामा प्राथमिकिकरण गरिएका क्षेत्रगत योजनाहरुको अवस्था, स्रोतहरुको उपलब्धताको आधारमा निर्माणसम्पन्न भएका खानेपानी योजनाहरुबाट सम्भव भएमा सेवा विस्तार र सम्भव नभएमा प्राथमिकता अनुसार खानेपानी योजना, सिंचाइ कुलोहरुको विस्तार र वातावरण तथा पर्यावरण तर्फ प्राथमिकीकरण गरिएका योजनाहरु मध्ये कम्तिमा ५०% योजनाहरुको कार्यान्वयन गर्ने नीति लिनेछ।

**खानेपानी सेवाः**

- सबै आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुराउने ।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ६०%
- सुरक्षित् व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ३०%

**सरसफाइ सेवाः**

- पालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणाका लागि अधार तयार भएको हुनेछ ।
- नयाँ निर्माण भएका योजना सबै पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भएका हुने ।

**परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवाः**

- पालिकाको १२% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।
- जलउर्जा सेवाः सबै वडाका ठुला बस्तीहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

**स्रोत तथा वातावरण संरक्षणः**

- उपयोगमा रहेका १००% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हुनेछ।

**दीर्घकालिन लगानी योजना (५ बर्ष देखि माथि)ः** जलउपयोग गुरुयोजनामा लगानीको दीर्घकालीन योजनाको रुपमा गाउँपालिकाले यस जल उपयोग गुरुयोजनाको समिक्षा गरि प्राथमिकिकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरु मध्ये कति कार्यान्वयन गर्न सकिए, कति सकिएनन् लगायत जल

उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्दा भएका सिकाईहरुको समेत समिक्षा गरि यदि जल उपयोग गुरुयोजना अद्यावधिक गर्नुपर्ने देखिएमा अद्यावधिक गरि थप प्राथमिकता निर्धारण गरि समय सापेक्ष हुने गरि योजनाहरुको कार्यान्वयन गर्नेछ ।

**खानेपानी सेवाः**

- सबै आयोजनाहरुको खानेपानी सेवास्तर सुरक्षित् व्यवस्था भएको स्तरमा पुराउने ।
- सुरक्षित् व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ९०%

**सरसफाइ सेवाः**

- पालिका "पूर्ण सरसफाइ क्षेत्र" घोषणा भएको हुनेछ।
- सबै वडाहरु पूर्ण सरसफाइ क्षेत्र घोषणा भएको हुनेछ ।

**परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवाः**

- पालिकाको १५% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

**जलउर्जा सेवाः**

- पालिकाका सबै मुख्य बस्तीहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

**स्रोत तथा वातावरण संरक्षणः**

- पालिकाका सबै जलस्रोत क्षेत्रहरु व्यवस्थित संरक्षण भएको हुनेछ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालिन र दीर्घकालीन योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिकाले कार्यपालिकामा थप छलफल र निर्णय गरि हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा गाउँलिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरुबाट हुने लगानीको प्रक्षेपण गर्नेछ र बार्षिक रुपमा जलउपयोग गुरुयोजनाका क्षेत्रगत योजनाहरु कति कार्यान्वयन भए भन्ने कुराको समिक्षा गर्ने संयन्त्रको विकास गर्नेछ ।

यसका अतिरिक्त जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति तथा कार्यविधि/निर्देशिका गाउँलिकाले निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानवस्रोत सहितको संयन्त्रको विकास गर्नेछ। त्यो संयन्त्रले अन्य क्षेत्रगत संयन्त्रहरुसंग समन्वय, सहकार्य र जलउपयोग गुरुयोजनाको प्राथमिकताक्रममा रहेका योजना तथा क्रियाकलापहरुको कार्यान्वयन र व्यवस्थापनका लागि एकीकृत रुपमा योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नेछ ।

६.२ पहिलो वर्षको कार्यान्वयन योजना

यस मष्टा गाउँपालिकाको जलउपायेग गुरुयोजना कार्यान्वयनको लागी प्राथमिकताक्रम अनुसार पहिलो वर्षका लागि ५ वटा खानेपानी योजनाहरु ५ वटा सिंचाइ कुलो योजनाहरु र १५ वटा सार्वजनिक शौचालय र कम्तीमा ५ वटा वातावरण तथा पर्यावरणका योजनाहरुलाई कार्यान्वयन गरिनेछन। त्यस्तै हाल शौचालय नभएका घरधुरीहरुमा शौचालय निर्माण गराउन सम्बन्धित वडाहरु मार्फत कार्यक्रमहरु संचालन गरिने छन। यस्तै विद्यालय खानेपानी तथा सरसफाइका योजनाहरुलाई पनि प्राथमिताका साथा अगाडि वढाउने गरिकार्यक्रम संचालन गरिने छन। पहिलो आ. वमाकार्यान्वयन गरिने योजनाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएका छन।

६.३ बजारिकरण रणनीति तथा सरोकारवालाको पहिचान

मष्टा गाउँपालिकाले जलउपयोग गुरुयोजना तयार भए पश्चात पहिलो प्राथमिकतामा परेका योजनाहरुको कार्यान्वयन गर्नका लागि आवश्यक लगानी व्यवस्थापनका लागि विकासका साझेदारहरु सँगको समन्वय तथा सहकार्यमा योजना बाँडफाँट गरी योजना कार्यान्वयनको सुनिश्चितता गर्नेछ। गाउँपालिकाले गुरुयोजनाको प्रचारप्रसार गरी कार्यान्वयनका लागि आवश्यक श्रोत व्यवस्थापन गर्न गाउँपालिकामा जलश्रोत क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा विकास साझेदारहरुसंग छलफल गरी जलउपयोग गुरुयोजनाको अवधारणा, प्राथमिकता र कार्यान्वयनमा साझा दृष्टिकोण वनाइनेछ। मष्टा गाउँपालिकामा गुरुयोजना कार्यान्वयनको पहिलो वर्षमा जलस्रोत विकास क्षेत्रमा लगानी सहयोग गर्न सम्भाव्यता भएका मुख्यतया देहायका निकायहरु रहेका छन् ।

१. प्रदेश सरकार

२. सङ्घीय सरकार

३. सहारा नेपाल

४. मष्टा गाउँपालिकामा कार्यरत विकास साझेदारहरु

६.४ जलाधार/श्रोतहरुको संरक्षण/व्यवस्थापन रणनीति

यस मष्टा गाउँपालिकामा रहेका जलाधार क्षेत्र र यसका श्रोतहरुको संरक्षण गर्नु आवश्यक देखिन्छ ।आगामी दिनहरुमा स्रोतहरुको उचित व्यवस्थापन र संरक्षण नगर्ने हो भने उपलब्ध स्रोतहरु हराउदै र सुक्दै जानुले निकट भविश्यमा ठुलो समस्या निम्तीन सक्छ, त्यसका लागि यस गाउँपालिकाले उचित संरक्षण र व्यवस्थापनका लागी आवश्यक रणनीतिहरु अपनाउने छ ।

- यस गाउँपालिकामा कुनैपनि संरचना निर्माण गर्दा वातावरणीय प्रभाव मुल्यांकनलाई अनिवार्य रुपमा लागु गरिने छ।
- स्थानिय स्रोत संरक्षणका लागी सरोकारवाला निकायहरुको समन्वयमा आवश्यक ज्ञान सिप तथा सिकाईकोमाध्यम बाट स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- पालिकास्तरबाट जलाधार संरक्षणका क्रियाकलापहरुलाई स्थानीय समुदायको आयमुलक जिविकोपार्जनका गतिविधिसंग जोडि वातावरणमैत्री संरचना निर्माणमा जोड दिईने छ ।
- जलाधार क्षेत्र संरक्षणका लागी पालिका स्तरमा रहेका सक्रिय समुह जस्तैः वन उपभोक्ता समुह कृषि समुहरु, खानेपानी उपभोक्ता महासंघ, महिला समुह, महिला सन्जाल, दलित सन्जाल यूवा तथा वाल कलवहरु, आमा समुह लगायत अन्य समुदायमा आधारित सामुदायीक संस्थासंग समन्वय सहकार्य साझेदारी जस्ता क्रियाकलापहरु संचालन गरिने छ।
- स्थानीय स्तरमा रहेका जल जंगल, जमिन वातावरण तथा पर्यावरण संरक्षणका लागी स्थानिय समुदायको अधिकतम सहभागिता गराईने छ ।
- जललवायू परिवर्तनको असरले सुक्दै गएका वा विकास निर्माणका नाममा गरिएका गलतमानविय क्रियाकलापहरुले गर्दा हराउदै गएका पानीका स्रोतहरु तथा ताल तलैयाहरुलाई व्यवस्थापन र संरक्षण गरि पुरानै अवस्थामा ल्याउने रणनीतिहरु अपनाईने छ।
- समुदाय स्तरमा जलस्रोतको संरक्षणका उपायहरुको बारेमा साझा सिकाईका उपायहरु संचालन गर्ने र तटिय भु-भागमा अवस्थित समुदायसंग प्रभाव पार्ने क्रियाकलापहरु संचालन गरिनेछ।

६.५ गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाक्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन पनि महत्त्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकाहरुलाई योजना कार्यान्वयन गर्ने कार्यकारी निकायका हो भने पालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गराउन स्थानिय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरुलाई परिचालन गर्न सहज हुने देखिन्छ । गुरुयोजनाको कार्यान्वयन गर्न पालिकाले नेतृत्वदाययी भूमिका निर्वाह गर्दै सबै साझेदारहरु परिचालन गरिनेछ । यो जलउपयोग गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरु गाउँपालिकाको सभा मार्फत निर्माण गरि क्षेत्रगत साझेदारहरुलाई स्पष्ट जिम्मेवारी प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गरिने रणनीति लिईनेछ।जलउपयोग गुरुयोजना आधारभुत तथ्याङ्क र एकीकृत जलस्रोत विकासको खाका तथा प्राथमिकिकृत योजना तर्जुमाको वस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधि गर्नु उपयुक्त हुन्छ। तसर्थ गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरुको/पक्षहरुको सहजिकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी आवधिक रुपमा अद्यावधिक गर्ने रणनीति अवलम्बन गर्नेछ यसको अद्यावधिकबाट गाउँपालिकाको एकीकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ । सामान्यतया गुरुयोजना कार्यान्वयन समिक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरु अद्यावधिक प्रत्येक बर्ष गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिनेछ ।

## ६.६ गुरुयोजना कार्यान्वयनका रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रका लागी एकीकृत योजना भएकाले यसकोकार्यान्वयनका लागी विभिन्न सरोकारवाला निकायहरु बिच प्रभावकारी समन्वय र सहकार्य हन जरुरी छ। जसका लागी तपशिलका रणनीतिहरु अपनाईने छ।

- पालिका स्तरमा जलउपयोग गुरुयोजनाको निर्विष्ट लक्ष र उद्देश्य हांसिल गर्नको लागी आवश्यकता अनुसार विभिन्न सरोकारवाला, विकास साझेदारहरुसंग समन्वय, वैठक, गोष्ठी र अन्तरक्रिया संचालन श्रोत लगानी र प्रतिवद्धता सहित रणनीति तयार गरिनेछ ।
- पालिका स्तरमा गुरुयोजना सम्बन्धी कार्य गर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने खालका क्रियाकलपाहरु संचालन गरिनेछ ।

- गुरुयोजना कार्यान्वयनका लागी श्रोतहरुको प्रक्षेपण, लागत सम्भाव्यताको क्षेत्र सहितको सरोकारवालामाझ समय समयमा अन्तरक्रियाकार्यक्रमहरु संञ्चालन गरिने छ ।
- जलस्रोतको विकासका सन्दर्भमा संघिय र प्रादेशिक सरकार तथा सम्बन्धित मन्त्रालय तथा विभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानीको लागि समन्वय र सहकार्य गरिने छ ।
- क्षेत्रगत योजनाहरुको लगानी सम्बन्धी विषयगत समितिको वैठकमार्फत आगामी वर्षको प्रस्तावितकार्यक्रमको उपलब्ध बजेट सहितकार्ययोजना तयार गरिनेछ ।

**मिति : २०८१/०१/०९**